पहिचान, अधिकार र सम्मान
राजपा नेपालको दृढ अडान ।

राष्ट्रिय जनता पार्टी नेपालको

घोषणा-पत्र

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन - २०७४



चुनाव चिन्ह - छाता

राष्ट्रिय जनता पार्टी नेपाल

केन्द्रीय कार्यालय : बबरमहल, काठमाडौं

लोकतन्त्र पक्षधर, गणतन्त्रका समर्थक र संघीयताप्रति समर्पित
सम्पूर्ण आदरणीय दिदीबहिनी तथा दाजुभाइहरुमा
राजपा नेपालको हार्दिक अभिवादन!

आगामी मंसिर १० र मंसिर २१ मा प्रतिनिधि सभा र प्रदेश सभाका लागि दुई चरणमा निर्वाचन हुदैँछ । यहाँहरुलाई विदितै छ, यसभन्दा पहिले गरिएका तिन चरणका स्थानीय निर्वाचनमा राजपा नेपालले पहिलो र दोश्रो चरणको निर्वाचनलाई बहिष्कार गरेको थियो । संविधानमा केही संशोधन र कानुनमा केही सुधार पश्चात् नेपाली कांग्रेस र माओवादी केन्द्रले संविधानको पूर्णताका लागि निर्वाचनपछि बन्ने प्रतिनिधि सभामा दुई तिहाइ मत पुर्याई आवश्यक सबै संशोधनका लागि सघाउने प्रतिबद्धता व्यक्त गरेपछि राजपा नेपालले प्रदेश-२ मा गरिएको तेश्रो चरणको स्थानीय चुनावमा भाग लिएको थियो । निर्वाचनमा त्यो सहभागिता लोकतान्त्रिक प्रक्रियाप्रतिको हाम्रो कटिबद्धता र शान्तिपूर्ण परिवर्तनप्रतिको हाम्रो लगावको प्रमाण हो । संविधानको पूर्णता, समावेशिताको व्यवहारिक सुनिश्चितता, नागरिकता र भाषिक अधिकारको प्राप्ति एवं समग्र मधेश र थरुहटको द्रुत विकासको चाहनासँग हामीले कुनै सम्झौता गरेका थिएनौं, छैनौं र कदापी गर्ने छैनौं । हाम्रो सङ्घर्ष जारी छ । दोश्रो संविधानसभाको निर्वाचनपछि अनेकौ अवसर, प्रलोभन र दवावका वाबजुद राजपा नेपाल स्वयम् वा यसको गठन हुनुभन्दा पहिले यसको कुनै पनि घटक दल सरकारमा गएको छैन । यो हाम्रोलागि "सत्ताभन्दा माथि मुद्दा" रहेको कुराको प्रमाण हो । आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन पनि हाम्रो जारी सङ्घर्षको एउटा महत्वपूर्ण कडी हो । पहिचान, सम्मान, स्थान र स्वाभिमान प्राप्तिको निर्वाचनरुपी लडाईमा यहाँहरुको मत हाम्रो सबैभन्दा ठुलो हतियार हुनेछ । तसर्थ, "छाता" चिन्हमा भारी मतदान गरी राजपा नेपाललाई अत्यधिक मतले धेरै भन्दा धेरै स्थानमा बिजयी गराउन यहाँहरुलाई हामी ससम्मान अनुरोध गर्दछौं । तपाईंको एक मत हाम्रो सङ्घर्षको लागि सबैभन्दा महत्वपूर्ण उर्जा हुनेछ ।

.....

महन्थ ठाकुर
संयोजक, अध्यक्ष मण्डल
राष्ट्रिय जनता पार्टी नेपाल

लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशीता, अधिकार, सम्मान र स्वाभिमानका लागि भएका हरेक संघर्ष तर विशेष रुपमा मधेश तथा थरुहटमा भएका विद्रोह र आन्दोलनको क्रममा आफ्नो ज्यानको आहुति दिने अमर शहिद एवं घाइते योद्धाहरुलाई संझदै उनीहरुको हरेक सपनालाई साकार पार्ने प्रतिवद्धताका साथ राजपा नेपाल यहाँहरु समक्ष यो घोषणा पत्र लिएर प्रस्तुत भएको छ ।



मधेशी, थारु, दलित, जनजाति, मुस्लिम र महिलाको हात
राजपा नेपाललाई मत, राजपा नेपाललाई नै साथ

विषय-सूची

१. पार्टी परिचय ५

२. प्रस्तावना ६

३. राजपा नेपालको वैचारिक एवम् राजनीतिक आधार

लोकतन्त्र ११

संघीयता ११

मिश्रीत निर्वाचन प्रणाली ११

स्वतन्त्र, स्वच्छ र प्रविधियुक्त निर्वाचन १२

कार्यकारी प्रधानमन्त्री र आलंकारी राष्ट्रपति १२

समावेसी राज्य संयन्त्र १३

साझा राष्ट्रियता १३

नेपाल सुहाउँदो अर्थ व्यवस्था १४

राष्ट्रहितमा विदेश नीति १५

४. संविधान संशोधनको सम्बन्धमा १५

५. अन्य दलहरुको बारेमा राजपा नेपालको धारणा

नेपाली कांग्रेस १६

नेपाल कम्युनिष्ट पार्टी (एमाले) १७

नेपाल कम्युनिष्ट पार्टी (माओवादी-केन्द्र) १८

वाम गठबन्धन (कम्युनिष्टहरुको अवसरवादी मिलन) १९

६. प्रमुख राष्ट्रिय चुनौति २०

अस्थिर राजनीति २०

असमावेशी राज्य संयन्त्र २१

असक्षम नेतृत्व २१

असंवेदनशिल र सुस्त कर्मचारीतन्त्र २१

भष्ट्रचार २२

अराजकता र दण्डहिनता २२

प्रभावहिन नीति अवलम्बन २२

वेरोजगारी र युवा पलायन २३

अपर्याप्त भौतिक र सामाजिक संरचना २३

असन्तुलित विदेशी नीति २४

७. राजपा नेपालको १५ प्राथामिकता २४-२९

७.१. बाढीपहिरोको स्थायी समाधान
७.२. हुलाकी मार्ग, थप सडक संजाल र रेलसेवाको विस्तार
७.३. काठमाण्डौ-निजगढ द्रुतमार्ग र निजगढ दोश्रो अन्तराष्ट्रिय विमानस्थल
७.४. जनकपुर: अन्तराष्ट्रिय पर्यटन स्थल एवं विश्व हिन्दू केन्द्र
७.५. विरगंज: नेपालको आर्थिक कारोबार र व्यापारको प्रमुख केन्द्र
७.६. विराटनगर, भैरहवा र नेपालगंज: नेपालको आर्थिक विकासको मेरुदण्ड
७.७. लुम्बिनी: अन्तराष्ट्रिय बुद्धिस्ट केन्द्र
७.८. सूचना प्रविधि र इन्टरनेट सेवाको विस्तार
७.९. युवा मैत्री नीति तथा कार्यक्रम
७.१०. महिला मैत्री नीति तथा कार्यक्रम
७.११. किसान मैत्री नीति तथा कार्यक्रम
७.१२. गरिब मैत्री नीति तथा कार्यक्रम
७.१३. वैदेशिक लगानी आकर्षण र निजी क्षेत्र प्रोत्साहन
७.१४. शहिद स्तम्भ एवं शहिद स्मारक निर्माण
७.१५. हरेक क्षेत्र, विशेष क्षेत्र

८. दीर्घकालीन द्रुत विकासका लागि नीति तथा कार्ययोजना

८.१ कृषि ३०
८.२ सिचाई ३२
८.३ ऊर्जा ३४
८.४ सडक तथा अन्य पूर्वाधार ३५
८.५ उद्योग ३५
८.६ व्यापार ३६
८.७ सहकारी ३७
८.८ पर्यटन ३७
८.९ शिक्षा ३९
८.१० स्वास्थ्य ४२
८.११ वन ४४
८.१२ भूमि ४६
८.१३ श्रम ४८
८.१४ महिला बालबालिका एवं वृद्ध-वृद्धा ४९
८.१५ युवा ५१
८.१६ खेलकुद ५२
८.१७ सूचना, सूचना प्रविधि र संचार नीति ५३

९. अन्त्यमा ५५

समुन्नत नेपाल, सम्पन्न नेपाली, सार्थक संविधान, समावेशी राज्य, समतामूलक समाज र सर्वाभौम नागरिक

पार्टी परिचय

राष्ट्रिय जनता पार्टी नेपाल (राजपा नेपाल) एक सचेत, समावेशी, सुसगंठित र सम्पूर्ण नेपालीको स्वर्णिम भविष्यप्रति सदैव समर्पित सक्षम राजनीतिक पार्टी हो। राष्ट्रिय अखण्डता, लोकतान्त्रिक शासन व्यवस्था, गणतन्त्र, संघीयता, संवैधानिक सर्वोच्चता, कानुनी राज्य र मानव अधिकारको पूर्ण प्रत्याभूतिमा विश्वास गर्ने राजपा नेपाल देशको ऐतिहासिक धरातल, बदलिँदो राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिवेश र आधुनिक समाजलाई आत्मसात गरेको एक्काइसौं शताब्दीको नव-युगीन राजनीतिक शक्ति बन्न उन्मुख एक सबल संगठन हो। हरेक राष्ट्रिय जिम्मेवारी वहन गर्न सक्ने र सम्पूर्ण देशलाई नै आफ्नो कार्यक्षेत्र मानेको राजपा नेपाल मधेशी, दलित/शिल्पी, थारु, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक समुदाय, विपन्न वर्ग लगायत बहिष्करण तथा वन्चितिकरणमा परेका र पारिएका हरेक पात्र र पक्षको राजनीतिक, आर्थिक, लैङ्गिक, सामाजिक-सांस्कृतिक र भाषिक अधिकारप्रति विशेष दायित्व बोध गर्दछ ।

लामो समयदेखि नेपाली जनताले गर्दै आएको कठोर सङ्घर्ष, त्याग र बलिदान, सात दशक भन्दा पनि बढी समयदेखि स्वतन्त्रता, लोकतन्त्र र राजनीतिक अधिकार प्राप्तिका लागि गरिएको हरेक जनआन्दोलन गणतन्त्र, संघीयता, स्वायत्तता, पहिचान, सम्मान, अधिकार, समानता, समावेशीकरण र परिवर्तनका लागि भएको एतिहासिक मधेश विद्रोह र तराई-मधेश लगायत देशका अन्य भागमा भएका विभिन्न चरणका मधेश, थरुहट, दलित, जनजाति, मुस्लिम र महिलाको अधिकार प्राप्तिका आन्दोलनहरुको जगमा उभिएको राजपा नेपाल सबै खाले विभेद, असमानता, उपेक्षा, शोषण र उत्पीडनको अन्त्य गर्न दृढ सङ्कल्पित छ।

सङ्घर्ष, आन्दोलन र विद्रोहका अनेकौं चरणमा भएका शहादत तर प्रमुख रुपमा नेपालको पछिल्लो कालखण्डमा पहिचान र अधिकारको माग गर्दै तराई-मधेशमा लोकतान्त्रिक तवरले आयोजित शान्तिपूर्ण प्रदर्शनहरुमा ठुला दलहरुको दम्भ, असहिष्णुता र अलोकतान्त्रिक आचरण साथै विभेदकारी राज्यको नश्लीय सोच, पूर्वाग्रह र अन्यायपूर्ण व्यवहारका कारणले प्रोत्साहित सुरक्षाकर्मीहरुद्वारा गरिएको व्यापक दमन, अमानवीय बल प्रयोग र पूर्व नियोजित हत्याका कारणले ज्यानको आहूति दिने वीर सपुत र शहिदहरुको सपना बोकेको राजपा नेपाल हरेक नेपालीको समर्थन, मत र विश्वास प्राप्त गर्दै नेपाललाई शान्त, सम्मानित र सफल राज्य-राष्ट्र (Nation-State) वनाउने दिशामा अनवरत कटिबद्ध रहेको छ/रहने छ।

प्रस्तावना

आजको विश्वमा अधिकांश राज्यहरुमा एकभन्दा बढी राष्ट्रहरु समाहित भएको पाइन्छ । एक राज्य एक राष्ट्र हुनै पर्छ भन्ने धारणा आदर्शवादी भएपनि सधै व्यावहारिक नहुन सक्छ । राज्यले राजनीतिक संरचनाको संकेत गरेको हुन्छ भने राष्ट्रले भौगौलिक, जातीय, भाषिक एवं अन्य सांस्कृतिक समानता भएका समुदायहरुलाई बुझाउने गरेको पाइन्छ । जापान, स्वीडेन, दि नेदरलैन्ड्स आदि देशहरु धेरै अर्थमा एक राज्य र एक राष्ट्र भएका अत्यन्तै थोरै मुलुकहरुमध्ये हुन् । तर अमेरिका, क्यानाडा, भारत र विश्वका अन्य अनगिन्ति देशहरु एक राज्य तर अनेक राष्ट्र भएका मुलुकहरु हुन् । यस अर्थमा नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुराष्ट्रिय देश हो । नेपालको उच्च हिमाली क्षेत्रमा बस्ने समुदाय र चीनको स्वशासित प्रदेश तिब्बतमा रहेका उस्तै संस्कृति, भाषा र चाल-चलनमा सामीप्यता भएका समुदायहरुको राष्ट्र एकै भए पनि देश फरक रहेको छ । त्यस्तै, भारतको दार्जिलिंग, सिक्किम, आसाम आदिमा बस्ने खस भाषाभाषी होस् वा नेपालमा बस्ने खस भाषाभाषी संस्कृती, विचार एवं चाल-चलनको आधारमा एकै राष्ट्र हुन् तर तिनीहरुको देश फरक छ । यसै गरिकन नेपालको दक्षिणतिरको समथरभूमिमा बस्ने मधेशी, थारु, दलित, जनजाति र मुस्लिम शत-प्रतिशत नेपाली हुन् तर ती सामूहिक रुपमा आफैमा एक राष्ट्र पनि हो जसको निश्चित भूगोल, समान जीवन पद्धति, संस्कृति, सभ्यता एवं मनोविज्ञान छ । यो भारत, मरिसस र अन्य देशका समुदायहरुसंग मेल खान पनि सक्छ । **तसर्थ, पौराणिक कालदेखिका महर्षि जनक, सीता, गार्गी, याज्ञवल्क्य, मैत्रेयी एवं २५०० बर्ष पहिले जन्मेका शान्तिदुत गौतम बुद्ध सबै एकै राष्ट्रका हुन् ।**

वर्तमान विश्वका आदर्शवादी राजनीतिक चिन्तकहरुका लागि सबैभन्दा ठुलो चुनौती कुनै पनि मुलुकले त्यहाँ भएको जातीय विविधता एवं भौगोलिक र अन्य तरिकाले फरक हुन गएका राष्ट्रहरुलाई एकै राज्यमा समाहित र आत्मसात गर्ने लोकतान्त्रिक राजनीतिक शासन व्यवस्था निर्माण गर्न हो । नेपाल निकै लामो समयदेखि यस्तै चुनौतिको सामना गर्दै गरेको मुलुक हो । तर सिंगापुर र स्कैंडेनेवियाका केही मुलुकहरुले जातीय र परिचयसँग जोडिएका विविधताहरुलाई समयमै सही तरिकाले आत्मसात, समायोजन र संयोजन गर्दै अवसरमा परिवर्तन गरेका छन् ।

वास्तवमा एउटा राज्य-राष्ट्र (Nation-State) **को निर्माण तब मात्र प्रारम्भ हुन्छ जब मुलुकका सबै तह र तप्का, वर्ग, समुदाय र नागरिकले समानताको महसुस गर्छन् र राज्य निर्माणको अभिभारा समानरुपले ग्रहण गर्छन् । यसको प्रस्थान विन्दु लोकतन्त्र हो भने यसको सवै भन्दा ठुलो चुनौती विभेद हो ।** नेपालमा महान् जन-आन्दोलन ६२-६३ ले एउटा

यस्तो ऐतिहासिक अवसरको सिर्जना गरेको थियो जुन वेला लगभग सबै नेपालीले एकै ठाउँमा उभिएर निरङ्कुश राजतन्त्रको विपक्ष र संघीयता, गणतन्त्र र लोकतन्त्रको पक्षमा आवाज उठाएका थिए । नेपालमा एउटा अभूतपूर्व अवस्था सिर्जना भएको थियो जसलाई एउटा सार्थक, समावेशी र संघीय संविधान बनाएर राज्य-राष्ट्र (Nation-State) निर्माणको कार्यलाई विधिवत् रुपमा संस्थागत गर्न सकिन्थ्यो । तर असमावेशी मुख्य राजनीतिक दलहरु, संकीर्ण र नश्लीय सोंच भएका केही अग्रणी नेताहरु र केही हदसम्म यस्ता दल र नेताहरुसँग सान्निध्यता भएका तथाकथित नागरिक समाज र विज्ञहरुको अकर्मण्यता र व्यक्तिगत स्वार्थले गर्दा नेपालले त्यो अवसर गुमाएको मात्र होइन बरु नयाँ संघर्ष र विरोधको वाटो खोलिदिएको छ । नयाँ संविधानको घोषणा नहुँदै यसमा दर्जनौं निर्दोष नेपालीको रगतको छिटा परेको छ ।

नेपालको वास्तविक शक्ति यसको विविधतामा निहित रहेको छ । तर यो शक्तिको सही प्रस्फुटनका लागि उपयुक्त शासन व्यवस्था, समानुपातिक समावेशी राज्य पद्धति, समतामुलक समाज, जिम्मेवार राजनीतिक दल एवं जनहितमा समर्पित नागरिक समाज र निष्पक्ष खबरदारी गर्ने संचार जगतको आवश्यकता पर्छ। हरेक खाले विविधताको सम्मान हुनुपर्छ र हरेक भाषा, भेषभूषा, धर्म र संस्कृतिलाई राज्यद्वारा समान अवसर, संरक्षण एवं सम्मान दिने दृष्टिकोण अवलम्बन गरिनुपर्छ । सबै नागरिकप्रति बिना भेदभाव राज्यको समदृष्टि परेको हुनु पर्दछ । लोकतन्त्र सबैभन्दा उपयुक्त राजनीतिक प्रणाली भए पनि यो शास्त्रीयतामा सीमित वा कर्मकाण्डी हुनु हुँदैन अपितु समावेशी हुनु पर्छ । सामन्तवादी मानसिकता वा वर्चस्ववादी सोच लोकतन्त्रका शत्रु हुन । **जबसम्म समाजमा विभेद रहन्छ तबसम्म विद्रोह भइ रहन्छ** ।

दोस्रो विश्वयुद्धपछि ४० को दशकको अन्त्यमा सम्पूर्ण विश्वमा उपनिवेशवादको विरुद्ध स्वतन्त्रता र लोकतन्त्रको लहर चल्यो । नेपालमा पनि राणा शासनका विरोधमा सबै नेपाली एक जुट भए र विशेष गरेर मधेशी, थारु, दलित/शिल्पी, जनजाति, मुस्लिम आदि समुदायले लोकतन्त्रको स्थापनाबाट आफ्नो सुखद भविष्यका साथै आफ्नो पहिचान, स्वाभिमान एवं सम्मानको पुनर्स्थापनाको सम्भावना देखेर २००७ सालको जनक्रान्तिमा सबैभन्दा बढी योगदान गरे । राणाहरुको विरोधमा सबभन्दा पहिले धनुषाको सीमापारि क्रान्तिकारीहरुले पहिलो आमसभा गरेका थिए । कैयौं मधेशी सपूतहरुले शहादत दिए । तर राणा शासनको अन्त्यपछि खसवादी नेताहरुले शाहवंशलाई खस राज्यको प्रतीकको रुपमा पुनः राजगद्दीमा स्थापित गराए । पहिचान, अधिकार र परिवर्तनका पक्षधरहरु ओझेलमा परे ।

वि.सं. २०१७ साल पौष १ मा राजा महेन्द्रद्वारा निरङ्कुश राजतन्त्र जनतामाथि बलजफ्ती थोपारिए पछिको हरेक लडाईंमा मधेशी, थारु, दलित/शिल्पी, जनजाति, मुस्लिम आदिको योगदान रहि आएको छ । त्यस अवधिमा निरङ्कुश राजतन्त्रमाथि सबभन्दा कडा प्रहार

मधेशमै भएको थियो र प्रहार गर्ने पनि मधेशकै थिए । तिनीहरुमा आशा थियो, लोकतन्त्रको स्थापना पश्चात् समानता, सम्मान एवंम् सहभागिता सुनिश्चित हुनेछ । तर दुर्भाग्यवश, २०४६ सालको प्रथम जनआन्दोलन पछि गठित सरकारले पनि पहिचान र अधिकारका लागि लडेकाहरु प्रति आफ्नो वर्चस्ववादी सोचमा कुनै परिवर्तन ल्याएनन् । फलस्वरुप महेन्द्रवादी सोचले नै निरन्तरता पायो र हालसम्म पनि पाइरहेको छ ।

वि.सं. २०६२-६३ को महान् जनआन्दोलनमा सबैको उत्तिकै सहभागिता भएपनि संघीयता र स्वायत्तताको स्वांग गर्नेहरु एवं स्वघोषित जनपक्षीय शक्तिहरुले पनि सत्तामा साझेदारी पाउने वित्तिकै त्यही खसवादी मानसिकताबाट ओतप्रोत भई संघीयताको मूलमन्त्र नै परित्याग गर्दै समानुपातिक सहभागिता एवं स्वशासनको आकांक्षालाई घोर उपेक्षा गरे । परिणामतः मेचीदेखि महाकालीसम्मका हरेक क्षेत्र, जाति एवं वर्गका नेपालीहरु तर विशेष गरेर मधेशी, थारु, दलित/शिल्पी, जनजाती, मुस्लिम आदि बाध्य भएर अन्तरिम संविधानलाई अस्वीकार गरे । कैयौं चरणमा आन्दोलनहरु भए । अन्ततः २०६३ माघ २६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोईरालाको दोस्रो सम्बोधनवाट राज्यले पहिचान र अधिकारको लडाईमा होमिएका जनताको संघीयता सहितको मागलाई आंशिकरुपमा भए पनि सम्बोधन गर्यो । यद्यपि आन्दोलनमा भएको वलिदान एवं क्षतिको अनुपातमा त्यो उपलब्धि न्यून नै रहेको थियो ।

प्रथम संविधानसभाको निर्वाचन पश्चात् तीन ठूला दलहरुको कारणले गर्दा चार वर्षसम्म व्यापक छलफल, वाद-विवाद र बहस भए पनि संविधान निर्माण हुन सकेन । कुनै पनि निष्कर्षमा नपुगी तत्कालीन संविधानसभा अध्यक्ष एवं ठुला दलका शीर्ष नेतृत्व तहमा रहेका केही सीमित नेताहरुको षडयन्त्रका कारणले संविधानसभा भंग गरियो । दोश्रो संविधानसभाको समयमा पनि जनभावनाको घोर उपेक्षा गर्दै संख्याको बलमा नश्लीय, अनुदार र पूर्वाग्रही नयाँ संविधानको मस्यौदा प्रस्तुत भयो । त्यसको विरोधमा स.लो.म.मो ले प्रारम्भ देखिनै कार्यक्रमहरु संचालन गरे । तत्कालीन तमलोपा, सपा, रामसपा, तमसपा, ससपा र मजफो (ग) द्वारा आयोजित विरोध कार्यक्रमहरुमा देशभरी व्यापक जनसहभागिता जनाइयो । समितिहरुमा विरोध, संविधान सभामा विरोध र सडकमा पनि व्यापक जनविरोधका बाबजुद वर्चस्ववादी दलहरु द्वारा हठात् संविधान जारी गरियो । यसको प्रतिकारमा एकै पटक मेचीदेखि महाकालीसम्म २० लाखभन्दा बढी जनता सडकमा उत्रिए । तर दम्भी र स्वार्थी शासकहरुको मनस्थिति र सोचमा कुनै परिवर्तन आएन । उल्टै राज्यद्धारा अत्यधिक वल प्रयोग गरियो । अमानवीय दमन र मानव अधिकार हननका जघन्य घटनाहरु भए । दर्जनौं निर्दोष नागरिकको हत्या गरियो । बालबालिका, महिला र निर्दोष बटुवाहरुलाई समेत निशाना बनाइयो । जसले गर्दा चार महिना भन्दा बढी समयसम्म सीमा नाकामा धर्ना बस्न र ज्यान जोगाउन नै जनताको अगाडि एक मात्र विकल्प रह्यो । आन्दोलनलाई निस्तेज पार्न र आन्दोलनकारीलाई वदनाम गराउन राज्यले साम्प्रदायिक र विखण्डनकारीको आरोप लगाउन सुरु गर्यो । विडम्बना, राज्य आफैं साम्प्रदायिक रुपमा प्रस्तुत भइरहेको थियो र अतिवादलाई मलजल गर्ने काम पनि जारी राखेको थियो ।

राष्ट्रिय जनता पार्टी नेपालको स्थापनाको आधार सम्पूर्ण उपेक्षित र उत्पीडित जात, जाति र समुदायहरुको सम्मान एवं अधिकारका लागि गरिएका त्याग, तपस्या, बलिदान, प्रतिबद्धता, सङ्कल्प र सङ्घर्ष हुन् । पछिल्लो समयमा नेपालमा भएको संसारकै सबैभन्दा लामो शान्तिपूर्ण आन्दोलनको दौरान सडकमा उठेका आवाज र विभिन्न मञ्चहरुमा पहिचान र अधिकारको सङ्घर्षसंग जोडिएका दलहरुको एकीकरण हुनुपर्ने विषयमा देखिएको सशक्त अभिव्यक्ति पश्चात् श्री महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी, श्री राजेन्द्र महतो नेतृत्वको सदभावना पार्टी, श्री महेन्द्र राय यादव नेतृत्वको तराई मधेश सद्भावना पार्टी नेपाल, श्री शरदसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी, श्री अनिल कुमार झा नेतृत्वको नेपाल सदभावना पार्टी र श्री राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) पार्टी सहित ६ वटा पहिचान र अधिकार पक्षधर एवं मधेशी, दलित/शिल्पी, थारु, मुस्लिम, आदिवासी, जनजाती, पिछडावर्ग, अल्पसंख्यक समुदाय, विपन्न वर्ग लगायत बहिष्करण तथा बन्चितिकरणमा परेकाहरुको हितमा सङ्घर्षरत दलहरु एकीकृत भएर २०७४ वैशाख ७ गते राष्ट्रिय जनता पार्टी नेपालको गठन भएको हो । पछिल्लो समयमा श्री राम कुमार राई नेतृत्वको खम्बुवान राष्ट्रिय मोर्चा र श्री राम कुमार ओझा नेतृत्वको जनशक्ति नेपाल पार्टी राजपा नेपालसंग जोडिए पछि यसको पहुँच, शक्ति र प्रभाव थप विस्तारित एवं गहन भएको छ । आफ्नो गठन कालदेखिनै राजपा नेपाल **समुन्नत नेपाल, सम्पन्न नेपाली, सार्थक संविधान, समावेशी राज्य र समतामूलक समाजको लक्ष्य लिएर अविचलित अगाडि बढी रहेको छ ।**

तर राजपा नेपालको गठन भएदेखिनै मधेशी, दलित/शिल्पी, थारु, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक समुदाय र विपन्न वर्गको अधिकारलाई कुल्चिएर हिंड्दै आएका ठुला दलहरु त्रसित भएका छन् । वाम गठबन्धनको आवरणमा गरिएको अवसरवादी कम्युनिस्टहरूको नक्कली गठजोड होस् वा उस्तै आशयकासाथ निर्वाचनका मुखैमा आएर देखिएका जायज नाजायज दल एवं व्यक्तिहरु बिच भएका तथाकथित एकता, तालमेल वा सहकार्य होस, ती सब तत्कालीन हुन् । यसको जडमा राजपा नेपालले उत्पन्न गरेको भय र आ-आफ्नो वैयक्तिक अस्तित्वको चिन्ता नै हो भन्ने कुरा भनि राख्नु पर्दैन ।

तसर्थ, पुस्तौंदेखि दोश्रो दर्जाको नागरिकको रुपमा अपमानित र अवसर विहिन जीवन बाँच्न बाध्य पारिएका मधेशी, दलित/शिल्पी, थारु, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक समुदाय र विपन्न वर्गका सबै नेपालीले आफ्नो र आफ्नो सन्ततिको सम्मानित, सुखद् र समृद्ध जीवन सुनिश्चित गर्न; आफ्नो प्रदेशमा आफ्नो सरकार आफैले बनाउने र आफ्नो विकास आफैले गर्न पाउने संघीय व्यवस्था व्यवहारिक रुपमै स्थापित गर्न; एकल जातीय वर्चश्वलाई सदाको लागि अन्त्य गर्दै नेपालको सेना, प्रहरी, कर्मचारीतन्त्र, संवैधानिक अंग र हरेक राजनीतिक नियुक्तिमा आफ्नो अधिकार र स्थान सुनिश्चित गर्न; राज्यको श्रोत, साधन र सम्पति माथि रहँदै आएको केहि जाति र वर्ग विशेषको एकाधिकारलाई अन्त्य गर्दै मधेश, थरुहट र अन्य क्षेत्र जहाँ गाउँ र शहरलाई जर्जर, समाजलाई विभक्त र

नागरिकलाई दरिद्र बनाइएको छ, त्यहाँको विकास कार्यलाई द्रुत गतिमा अगाडी बढाउन; र आफ्नो देश, आफ्नो माटो र आफ्नो परिवारलाई छोडेर केही रकमका लागि विदेशमा कष्टकर जीवन जिउन बाध्य भएका हरेक नेपाली युवाको हातमा सिप, छातीमा जाँगर र मनमा आत्मविश्वास भर्दै आफ्नो भविष्य आफैंले बनाउने अवस्था सिर्जना गर्न राजपा नेपालले आफूलाई एक मात्र विकल्पको रुपमा उभ्याएको छ। नेपाली राजनीतिमा राजपा नेपालको मजबुत उपस्थितिले मात्र सबैको अधिकारको सुनिश्चित हुन सक्छ।

राजपा नेपाल आफ्नो लक्ष्यमा अडिगता, सिद्धान्तमा स्पष्टता, नेतृत्वमा समावेशिता, संगठनमा आधुनिकता र कार्य सम्पादनमा पारदर्शिता बोकेको पार्टी हो। दोश्रो संविधानसभाको निर्वाचनपछि अनेकौं अवसर, प्रलोभन र धम्कीका वावजुद राजपा नेपाल स्वयम् वा यसको गठन हुनुभन्दा पहिले यसको कुनै पनि घटक राजनीतिक दल सरकारमा गएको छैन। कुनै पनि प्रकारको लाभको राजनीति गरेको छैन। यो आफ्नो उद्धेश्यमा पूर्ण निष्ठावान् रहेको छ।

राजपा नेपाल पहिचानको स्थापना, अधिकारको प्राप्ति र सम्मानको सिर्जनामा दृढताका साथ उभिए पनि यो सदैव शान्तिपूर्ण, अहिंस्रक, विधिसम्मत र लोकतान्त्रिक संघर्षमा विश्वास गर्दछ।

राजपा नेपाल पहिचानकको स्थापना, अधिकारको प्राप्ति र सम्मानको सिर्जनामा दृढताका साथ उभिए पनि यो सदैव शान्तिपूर्ण, अहिंस्रक, विधिसम्मत र लोकतान्त्रिक संघर्षमा विश्वास गर्दछ।



लोकतन्त्र

लोकतन्त्र सबैभन्दा मानवीय, व्यवहारिक, जनमुखी र विकास उत्प्रेरक राजनीतिक प्रणाली भएकोले आजको विश्वमा यसको विकल्प छैन तर नेपालमा लोकतन्त्रको मूल्य, मान्यता र आचरणलाई गौण गर्दै यसलाई चुनावी बाध्यता र सरकार निर्माणको संसदीय अभ्यासमा मात्र सिमित गरिएको छ । लोकतन्त्रको तथाकथित लामो अभ्यास गरेका दलहरुले पनि लोकतन्त्रलाई गरेको दुरुपयोग र लोकतन्त्रको गरिमालाई पूर्ण बेवास्ता गर्दै गरेका व्यवहार हरुका कारणले बेलाबखतमा लोकतन्त्र प्रति नै अविश्वास जन्मिएको छ । राजपा नेपाल लोकतन्त्रको मर्मलाई पूर्ण सम्मान गर्दछ र यसको सबै दार्शनिक, सैद्धान्तिक र व्याबहारिक पक्षहरुलाई आत्मसात गर्दै संसदीय, दलीय र व्यक्तिगत जीवनमा समेत लोकतन्त्रको सार्थक अभ्यास हुनु पर्ने मान्यता राख्दछ ।

संघियता

नेपाल भौगोलिक, भाषिक र परिचयको आधारमा विविधताले भरिएको देश हो । आदर्श लोकतन्त्रको अभ्यास हुने देशमा यस्ता खाले सबै विविधतालाई सम्मान गर्नंको साथै तिनको संरक्षण, सहभागिता र उन्नतिका लागि यथेष्ठ सावधानीका साथ उचित राज्य संचालनका प्रणाली र प्रक्रियाहरु अपनाइएका हुन्छन् । तर नेपालमा यसको ठिक उल्टो केहि जाति विशेष, भाषा विशेष र समुदाय विशेषको बाहुल्य हुने अत्यधिक केन्द्रिकृत राज्य व्यवस्थालाई संस्थागत गरीयो । साथै राजनीतिक दल, राजनीतिक नेतृत्व र सरकारी निकायहरुको दुर्नियत, असक्षमता र अकर्मन्यताका कारणले नेपालमा भएको सिमित विकास पनि असन्तुलित मात्र नभएर पूर्वाधार निमार्ण र सामाजिक विकासको प्रक्रियामा आफ्नै हाराहारीमा रहेका अन्य देशहरुको दाँजोमा पनि निकै पछाडी छुटेको छ । **तसर्थ, नेपालमा सबैको सम्मान, सबैको सहभागिता, सबैको विकास, पूर्ण स्वायत, आत्मनिर्भर, स्वशासित र सम्पन्न प्रदेशहरु भएको संघीय व्यवस्थामा मात्र सम्भव छ ।** यसको लागि राजपा नेपाल सदैव संघर्षरत रहने छ ।

मिश्रीत निर्वाचन प्रणाली

प्रभाकारी, परिणाममुखी र स्वीकार्य लोकतन्त्रको अभ्यासका लागि सर्वोच्च निकायको रुपमा रहेको संसद र हरेक प्रदेश सभाहरु जनसंख्या र जनबनोटको सहि प्रतिनिधित्व गरेको हुनु पर्छ । साथै, यस्ता अंगहरुले कानुन निर्माण, नेतृत्व प्रदान र अनुगमनको महत्वपुर्ण अभिभारा बोकेकाले त्यहाँ सक्षम, गुणी र विज्ञहरुको उपस्थिति पनि अपेक्षित हुन्छ । तसर्थ, वर्ग, लिंग, समुदाय एवं समान परिचय बोकेको अल्पसंख्यक र बन्चितिकरणमा परेका सबै नेपालीको उपस्थिति सुनिश्चित गर्नका लागि मिश्रीत निर्वाचन प्रणाली उपयुक्त हुन्छ । यसले समानुपातिक प्रतिनिध्वतलाई पनि न्यायोचित र प्रक्रियासम्मत गर्नंका साथै योग्य तथा आवश्यक बौद्धिक व्यक्तित्वलाई पनि समेट्ने अतिरिक्त अवसर प्रदान गर्दछ । तर

बर्तमान संविधानले समानुपातिकताको नाममा पहिलेदेखिनै बर्चस्वमा रहेका, सम्पन्न र अत्यधिक अवसर उपभोग गर्दै आएका खस/आर्य भनेर किटान गरिएकालाई ठुलो संख्यामा प्रतिनिधित्व गराउने व्यवस्था गरेको छ । यो समानुपातिक समावेशिताको सिद्धान्तसंग मेल खाँदैन । यो सच्चिनु पर्छ ।

स्वतन्त्र, स्वच्छ र प्रविधीयुक्त निर्वाचन

समय संगसंगै निर्वाचन पद्धती प्रक्रिया, प्रविधी, परिणाम, गुणवत्ता र विश्वसनीयताको आधारमा परिस्कृत र पत्यारिलो हुँदै जानु पर्ने हो । दुर्भाग्यवस नेपालको निर्वाचन अभ्यासमा जरो गाड्दै गएको, जसरि पनि चुनाव जित्नु पर्ने मानसिकता, दिनानुदिन बढ्दै गएको पैसा, बल, त्रास र प्रलोभन आदिको प्रभाव र प्रहरी, प्रशासन र सरकारी संयत्रको अनुचित प्रयोग बढ्ने क्रममा रहेको छ । यो क्रम यथावत रहेमा सम्भवत आउने दिनहरुमा पहिचान र अधिकारको लागि लड्दै आएका नेपालीहरुको सपनाको रुपमा रहेको प्रतिनिधिमुलक, समानुपातिक समावेशी र सक्षम नेतृत्व हुनु पर्ने देशको नीति र कानुन निर्माणको सर्वोच्च थलो संसद र अन्य विधायिकाहरु बाहुबली, धनाढ्य र अपराधीहरुको क्रिडास्थल हुन जाने खतरा देखिदै छ । तसर्थ, **लोकतन्त्रको संस्थागत विकास र बहुदलीय व्यवस्थाको सबलिकरणका लागि राजनीतिक दल व्यवस्थापनसंग सरोकार राख्ने ऐनहरुमा आवश्यक संसोधन, हरेक तहको निर्वाचनमा विद्युतीय निर्वाचन प्रविधिको प्रयोग र चुनाव घोषणा गर्ने विशेषाधिकार सहितको शक्तिशाली निर्वाचन आयोगको पुनर्गठनको पक्षमा राजपा नेपाल उभिएको छ ।**

कार्यकारी प्रधानमन्त्री र आलंकारिक रास्ट्रपति

संविधानसभाको निवार्चनताका र अद्धयवधि पनि नेपालमा राष्ट्रपतीय प्रणालीको समर्थनमा आवाज़ उठिरहेको छ । यो देशको आवश्यकता भन्दा पनि बढी केही दलका केही नेताहरुको व्यक्तिगत महत्वाकांक्षाको कारणले भएको हो । विगतका दृष्टान्तहरु हेर्ने हो भने देशमा राजनीतिक स्थिरता र सरकारको दिगोपना दुवैमा समस्या रही आएको छ । सरकारको दिगोपना संवैधानिक प्रावधान, कानुनी व्यवस्था र लोकतन्त्रको अभ्याससंग जोडिएको विषय हो तर राजनीतिक स्थिरता देशको सामाजिक बनोट, समग्र राजनीतिक प्रणाली, राजनीतिक संस्कार, विरोध व्यवस्थापनको विधि, असन्तुष्टी सम्बोधनको प्रक्रिया एवं प्रतिनिधित्वको समायोजन र नेतृत्वको क्षमतासंग बढी सरोकार राख्ने विषय हुन् । नेपालजस्तो सामाजिक, जातीय, भाषिक र सांस्कृतिक विविधता भएको देशमा नीति र कानून निर्माणको कार्यमा सबैको प्रतिनिधित्व र राष्ट्रिय नेतृत्वमा सबैको उपस्थिति हुनु अनिवार्य छ । सक्रिय रास्ट्रपति कुनै दल विशेष, समुदाय विशेष, भूगोल विशेष वा जाति विशेषको प्रतिनिधित्व गरि रहेको हुन्छ र उसले बनाउने सरकारमा पनि त्यस्तै प्रतिविम्ब आउने भएकोले सबैले अपनत्व महशुस नगर्न सक्छ । त्यसको विपरित संसदीय प्रणालीमा जनताको सर्वोच्च निकाय संसद हुने भएकोले यसलाई समावेशी बनाएर जनताको विविध आवाज़, मांग र असन्तुष्टी व्यक्त गर्ने थलोको रुपमा विकास गर्न सकिन्छ । साथै, श्रीलंका, जिम्बावे एवंम् अफ्रीका र ल्याटिन

अमेरिकाका अनेकौं देशहरुमा जनताबाट निर्वाचित राष्ट्रपति तानाशाह भएका खतरनाक उदाहरणहरु पनि हामीले स्मरण गर्नं पर्ने हुन्छ । **नेपालजस्तो देश जहाँ सर्वसत्तावादी सोंच भएका दल र नेताहरुको विगविगी छ, त्यहाँ राष्ट्रपतीय व्यवस्था ल्याउनु भनेको जानाजानी राजनीतिक अस्थिरता निम्त्याउनु र तानाशाही व्यवस्थाको जग खन्नु हो ।**

समावेशी राज्य संयत्र

असमावेशीताले असमानताको जन्म दिन्छ, असमानताले विद्रोहको र विद्रोहले अस्थिरताको । तथ्यांकले पुस्टि गर्छ, एतिहासिक रुपमा र लोकतन्त्रको प्राप्तिपछि पनि नेपालमा राज्यका सबै अंग, संयत्र तथा निकायहरुमा केही जाति विशेषको वाहुल्यता रहँदै आएको छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सबै तह एवं कार्यालय र साथै नेपालको कर्मचारीतन्त्र, सेना, प्रहरी, संवैधानिक निकाय र राज्यबाट हुने हरेक नियुक्ति आदिमा मधेशी, दलित/शिल्पी, थारु, मुस्लिम, आदिवासी, जनजाती, पिछडावर्ग र अल्पसंख्यकहरुको उपस्थिति तिनको जनसंख्याको अनुपातमा अत्यन्तै न्यून रहने गरेको छ । देशमा लगभग हरेक १०/१५ वर्ष भित्र हुने आन्दोलन र हरेक आन्दोलनमा संविधान परिवर्तनको मांगको पछाडी असमावेशिता मूल करणको रुपमा रहेको छ । नयाँ संविधानले संसद र राज्यलाई केहि हदसम्म समावेशी बनाउने प्रयास गरेको छ तर यो अझै अपूर्ण छ । **विशेष रुपमा नेपालको न्यायालय, सेना र प्रहरीलाई समावेशी बनाउने नीति, नियम र नियतमा आमुल परिवर्तन नै गर्नं पर्ने देखिन्छ ।** "देश मेरो हो तर राज्य मेरो होइन" को आम जनधारणालाई परिवर्तन गर्नं पर्छ । समावेशिता अल्पकालमा महँगो देखिएपनि यसको दिर्घकालिन महत्व अत्यन्तै प्रवल हुन्छ । यो राज्यको अस्तित्व, राजनीतिको स्थिरता र नागरिकको विकाससंग प्रत्यक्ष जोडिएको हुन्छ । राजपा नेपालको संघर्ष सबैको साझा राज्य बनाउने दिशामा अनवरत रही रहने छ ।

साझा राष्ट्रियता

पुरातन, एकांकी र नश्लीय सोचबाट ग्रसित नेपालको नेतृत्व पंक्तिमा राष्ट्रियतालाई लिएर संकीर्णता र अतिवाद हावी भएको देखिन्छ । परम्परागत रुपमा र विशेष गरिकन २००७ साल पछी नेपाल केहि सीमित जातीय परिचय भएका, मातृभाषाको रुपमा खस भाषा बोल्ने र पोशाकको रुपमा टोपी एवंम् दौरा सुरुवाल धारण गर्नेहरुको मात्र हो भनेर चित्रण गरिँदै थियो । यो पूर्ण रुपमा हट्नुको साटो हालको दिनमा झनै बढ्दै गएको आभाष हुन्छ । वि. सं. २०६२/६३ को आन्दोलन र अनेकौं चरणका मधेश आन्दोलन पछी यो अवस्थामा केहि परिवर्तन आउनु पर्ने हो । तर नेकपा एमाले जस्ता केहि दल र अन्य दलका पनि केहि संकीर्ण सोच भएका नेताहरुको व्यक्तिगत र दलीय फाइदाका लागि नेपालमा अहिले राष्ट्रियता भनेको भारतको विरोध गर्नं र भारतसंग जोडेर मधेशी समुदायलाई अपमानित गर्नंमा मात्र सिमित भएको देखिन्छ । यो राष्ट्रियता कतापी होइन, यो राष्ट्रघात हो । यो आफ्नै नागरिकको अपमान समेत हो । यसले विभाजनको रेखा कोर्दै छ । **नेपालको राष्ट्रियता नेपालको विविधतामा खोजिनु पर्छ ।** नेपालको सिमाना भित्र बस्ने र कानुनी

रुपमा नेपालको नागरिकता प्राप्त गरेको हरेक व्यक्ति नेपाली हो र सबैको हक र अधिकार बराबर हुनुपर्छ। कुनै पनि नेपालीको राष्ट्रियता उसको देश प्रतिको माया, समर्पण, कर्तव्य पालना, दायित्व बहन र मुलुक लाई गर्न सक्ने योगदानमा खोजिनु पर्छ न कि उसको रंग, अनुहार, बोलि वा पोशाकमा। **तसर्थ, राष्ट्रियताको परिभाषा खोज्ने र यसको जगेर्ना गर्ने जिम्मा अब कुनै दल विशेषलाई होइन जनता आफैले बोक्नु पर्छ**। हरेक विभाजनकारी सोंच, अभिव्यक्ति र कार्यप्रति सचेत रहँदै त्यस्तो कुनै पनि प्रयासलाई दुरुत्साहित गर्नँ पर्छ।

नेपाल सुहाउँदो अर्थ व्यवस्था

नेपाल संसारकै एक विशिष्ट भू-भागमा रहेको, अदभुत भौगोलिक विविधता भएको र बेजोड सांस्कृतिक मिश्रणको अनुपम देश हो। अपार प्राकृतिक सम्पदा विशेष रुपमा प्रचुर जलश्रोत, प्रशस्त युवा जनशक्ति, नजिकै रहेका भारत र चिनका बिशाल बजरहरु र पर्यटकीय दृष्टिकोणले अत्यन्तै राम्रो अन्तरास्ट्रिय छवी हुँदाहुँदै पनि नेपाल आर्थिक विकासका कसीहरुमा पुछारको मुलुक बन्न पुगेको छ। यो मूलतः राजनीति र अर्थनीति बिचमा रहेको असामन्जस्यता, नेतृत्व पङ्क्तिमा अर्थव्यवस्थाप्रतिको अरुचि र बेवास्ता, नेपालको मौलिक उत्पादन र सम्भावनाहरुको खोजीमा उदासिनता, देशमा उपलब्ध प्राकृतिक र मानवीय श्रोतहरुको सहि सदुपयोग र तिनको बिक्रीयोग्य वस्तुमा रुपान्तरण नहुनु, छिमेकमा रहेका वस्तु, सेवा र पुँजी बजारको यथेष्ट लाभ उठाउन नसक्नु र वैदेशिक लगानीमा शिथिलता एवंम् नीतिगत अस्थिरता आदिको कारणले हुन् गएको हो। चुनावी घोषणापत्र र नेताहरुको मुखमा समाजवाद, पुँजीवाद, उदारवाद र अन्य अनेकौं वादहरु भए पनि व्यवहारमा ती सब अवसरबाद, नातावाद र कृपावादमा रुपान्तरित भएका छन्। प्रक्रिया, प्रविधि, पुँजी र बजारले प्राथमिकता पाएको अहिलेको विश्वमा नेपालले पुंजिवाद र समाजवाद दुवै सिद्धान्तहरुका राम्रा पक्षहरुलाई ग्रहण गर्न सक्नु पर्छ। साथै दुवै सिद्धान्तहरुमा अन्तरनिहित कमजोरीहरुलाई पन्छाउँदै नेपालको विशेषता र सबल आर्थिक पक्षहरुलाई समेट्न सक्नु पर्छ। राष्ट्रिय पुँजी निर्माणको श्रोत र प्रक्रियालाई विस्तार गर्दै, विदेशी लगानीलाई सहजीकरण र प्रोत्साहन दुवै प्रदान गर्दै, निजि क्षेत्रलाई अवसर र संरक्षण दुवै सुनिश्चित गर्दै लोककल्याणकारी राज्यको जिम्मेवारीलाई बहन गर्न सक्ने नेपाल सुहाउँदो मौलिक र व्यवहारिक अर्थ व्यवस्था निर्माण गर्न सक्नु अहिलेको चुनौती हो। निजी क्षेत्र पूर्ण रुपमा विस्तारित, विकसित र जिम्मेवार भइ नसकेको अवस्था र सरकारी लगानीमा खुलेका अधिकांश उद्योग र कारोबारहरूले पनि अत्यन्तै कमजोर प्रदर्शन गरिरहेको वास्तविकता दुवैलाई स्वीकार गर्दै सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई मजबुत गर्दै लैजानु पर्छ। खुला बजार, मिश्रित अर्थ व्यवस्था, व्यक्तिगत सम्पतिको सुरक्षा, अन्तर्रास्ट्रिय लगानी र प्रविधी हस्तान्तरण, युवा जनशक्तिको प्रयोग, नयाँ अवसर र रोजगारीको सिर्जना, प्राविधिक र व्यवशायिक शिक्षा, गुणस्तरीय सामानको उत्पादन, आयातमा नियन्त्रण, निर्यातजन्य वस्तु र सेवाको विकास, अन्तर्राष्ट्रिय वजारको खोजि, वित्तीय संस्था एवंम् उद्यमीहरुबिच सहकार्य एवंम् सामन्जस्यता, तथा शोध, अन्वेषण एवंम् अनुसन्धान आदि यस्ता नीतिगत र व्यवहारिक विषयहरु हुन् जसको सहि र सन्तुलित

प्रयोग एवंम् नियमनले मात्र आजको विश्वमा देखिएका आर्थिक चुनौतीहरुलाई नेपालले डटेर सामना गर्न सक्छ ।

राष्ट्रहितमा विदेश नीति

फरक-फरक सभ्यता भएका, बेग्ला बेग्लै इतिहास बोकेका, द्रुत गतिमा विकास गर्दै गरेका, आणविक शक्ति सम्पन्न र सबैभन्दा बढी जनसंख्या भएका दुई विशाल काय मुलुकहरु भारत र चिन बिच अवस्थित नेपालको आफ्नै खाले क्षेत्रीय र अन्तर्राष्ट्रिय रणनीतिक महत्व छ । नेपालको सिमा रक्षा, दुवै देशबाट हाम्रो आन्तरिक मामिलामा हुन् सक्ने हस्तछेप, दुवै देशमा भएको प्रविधि विकासबाट सिक्न सकिने अवसर, दुवै देशमा भएका विशाल बजारहरुमा हाम्रो सहज पहुँच, दुवै देशहरुबाट ल्याउन सकिने बिदेशी लगानी र दुवै देशमा भएका औद्योगिक र सूचना प्रविधिको विकासबाट हामीले लिन सक्ने फाइदा हाम्रा रुची र सरोकारका विषयहरु हुन् । दुवै देशहरुसंग हाम्रो परम्परागत रुपमा राम्रो सम्बन्ध रही आएको छ । तर बेला बखतमा ठुला राजनीतिक दलहरुका क्षणिक व्यक्तिगत, राजनीतिक र चुनवी स्वार्थको कारणले एकका विरुद्धमा अर्काको प्रयोग वा एकसंग नजिक र अर्कासंग टाढा हुने दृष्टान्तहरु पनि छन् । यो विदेश नीति होइन, यसो गर्न दिनु हुँदैन । हामीले भारतसंगको भौगोलिक, धार्मिक, भाषिक, सांस्कृतिक, ऐतिहासिक र पारिवारिक सम्बन्धलाई विशेष महत्व दिनु पर्छ । त्यस्तै, चीनसँगको सम्बन्ध पनि एक अर्कोको हितलाई ध्यानमा राख्दै नजिकको, असल एवंम् भरपर्दो छिमेकीको रुपमा अत्यन्तै घनिष्ट र आत्मीय हुनु पर्छ । भारत र चिन दुवै देश विरुद्ध नेपालको भुमि कुनै पनि हालतमा प्रयोग गर्न दिनु हुँदैन । तसर्थ, छिमेकी देशहरु हुन् वा समुन्द्र पारिका वेलायत, अमेरिका, युरोपियन युनियनका देशहरु होस् वा अन्य कुनै मुलुकहरु हुन, नेपालको आफनै स्वतन्त्र विदेश नीति हुनु पर्छ र यो मात्र राष्ट्रहितलाई ध्यानमा राखेर संचालन गरिनु पर्छ ।

संविधान संशोधनको सम्बन्धमा

नेपालको नयाँ संविधान अपूर्ण छ । यसमा एक दशकको समय, अर्बौको लगानी, दुई-दुई वटा संविधानसभाको निर्वाचन र हजार भन्दा बढी जनप्रतिनिधिहरुको योगदान भएपनि संकीर्ण सोच, केहि सीमित व्यक्तिहरुको निजी स्वार्थ र आत्मकेन्द्रित दल एवंम् नेताहरुको सत्तामुखी क्रियाकलापले गर्दा ती सबै ऐतिहासिक प्रयास, लगानी र आकांक्षाहरुलाई वेवास्ता गरिएको छ । यसमा ७ देखि ७० बर्ष सम्मका १२५ भन्दा बढी अवोध र निर्दोष नेपालीहरुको रगतको टाटो छ । राजपा नेपाल यो संविधान निर्माणको प्रक्रियाका साथै यसमा कोरिएका प्रादेशिक सिमानाहरु, संघीयता कार्यान्वयनका व्यवस्थाहरु, संघ र प्रदेशको बिचमा गरिएको अधिकारको बाँडफाँड, नागरिकताको बारेमा राखिएका प्रावधान, भाषासंग जोडिएका विषयवस्तुहरु र समवेशिताका आधार र अवस्थाहरुप्रति असहमति राख्दछ। संविधानसभामा असहमतिको आवाज दबाउन जनप्रतिनिधिलाई अपमानित गर्ने गरि अत्यधिक संख्यामा गरिएका मार्शलहरुको प्रयोग संविधानसभामा वर्जित भएपनि अघोषित व्हिप (whip) को दबाव; सडकमा मधेशी, थारु, दलित, जनजाती र महिलाहरुद्वारा गरिएका

शान्तिपूर्ण प्रदर्शनहरुमा धर पकड, दमन र गोलि प्रहार; मधेशी दलहरुसंग गरिएका अनेकौ समझदारी र सम्झौताहरुको निर्लज्ज उलंघन; अंकगणितको वलमा संविधान जारी गर्न संविधानसभाका प्रावधानहरुलाई वेवास्ता गर्दै अनपेक्षित र द्रुतगतिमा संविधान लेखनको प्रक्रिया र सवैभन्दा महत्वपूर्ण संसारकै सवभन्दा लामो पाँच महिनासम्म चलेको निरन्तरको शान्तिपूर्ण आन्दोलनलाई गरिएको उपेक्षा र अपमान आदि घटनाक्रम एवं तथ्यहरुको आधारमा यो संविधान स्वीकार्य हुन नसक्ने कुरा प्रमाणित हुन्छ। **पछिल्लो समयमा नेपाली कांग्रेस र माओवादी समेतको समर्थनमा संविधान संसोधन हुनु पर्छ भन्ने आसयका साथ पेश भएको संविधान संसोधनको विधेयकले ५८% जनाप्रधिनिधिको समर्थन पाएको थियो। यसवाट यो संविधान झिनो अंकगणितको आधारमा टिकेको वास्तविकता स्वतः साबित हुन्छ**। त्यसैले यो संविधान सम्पूर्ण नेपालीको दीर्घकालीन हितमा र विशेष गरिकन मधेशी, दलित/शिल्पी, थारु, मुस्लिम, आदिवासी, जनजाती, पिछडावर्ग, अल्पसंख्यक समुदाय, विपन्न वर्ग लगायत वहिष्करण तथा वन्चितिकरणमा परेका र पारिएका हरेक पात्र र पक्षको अधिकारको लागि संसोधन हुनु पर्छ । राजपा नेपाल यसको लागि गर्नँ पर्ने हरेक संघर्ष र त्यागको लागि पूर्ण तयार छ ।

अन्य दलहरको बारेमा राजपा नेपालको धारणा

नेपाली कांग्रेस

नेपाली कांग्रेस नेपालको सवैभन्दा पुरानो, धेरै हदसम्म ठुलो, लोकतन्त्रको हरेक संघर्ष र आन्दोलनको क्रममा अग्रपंक्तिमा रहेको र बहुदलीयताको प्राप्तिपछी सवैभन्दा लामो समयसम्म सत्ता संचालन गरेको राजनीतिक दल हो । आन्तरिक रुपमा यो दल अन्त्यन्तै अलोकतान्त्रिक भए पनि यसको दर्शन, अवधारणा र घोषणापत्रहरुमा लोकतन्त्रले पर्याप्त स्थान पाई नै रहन्छ। परम्परागत रुपमा मध्यम धारको अगुवाई गर्दै लोकतान्त्रिक समाजवादलाई अंगालेको राजनीतिक दल भएपनि नेपाली कांग्रेसले राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, धर्म निरपेक्षता, माओवादीको मुलधारमा प्रवेश र संविधानसभाको निर्वाचन आदि कार्यमा नेतृत्वदायी भूमिका खेलेकोले यसको प्रशंसा गरिनु पर्छ । तर जब जब कुरा मधेशी, दलित/शिल्पी, थारु, मुस्लिम, आदिवासी, जनजाती, पिछडावर्ग, अल्पसंख्यक समुदाय, विपन्न वर्ग लगायत बहिष्करण तथा वन्चितिकरणमा परेका र पारिएकाहरुको अधिकार र अवसरको कुरा गरिन्छ नेपाली कांग्रेस एक जिम्मेदार राष्ट्रिय दलको भूमिकालाई बिर्सदै एक संकीर्ण, अनुदारवादी र जातीय दलको रुपमा आफुलाई संकुचित गर्छ। साथै देशको समृद्धि, नयाँ नेतृत्वको विकास, अग्रगामी परिवर्तनका मुद्दा, चुस्त र इमानदार शासन-प्रशाशन र युवालाई अवसर आदि विषयमा पनि नेपाली कांग्रेस अत्यन्तै उदासिन र असफल देखिन्छ। अनेकौ पटक जनताले बहुमत दिए पनि राष्ट्रिय र दुरगामी सोचको कमि, असक्षम र अदुरदृष्टि नेतृत्व र दल भित्र रहेका गुट-उपगुटको कारणले आफुलाई दिइएको भूमिका र अवसरलाई नेपाली कांग्रेसले सदुपयोग गर्न सकेको छैन । नेपाली कांग्रेस सजग, सचेत र समझदार भइदिएको भए अनेकौं पटकको मधेश आन्दोलन र ती आन्दोलनहरुमा

दर्जनौं निर्दोष नेपालीहरुले ज्यान गुमाउनु पर्ने थिएन । समयमै निर्णय गर्न नसक्ने र पछि पछुताउने यो पार्टीको अर्को ठुलो कमजोरी हो । नेपालको पहिलो, लोकतान्त्रिक र प्रशस्त अवसर पाएको दल भएको कारणले देशमा भएका नक्कली कम्युनिष्टहरुको बिगबिगी, विश्व राजनीतिबाट विलुप्त भैसकेको माओवादी विचार र संगठनको नेपालमा पुनःजन्म, विचार सुन्य भएपनि एमालेको आकारमा अस्वाभाविक विस्तार, लोकतन्त्र र संविधानका लागि जनताले गर्नँ परेको पटक-पटकको आन्दोलन र त्यससंग जोडिएका समय र जनधनको क्षति आदिको जिम्मेवारी नेपाली कांग्रेसले लिनु पर्छ । साथै नेपालको दलीय र संसदीय अभ्यासको क्रममा देखिएका परिवारवाद, नातावाद, सांसद खरिद-बिक्रि, चुनावमा पैसा र बलको अत्यधिक प्रयोग, जनप्रतिनिधिहरुको असंस्कारी र अलोकतान्त्रिक आचरण, दलीय फाइदाको लागि सरकारी ढुकुटीको दोहन र राजनीतिक र कर्मचारी वृतमा देखिएको व्यापक भ्रस्टाचार आदि विसंगतिहरुको ठुलो भागीदार पनि नेपाली कांग्रेस नै हुनु पर्छ । तर जे भएता पनि, पटक-पटकको लोकतान्त्रिक आन्दोलनबाट खारिएका नेताहरु, राष्ट्रिय चुनौती सामना गनु पर्दा अरु दलहरु भन्दा लचक र कम्युनिस्टहरु जस्तो पटक-पटक बोलि फेरी रहने दल नभएको कारणले नेपाली कांग्रेस र यसका नेताहरुसंग बसेर छलफल गर्ने, मुद्दाहरुलाई सरलीकृत गर्ने र केही हदसम्म संसदमा र बाहिर पनि छलफल र सहकार्य गर्ने आदि मामिलामा नेपाली कांग्रेस सहज, विचारवान र व्यवहारिक रहँदै आएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)

नेपालको राजनीतिमा संख्यात्मक उपस्थिति जनाए पनि एमालेले आफ्नो औचित्य साबित गर्न सकेको छैन । जुन पार्टीले नश्लीय सोचको आधारमा आफ्नो विचार, कार्यक्रम र मुद्दाहरुको चयन गर्छन, जुन पार्टीले दलको चुनावी रणनीति अन्तर्गत र साथै केहि नेताको व्यक्तिगत महत्वाकांक्षा पुरा गर्न आफ्नै देशको एक तिहाई जनसंख्यालाई विदेशी, बिखण्डनकारी र अन्तर्राष्ट्रिय भन्न सक्छस जुन पार्टीले राष्ट्रियता जस्तो अति सम्वेदनशील शब्दलाई पनि आफ्नो सुविधाको लागि गलत व्याख्या गरेर विभाजनको विषय बनाउन सक्छ र जुन पार्टीले चुनावमा अंकगणितीय अग्रताका लागि राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता र सामाजिक सद्भावलाई पनि बिथोल्न पछी पर्दैन त्यो संगठन राजनीतिक दल नै हो र त्यसको औचित्य छ भनेर कसरि भन्ने रु नेकपा एमाले स्वरुपमा राजनीतिक दल देखिएता पनि यो विचार, आचरण र व्यवहारले आफुलाई एक सिद्धान्तहीन, असंवेदनशील, चरम अवसरवादी, विकास विरोधी, संस्थागत रुपमै भ्रष्टाचारमा लिप्त, सत्तालोलुप र सरकारमा जान जे पनि गर्न सक्ने र जो संग पनि मिल्न सक्ने पहाडी मुलको उपल्लो जातिहरुको संगठन हो । पार्टीको माथिल्लो नेतृत्व पंक्तितमा रहेका २० जना नेताहरुको अनुहार हेर्ने हो भने पनि छर्लङ्ग हुन्छ कि यो केहि जाति विशेषका पुरुषहरुको बाहुल्यता र वर्चस्व भएको पार्टी हो । त्यहाँ मधेशी, दलित, मुस्लिम, महिला आदिको शुन्यप्रायः अपस्थितिले यो संगठनको जातीय र नश्लीय सोंच आफैमा पुस्टि हुन्छ । यसका साथ साथै नेकाप एमाले राष्ट्रिय विकासमा तगारो हाल्ने सबै भन्दा अग्रणी पार्टी हो । अत्यन्तै महत्वको अरुण-तेस्रो जलविधुत आयोजना बन्ने क्रममा हुँदा विश्व बैंक

(World Bank) लाई पत्र लेखेर रोकेको वास्तविकता हो । काठमाण्डौ-निजगढ द्रुतमार्ग निर्माणको सबै तयरी पूर्ण हुन् लागेको अवस्थामा बिभिन्न बखेडा झिकेर अवरुद्ध गरेको अवस्था होस् अथवा नेपालमा बन्दै गरेका राष्ट्रिय महत्वका आयोजनाहरुमा दलिय र व्यक्तिगत फाइदाको आधारमा समर्थन वा विरोध गर्ने स्थायी रणनीति होस, नेकपा एमाले मुखले विकास भने पनि विकासलाई संधै अलपत्र पर्दै आएको दुई जिब्रे संगठन हो । नेपाली जनताको गरिवी, अशिक्षा, सचेतनाको अभाव, राज्यले प्रदान गर्ने सेवा र सुविधामा पहुँचको कमि र परम्परागत रुपमा रहँदै आएको जातीय विभेद र छुवाछुतलाई अन्त्य गर्नँको साटो त्यो भित्र खेल्दै बिपन्न वर्गलाई सम्पन्नताको झुठो सपना बाँड्दै आफ्नो राजनीतिक स्वार्थ सिद्धिमा लागेको संगठन हो एमाले । नेपालको कुनै पनि संसदीय निर्वाचनमा कहिल्यै बहुमत नल्याएको एमालेलाई सम्झंदा यो सरकारमा नगएको वा सरकारको नेतृत्व नै नगरेको समयको सम्झना कमै हुन्छ । तसर्थ, एमाले विशुद्ध सत्ताको लागि राजनीति गर्ने र सत्ता प्राप्ति वा सत्तामा रही रहनको लागि जोसंग पनि जुनसुकै मुल्यमा जतिबेला पनि तालमेल गर्न तयार रहेको पार्टी हो । त्यसै गरिकन हरेक निर्वाचनमा गरिब र धनीको बिचमा फाटो ल्याएर बिपन्न वर्गबाट प्रशस्त मत ल्याए पनि ती गरिब दशकौं पछी पनि गरिब नै रहेको कुराले एमाले जनतालाई मतको लागि मात्र प्रयोग गर्ने र कसैको पनि हित गर्न नसक्ने पार्टी हो भनेर प्रमाणित हुन्छ । **तसर्थ, कुनै पनि तहको कुनै पनि निर्वाचनमा नेकपा एमालेको समर्थनमा दिएको हरेक मत समावेशिताको विरोधमा, विकासको विरोधमा, राष्ट्रियताको विरोधमा, राष्ट्रिय अखण्डताको विरोधमा र सामाजिक सद्भावको विरोधमा स्वतः जाने निश्चित छ ।**

नेपाल कम्युनिस्ट पार्टी (माओबादी केन्द्र)

यो घोषणा-पत्र नेपाली जनताको हातमा पुग्दासम्म नेकपा (माओवादी केन्द्र) कुन नामले चिनिने, कुन स्वरूप वा आकारमा भेटिने वा नभेटिने वा फेरी कुनै अर्को पार्टीमा विलय नै हुने हो कि निश्चित छैन । आफ्नो जन्म देखिनै अनेकौ पटक संगठनको नाम र नेतृत्वमा परिवर्तन गरेको, कुनै पनि मुद्दामा टिक्न नसकेको, पटक पटक आन्दोलनमा जाने तर बिनाकारण फेरी पर्किने, द्रुत गतिमा सहयात्री दलहरु फेरी रहने, स्वरमा ठुलो तर शासनकालमा अत्यन्त फितलो भइदिने र हालका दिनमा आफ्नो अस्तित्व नै मेटेर अर्को दलमा समाहित हुने तयारीमा रहेको अत्यन्तै अस्थिर, अच्चमको र लोपोन्मुख दल हो माओवादी केन्द्र । माओवादीको नाममा शुरुमा चिनिएको यो दलले नेपालमा गणतन्त्रको प्राप्तिमा, जनताको विचारोदयमा, समावेशिताको मुद्दा उठान गर्ने क्रममा र केही हदसम्म पहिलो संविधानसभामा सकारात्मक र परिवर्तनका मुद्दाहरुमा मजबुत योगदान दिएको पार्टी हो । तर पछिल्लो क्रममा, विशेष गरिकन दोश्रो संविधानसभामा यसको उपस्थिति कमजोर भएपछि माओबादी केन्द्र सिद्धान्त बिर्सिएर दिग्भ्रमित भएको, आफ्नो अस्तित्व बचाउन बिचलित भएको र जायज-नाजायज सबै संग सहकार्य गर्दै हिंडेको अत्तालिएको र अविश्वासलो संगठनको रुपमा देखिएको छ, त्यसैले होला, अहिले आएर कैयौं पक्षबाट माओवादीलाई राज्यको कम्तिमा दुई दशकको समय र सत्र हजार भन्दा बढी नेपालीको जीवन व्यर्थ गुमाएको आरोप लगाउन थालिएको छ ।

वाम गठबन्धन (कम्युनिस्टहरूको अवसरवादी मिलन)

चुनावको मुखैमा आएर अत्यन्तै कटु सम्बन्ध भएका कम्युनिस्ट नामधारी दुई संगठनहरुको मिलनलाई वाम गठबन्धन भनेर भनिएको छ । यसले वाम शब्दको नै अपमान गरेको छ, वामपन्थी ति दलहरु हुन् जो समाजको तल्लो वर्गको प्रतिनिधित्व गर्छ, तिनिको अधिकार र अवसरको लागि मांग उठाउँछ, जसले परिवर्तन र अग्रगामी यात्राको कुरा गर्छ, जसले सबैलाई समेटर विकासको बाटो पहिल्याउने कार्य गर्छ, जसले ओझेलमा परेका कमजोर र अल्पसंख्यक समुदाय, विपन्न वर्ग लगायत बहिष्करण तथा वन्चितिकरणमा परेका र पारिएकाहरुको उठानको कुरा गर्छ । तर व्यक्ति हत्याबाट उठेर आएका, एकले संसद र अर्कोले जंगलबाट देशलाई दशकौं पछाडी धकेलेका, गरिवको मत प्राप्त गरेर तिनलाई झनै गरिव बनाएका, केहि मतकालागि देशलाई विदेशीहरुको क्रिडास्थल बनाउन पनि पछी नपरेका र तथाकथित उपल्लो जाति र वर्गका नेताहरुको मात्र हालीमुहाली भएका संगठनहरुको गठजोडलाई कसरि वाम गठबन्धन भन्ने रु **यो एउटा नेताको फेरी प्रधानमन्त्री बन्ने सपना र अर्को नेताको राष्ट्रपति बन्ने महत्वाकांक्षाका कारणले कुनैपनि सिद्धान्तको लेसमात्र पनि उपस्थिति नभएको अत्यन्तै अल्पकालीन र अवसरबादी राजनीतिक हथकण्डा** (Political Gimmic) **मात्र हो । दुई व्यक्तिहरुको नितान्त वैयक्तिक स्वार्थ पुरा गर्न यसले एमालेको ४०% र माओवादीको ६०% नेतृत्व वर्गको राजनीतिक जीवनसँग खेलवाड गरेको छ** । तथाकथित वाम गठबन्धनको औचित्यको बारेमा पहिलो प्रश्न पनि तिनै आ-आफ्नो राजनीतिक भविष्यकालागि जीवन भर खटिएका तर अहिले आएर अलपत्र पारिएका एमाले र माओवादीका नेता र कार्यकर्ताहरुले नै सोध्नु पर्छ । जुन नक्कली चरित्र नेपालका कम्युनिस्ट पार्टीहरुले देखाएका छन् त्यस्तो चरित्र भएका अन्य कुनै पनि देशको कम्युनिस्ट पार्टीहरुले आफ्नो मुलुक र जनताको भलो गरेको उदाहरण छैन । नेपालका आम जनता यो विषयमा पूर्ण सचेत र सजग छ । सामान्य बहुमतको आधारमा मात्र गणतन्त्र नेपालको पहिलो प्रधामन्त्री बन्दा पुष्पकमल दाहालले सेना प्रमुख परिवर्तन गर्ने, प्रधानमन्त्रीबाट हटेपछि वाई.सी.एल. को प्रयोग गरेर काठमांडू उपत्यकालाई घेरावन्दीमा पार्ने र आम जनतामा सर्वत्र त्रास फैलाउने प्रयास लाई जनताले अझै बिर्सिएका छैनन् । त्यसै गरिकन हालैका दिनमा के.पी. ओली ६/६ जना उप-प्रधानमन्त्री बनाएर दोश्रो ठुलो राजनीतिक दलको नेता हुँदा-हुँदै पनि प्रधानमन्त्रीको रुपमा देखाएको दम्भ, बोलेको बोलि र अन्य राजनीतिक दलहरुसंग गरेको व्यवहारले के पुस्टि गर्छ भने तिनीहरुले मौका पाए भने फेरी पनि तानाशाही लादने वा अधिनायकबादको अभ्यास गर्ने दुस्साहस गर्न पछि पर्ने छैनन् । नेपाली जनता यति जागरुक भइसकेको अवस्थामा तिनिहरिको त्यो प्रयास सफल हुन्छ भने त छैन तर नेपाल फेरी एक पटक संघर्ष को भुमरीमा फस्ने छ र राष्ट्रको फेरी एक वा दुई दशक बहुमुल्य समय व्यर्थ जानेछ । तसर्थ, देशमा यस्तो कुनै पनि अवस्थाको सिर्जना हुनबाट जोगाउने सबैभन्दा ठुलो अभिभारा अहिले नेपाली जनताको काँधमा आइपुगेको छ । वाम गठबन्धन देशलाई दशकौं पछी धकेल्ने मेसो हो । यसको बहिष्कार गरौं ।

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन नजिक हुँदै गर्दा नेपालका ठुला राजनीतिक दलहरुले आफ्नो घोषणापत्रहरु मार्फत दशौं हजार मेगावाटको विद्युत उत्पादन, हजारौं किलोमिटरको सडक, सैकडौ किलोमिटरको रेलमार्ग, दर्जनौं स्मार्ट सिटीको निर्माण एवं अन्य पत्याउन पनि गाह्रो हुने सपनाहरु बाँडिरहेका छन् । तिनै दल र तिनै नेता दशकौं सत्तामा हुँदा सिन्को पनि न भाँचेको पृष्टभूमिमा अब तिनले भनेका कुरा, दिएका आश्वाशन र अगाडी ल्याएका योजनाहरुलाई विश्वास गर्ने रत्तिभर पनि ठाउँ छैन । तिनीहरु चुनावी नारा मात्र हुन् र मतदान सकिएको भोलिपल्ट नै ती नेता र दलहरुले तिनलाई बिर्सने छन् । अहिलेका प्रमुख आवश्यकताहरु भनेको नयाँ संविधान अनुसार केन्द्र, प्रदेश र स्थानीय तहका राजनीतिक, प्रशासनिक, न्यायिक, सुरक्षा र राज्य संचालनका अन्य क्षेत्रहसंग सरोकार राख्ने नयाँ संरचनाहरुको निर्माण, जनतालाई नयाँ व्यवस्था अनुसार छरितो सेवा प्रदान गर्ने प्रक्रिया र प्रणालीको स्थापना; केन्द्र, प्रदेश र स्थानीय तहका बिचमा कार्यक्षेत्र, अधिकार र दायित्वको विभाजन, स्पष्टता र व्यवहारिकरुपमा चुस्त व्यवस्थापन; प्रदेशहरुमा लोकसेवा लगायत अन्य संवैधानिक निकायहरुको गठनस थप कर्मचारीको नियुक्ति एवंम् बहालवाला कर्मचारीहरुको प्रभवकारी समायोजनस कानून एवं नियमावलीहरुमा रहेका अन्योलताको निरुपण तथा थप कानुनको निर्माणस वित्तीय आयोगको गठन र श्रोत बाडफाडको विश्वसनीय एवंम् स्वीकार्ययोग्य प्रक्रियाको खोजि र तिनको प्रभावकारी कार्यन्वयन तथा देशमा पहिले देखिनै विद्यमान अनेकौं नीतिगत, संरचनागत र व्यवाहरजन्य आधारभूत चुनौतिहरुको पहिचान र तिनका समाधानका उपायहरुको खोजि सबभन्दा पहिले गरिनु पर्छ । राजपा नेपालले ठुला ठुला विकासको दिवास्वप्न देखाउने भन्दा पनि पहिले तिनको जडमा रहेका प्रमुख चुनौतिहरु किटान गर्ने र ती चुनौतिका सहि र दिर्घकालिन समाधान खोज्नु पर्ने कुरामा जोड दिन्छ । फगत निर्माण, विस्तार र बृद्दिका कुरा चुनावी खेति बाहेक अरु केहि होइनन् । तसर्थ, राजपा नेपालले किटान गरेका राज्यका सामु रहेका प्रमुख चुनौतिहरु निम्न हुन ।

अस्थिर राजनीति

विक्रम सम्बत २०४६ पछि र बहुदलीय व्यवस्थाको पुनःबहाली पश्चात् विशेष गरिकन ठुला दलहरु नेपाली कांग्रेस र एमालेको सत्ता केन्द्रित राजनीति, राजा र राजाबादीहरुको अनपेक्षित चलखेल, माओवादको उदय तथा १० वर्षे लामो हिंसाको राजनीति, असक्षम, अदुरदर्शी र संस्कारहिन नेतृत्व र केहि हदसम्म संवैधानिक र संरचनागत कमजोरीका करणले नेपालको राजनीति अस्थिर मात्र होइन यो अराजक र उदण्ड पनि बन्न पुगेको छ । पछिल्लो २८ वर्षमा लगभग त्यतिनै पटक सरकार प्रमुख परिवर्तन हुनु, कुनै पनि संसद आफ्नो पूर्णकाल अवधि पुरा गर्न नसक्नु, १८ वर्ष सम्म स्थानीय चुनाव नहुनु र हजारौ निर्दोष नागरिकले अनाहकमा ज्यान गुमाउनु राजनीतिक अस्थिरताका प्रमाणहरु हुन्, राजनीतिक स्थिरता लाई हटाउन जिम्मेदार राजनीतिक दलहरुको निर्माण, योग्य नेतृत्व को

चयन, लोकतान्त्रिक र संस्कारयुक्त राजनीतिक व्यवहार, संविधानको पूर्णता, संघियता प्रति इमान्दारिता, सम्वेशितालाई कागजमा मात्र सिमित नगरी प्रतिनिधित्व र राज्य संचालनमा व्यवहारमै लागु गर्नं पर्ने र अन्य थुप्रै कानुनी सुधारहरु गरिनु पर्छ, राजपा नेपाल यस्ता सम्पूर्ण राष्ट्रिय र सामुहिक अभिभाराहरुको अगुआइ गर्नेछ ।

असमावेशी राज्य संयन्त्र

असमानता, असन्तुस्टी र अन्याय कुनैपनि राजनीतिक प्रणाली वा राज्यव्यवस्थामा देखिने सबैभन्दा घातक नकरात्मक उर्जाहरु हुन् । यी उर्जहरुको सहि र सामयिक निकास एवं व्यवस्थान भएन भने राज्य अस्थिर हुने मात्र होइन अपितु यसले राज्य र नागरिकको प्रयास, परिश्रम र प्रतिफललाई पनि व्यर्थ पारिदिन्छ । माओवादको जन्म, मधेश विद्रोह तथा महिला, दलित एवं जनजातिका अन्दोलानाहरुको मुहानम यहि असमावेशी राज्य संयन्त्र रहेको छ जसले एउटा वर्ग, एउटा जाति र एउटा लिंगको स्वार्थलाई परिपूर्ति गर्ने क्रममा नेपालको बहुमुल्य दशकौं लामो अवधि व्यर्थ परेको छ, यसको अन्त्य हुनु पर्छ ।

असक्षम नेतृत्व

नेतृत्वको सक्षमता उसको सकारात्मक सोच, दुरदर्शी विचार, नागरिकप्रतिको इमान्दारिता, राष्ट्रहितप्रतिको समर्पण, जनभावनाको कदर, कार्यकुशलता एवं विश्वसनीयता, मुलुक र समाजको आवश्यकता वारे सहि जानकारी, सटिक नीति निर्माणको खुबी र सबैलाई संगै लिएर हिंडने क्षमता आदिमा झल्किने गरेको हुन्छ, अपवादको रुपमा एक वा दुई जनाको कुरा न गर्ने हो भने ४६ साल पछि नेपाली राजनीतिमा देखिएका सबै पात्रहरु आफ्नो, आफ्नो परिवार र आफ्नो आसेपासेहरुको सीमित स्वार्थमा रुमल्लिएका निम्न स्तरीय राजनीतिक खेलाडी मात्र साबित भएका छन्, नेपालको अहिलेको दुरावस्था यसकै परिणाम हो, यो परिवन्दलाई समाप्त पार्नं पर्छ, योग्य, कर्मठ, समर्पित, संघर्षशील र क्षमतावान युवा नेतृत्वलाई अवसर दिनु पर्छ ।

असंवेदनशील र सुस्त कर्मचारीतन्त्र

नेपालको कर्मचारीतन्त्रको निकै ठुलो हिस्सा लोकसेवा परीक्षा उतिर्ण गरेका शिक्षित, होनहार र योग्य राष्ट्रसेवकको रहेको छ । आफ्नो कार्यकालमा तिनीहरुले अनेकौं प्रशिक्षण, प्रशस्त विदेश भ्रमणका अवसर र उच्च अध्ययनका मौकाहरु पाईरहेका हुन्छन् । राज्यले तिनलाई प्रदान गर्ने अख्तियार, सुरक्षा र आर्थिक सुविधा देशको आयश्रोतको दाँजोमा नराम्रो भन्न मिल्दैन । राजनीतिक नेतृत्व असफल हुँदै गरेको अवस्थामा तिनीहरुले अगाडी आएर, अतिरिक्त जिम्मेवारी बोध गर्दै साँचो अर्थमा राष्ट्रसेवक बन्नु पर्ने हो । तर बिडम्बना, सबै किसिमले लायक भए पनि नेपालको कर्मचारीतन्त्र अकर्मन्यता, भ्रस्टाचार, सुस्तता, चाकरी, लाचारी र गैरजिम्मेवारीपनको प्रतिक बनेका छ । हरेक सरकारी निकायमा देखिएको अस्तव्यस्तता, व्यापक भ्रस्टाचार र घुसखोरी, सरकारको लगानीमा खुलेका लगभग सबै नै उधोग डुब्नु वा चरम घाटमा जानु, सरकारी योजनाहरु अलपत्र पर्नं वा वर्षौं सम्म पनि पुरा

नहुनु, सरकारी र सार्वजनिक योजनाहरुको अनुमानित लागत कैंयौ गुनाले वृद्धि हुनु, विदेशी लगानी अत्यन्तै न्यून हुनु, अन्तराष्ट्रिय सूचक र मनाकहरुमा देशको अवस्था खुस्किदैं जानु र व्यापक बेरोजगारी र युवाहरुको विदेश पलायन आदि कर्मचारीतन्त्रको असफलताका परिचायक हुन् । यी सब राजनीतिक नेतृत्वको मात्र जिम्मेवारी हो र अरुको सरोकार छैन भनेर भन्न मिल्दैन । आम गरिब नेपालीको करबाट तलब खाने कर्मचारीहरु आफ्नो दायित्व र जिम्मेवारीबाट कदापी पन्छिन मिल्दैन । यो स्थितिमा यथासिघ्र सुधार आउनु पर्छ ।

भ्रस्टाचार

भ्रस्टाचार नेपालको राष्ट्रिय महारोग हो । यो प्रधानमन्त्रीको कार्यालय देखि सबैभन्दा टाढाको गाउँको सरकारी कार्यालयमा समेत व्याप्त छ । भ्रस्टाचारले राज्यको हरेक अंग, निकाय र तहमा जरा गाडेको छ । अख्तियार प्रमुखको विरुद्धमा गरिएको अविश्वासको प्रस्ताव, राजस्व प्रमुख विरुद्धको अदालती कार्यवाहि, तिन तिन जना सुरक्षा निकायका प्रमुखहरु एकै चोटी थुनामा पर्नं र विभिन्न राजनेताहरुको बारेमा हालैको दिनमा छापिएका खवरहरुले भ्रस्टाचारको व्यापकतालाई प्रमाणित गर्दछ । जनताले तिरेको बहुमुल्य करमाथि गरिएका यस्ता कुकृत्य साँचो अर्थमा राष्ट्रघात र जनविरोधी हुन् । यो क्षम्य हुन् सक्दैन । ठुला र पुराना दलहरुले यस्तो संस्कृति र अभ्यास स्थापित हुनुको दोष वहन गर्नं पर्छ, भ्रस्टाचारलाई जरादेखिनै उन्मूलन गर्नं पर्छ ।

अराजकता र दण्डहिनता

लोकतन्त्रमा कानुनको शासन हुन्छ । कानून भन्दा माथि कोहि हुँदैन । तर नेपालमा देखिएको अराजकता र दण्डहिनता अद्वितीय छ । यहाँ अदालतले सजाय सुनाएको अपराधीहरु राजनीतिक दलकै कार्यकर्ता भएकाले जेलमा हुनुको साटो स्वतन्त्र बाहिर घुमी रहेका हुन्छन् । अर्बैको भ्रस्टाचार र अख्तियार जस्तो अति महत्वपूर्ण निकायलाई तहस नहस परेको व्यक्ति सजाय पाउनुको साटो विदेश उम्किन सफल हुन्छ । नेपालको इतिहासमा सबै भन्दा ठुलो घोटाला गरेको एकजना पूर्व कार्यालय प्रमुख घरमा आराम गरि रहेका हुन्छन् । सय र हजारको घुस खानेहरु कार्यवाहीमा पर्छन तर राज्यकोषबाट करौडौको लुट मच्चाउनेहरु कुनै पनि दण्डको भागीदार बन्दैनन् । नेपालमा यस्तो सर्वव्यापी अराजकता र दण्डहीनताले हरेक अंग र निकायको विश्वसनीयता समाप्त परेको मात्र होइन बरु यसले सबै क्षेत्रलाई छाडा र अराजक बनाएको छ । यसको अन्त्यको लागि कानुनी शासनको पूर्ण बहाली हुनु पर्छ ।

प्रभावहीन नीति अवलम्बन

नेपालमा बनेका र बन्दै गरेका सबै नीति र कानूनहरु दोषरहित छैनन् तर नीति र कानून जति आफैमा दोषी छन् त्यो भन्दा बढी भएका नीति र कानुनहरूको पनि प्रभावकारी अवलम्बन नहुनु हो । योग्य र असल नियतका पदाधिकारीहरुले भएकै नीति र कानून प्रयोग गरेर प्रशंसनीय कार्य गर्न सक्छन् । हालैको दिनमा काठमाण्डौ उपत्यका र अन्य

ठाउंहरुमा भएको विधुत कटौतीको अन्त्य यस्तै एउटा उदाहरण मात्र हो । एक जना निर्भिक र कुशल प्रशसकले भएकै नीतिहरूलाई इमानदारी पुर्वक प्रयोग गर्दा दशकौं लामो सास्तीको अन्त्य भएको छ । नीतिहरु प्रभावहीन हुनुको पछाडी शासकहरुको बदनियत, कर्मचारीतन्त्रको बेवास्ता, भ्रस्टाचार र केहि व्यक्ति र पक्षको स्वार्थ पूर्तिका लागि गरिएका निर्णयहरु हुन् । यसले हुनसक्ने उचित कार्य एवंम् अपेक्षित निर्णयहरुलाई पनि पर धकेल्ने कार्य गरेको छ । यसको लागि शासन(प्रशासन र दैनिक कार्य सम्पादनको तौर-तरिकामा आमुल परिवर्तन हुनु पर्छ ।

बेरोजगारी र युवा पलायन

नेपाल युवाहरुको देश हो । राष्ट्रिय जनगणना २०६८ अनुसार, नेपालको कुल जनसंख्यामा १६-४० वर्षका युवाहरु ४०.३३% रहेका छन्, जसमध्ये १६-२५ वर्ष उमेर समुहका युवाको साक्षरता दर ८०% रहेको छ भने २६-४० वर्ष उमेर समुहका युवाको साक्षरता ६१.३% रहेको छ । दर्भाग्य, कुल युवा जनसंख्याको १४% युवा रोजगारी र शिक्षाका लागि विदेशमा रहेका छन् । त्यसै गरिकन नेपालीहरुको मध्य-उमेर (Median Age) २२ वर्ष को हाराहारी रहेको छ जुन संसारकै सबभन्दा कम मध्येको एक हो । यस अर्थमा नेपालले आफ्नो युवा जनसंख्याको उर्जाको प्रतिफल पाउनु पर्ने हो । तर माथिको तथ्यांकले प्रमाणित गर्दछ कि नेपालका अधिकांश युवाहरु शिक्षित र योग्य भए पनि या त वेरोजगार छन् होइन भने विदेशिएका छन् । यो अत्यन्तै बिडम्बना र पीडादायी अवस्था हो । जुन उमेरका युवाहरुलाई हातमा शिप, मनमा उत्साह र काँधमा जिम्मेवारी दिएर राष्ट्र निर्माणको कार्य सुम्पिनुपर्ने हो ती युवाहरुलाई केहि विप्रेषणको लोभमा हामी विदेश पठाएर अरुकै देश निर्माण गर्ने कार्यमा बाध्य पार्दै छौं । यो नेपालको सम्पूर्ण युवा जमात र भावी पुस्ताको भविष्यसंग गरिएको अन्याय हो । देशलाई यो अत्यन्तै दुर्भाग्यपूर्ण र आपत्तिजनक अवस्थामा पुर्याउने को हुन् त रु जवाफ सहज छः आफैलाई मात्र ठुलो राष्ट्रवादी र आफु मात्र नेपालको हितैषी भन्ने राजनीतिक दलहरु र तिनका नेताहरुले नै यसको जिम्मेवारी लिन सक्नु पर्छ । सिंगापुर र कोरिया आफ्नै नागरिकमाथि लगानी गरेर बनेको देश हो र अमेरिका युवाहरुको उद्धमशिलताले समृद्ध भएको मुलुक हो । हाम्रो यात्रा उल्टो दिशामा गइ रहेको छ । नेपाली जनताले आसन्न निर्वाचनमा त्यस्ता दल र त्यस्ता नेताहरुको विरोधमा आफ्नो मत प्रयोग गर्नं पर्छ ।

अपर्याप्त भौतिक र सामाजिक संरचना

पर्याप्त र गुणस्तरीय सडक, सहज विधुत आपूर्ति र छरितो संचार व्यवस्था कुनै पनि देशको द्रुत विकासका लागि चाहिने प्रथम र अनिवार्य भौतिक संरचनाहरु हुन् । दुर्भाग्यबस नेपाल भौतिक संरचनाको दृष्टिले संसारकै पुछारका दश देशहरु मध्येको एक हो । यसले गर्दा नेपालको औद्योगिक विकास पहिले भन्दा पनि ओरालो लाग्ने क्रममा रहेको छ । कुनैवेला नेपालको राष्ट्रिय आयमा औद्योगिक क्षेत्रले १६% सम्मको योगदान गर्ने गरेको थियो तर अहिले यो तल झरेर ६% को हाराहारीमा सिमित भएको छ । केहि राजनीतिज्ञ, केहि भ्रस्ट

कर्मचारी र केहि अत्यधिक नाफाभोगी ठेकेदार र व्यापारीले गर्दा सडक र अन्य भौतिक सरंचानको निर्माणमा राज्यको ढुकुटीबाट निकै ठुलो खर्च भएको देखिए पनि परिणाम अत्यन्तै न्यून र लज्जास्पद छ । त्यसै गरिकन बिद्यालय, अस्पताल र अन्य सामाजिक संरचनाको अभावमा नेपालको शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्र पनि नराम्री प्रभावित भएको छ । फलस्वरूप शिक्षित र स्वस्थ नागरिक उत्पादनमा चुनौती थपिएको छ । तसर्थ, प्रभावशाली नीति निर्माण र तिनको प्रभावकारी कार्यन्वयन गरेर भौतिक र सामाजिक संरचनाको निर्माणलाई राज्यले उच्च प्राथमिकतामा राखेर द्रुत गतिमा अगाडी बढ्नुपर्ने अब अपरिहार्य भएको छ ।

असन्तुलित विदेश नीति

नेपालको दुई तिर अत्यन्तै तीव्रताका साथ विकास गर्दै गरेका र प्रविधी, पुंजी र बजारको दृष्टिले अत्यन्तै उन्नत र अग्रज रहेका दुई छिमेकी मुलुकहरु भारत र चिन अवस्थित छन् । ती देशहरुबाट वर्षेनी अरबौं रकम बरावरको विदेशी लगानी संसारका विभिन्न देशहरुमा गरिन्छ । तर, यति नजिक हुँदाहुँदै पनि अन्य देशहरुको दाँजोमा नेपालमा गरिएको भारत र चीनको लगानी नगन्य छ । यो संवेदनशील र सोचनीय विषय हो । यसको मूल कारण पहिल्याउने हो भने नेपालले बनाएको आफ्नो अन्तरराष्ट्रिय छवि र विशेष रुपमा यी दुई देशहरुसंग राखेको सम्बन्धको प्रकृति र तिनीहरुसंग गर्ने गरेको व्यवहार नै हो । लिखित, ठोस र दीर्घकालीन विदेश नीति को अभावमा यी देशहरु संग सतहमा सम्बन्ध सहज देखिए पनि ती देशका लगानीकर्ताहरुले नेपाललाई विश्वाश गर्न सकेका छैनन् । हरेक दलले आफ्नो अनुकुलता र आन्तरिक राजनीतिमा प्रभाव पर्ने उद्धेश्यले यी देशहरुसंगको सम्वन्धको व्याख्या गरिरहेका हुन्छन् । एउटा दल सरकारमा हुँदा र फेरी त्यहि दल सरकारमा नहुँदाको अवस्थामा उसको व्यवहार फरक भइ रहेको हुन्छ । दलहरु केहि मत प्राप्तिको लागि एक देशलाई अंगाल्ने र अर्कोलाई गाली गर्ने सम्मको अराजनीतिक र राष्ट्रहित विपरितका कामहरु गर्ने गरेका छन् । यस्तै कारणले होला, नेपालले आफुलाई यी दुई देशहरुको बिचमा एक ढुलमुले चरित्र भएको, अनाहकमा निंहु खोज्ने, सस्यानो कुरामा ठुलो प्रतिक्रिया दिने र सम्बन्धको ठोस र स्थायी आधार बनाउन नसकेको कमजोर मुलुकको रुपमा उभ्याएको छ । यो दुखद कुरा हो । यसको तत्काल अन्त्य हुनु पर्छ । छिमेकीले नापत्यकेको देशलाई टाढाका मुलुक र अन्तर्राष्ट्रिय कम्पनी र लगानीकर्ताहरुले पनि पत्याउन गार्हो मान्छ ।

राजपा नेपालको १५ प्राथमिकता

पहिचान, स्थान, अधिकार र स्वाभिमानको संघर्षलाई जारी राख्दै अब देशको चौतर्फी विकास द्रुतगतिमा हुनु पर्छ भन्ने कुराको गहिरो मनन राजपा नेपाले गरेको छ, सबै गाउँ, शहर र क्षेत्रको विकास हुनुपर्छ तर विशेष रुपमा राज्यले होच्याएको, अलपत्र पारेको र पूर्ण बेवास्ता गरेको मधेश र थरुहटको विकास अवको प्राथमिकता हुनुपर्छ, राज्यले सडक, विधुत, संचार, स्वास्थ्य, शिक्षा र अन्य सामाजिक क्षेत्रमा गरेको लगानीको अनुपात हेर्ने हो

भने यो पहाडभन्दा तराइमा कैयौं गुणाले कम देखिन्छ । केही वर्ष पहिले मात्र परिकल्पना गरिएको मध्य-पहाडी राजमार्गको द्रुत गतिको निर्माण तर दशकौं अगाडि सुरु गरिएको हुलाकी मार्गको दुरवस्थालाई तुलना गर्ने हो भने मात्र पनि राज्यले विकास कार्य समेतमा लिएको भेदभावको नीति छर्लङ्ग हुन्छ । यो एउटा मात्र उदाहरण हो । लगभग हरेक क्षेत्रको अवस्था यस्तै छ । राज्यकोषको समान र न्यायोचित वितरण, भेदभाव रहित अवसरको सिर्जना, नागरिकको आवश्यकतालाई प्राथमिकतामा राखी योजना पहिचान एवं कार्यक्रम तर्जुमा र समयोचित रुपमा योजना र कार्यक्रमहरुको अनिवार्य कार्यान्वयन समयको मांग हो । राजपा नेपालले तल उल्लिखित अति आवश्यक विषयहरुलाई आफ्नो तत्कालको प्राथमिकतामा राखेको छ ।

१. बाढीपहिरोको स्थायी समाधान

हरेक वर्ष तराई-मधेशको समथर मैदानमा आउने बाढीले व्यापक जनधनको क्षति गर्ने गरेको छ । यसको स्थायी समाधान खोजिनुको साटो सरकारको काम टालटुले र ओठे हुने गरेको छ । राजपा नेपाल यसको स्थायी समाधानका लागि वैज्ञानिक योजना बनाएर बृहत बाँध र कल्भर्ट निर्माण, वर्षा यामको पानीको उचित निकास, चुरे-भावरको प्रभाकारी संरक्षण एवं व्यापक वृक्षरोपणको कार्यक्रम संचालन गरी तराई-मधेशका जनतालाई यस प्रकोपबाट सधैँको लागि मुक्त गर्न सशक्त कार्यक्रम संचालन गर्ने छ ।

२. हुलाकी मार्ग, थप सडक संजाल र रेलसेवाको विस्तार

सडक, रेल एवं अन्य भौतिक संरचना निर्माणको दृष्टिले तराई-मधेश अत्यन्तै सुगम र सस्तो भएता पनि उदासिन राज्य, पूर्वाग्रही कर्मचारीतन्त्र एवंम् स्थानीय स्तरमा हुनु पर्ने दवावको कमीले हुलाकी मार्गको घोषणा दशकौं पहिले भएता पनि यसको निर्माण कार्य अत्यन्तै सुस्त छ । तराई-मधेशमा सहज आवागमन र सर-सामानको ढुवानीको लागि हुलाकी मार्गलाई यथाशीघ्र सम्पन्न गरी थप सडक सन्जालको निर्माण राजपा नेपालको प्राथमिकता रहने छ । पुर्व-पश्चिम राजमार्गको समानान्तर आधुनिक रेलमार्गको निर्माण र विस्तार गरिने छ ।

३. काठमाण्डौ-निजगढ द्रुतमार्ग र निजगढ दोश्रो अन्तराष्ट्रिय विमानस्थल

प्रमुख राजनीतिक दलहरु, विशेष रुपमा नेकपा एमालेको संकीर्ण सोचका कारण बन्नै लागेको **काठमाण्डौ-निजगढ** द्रुतमार्ग अहिले अलपत्र परेको छ । हुनत यसको निर्माणको जिम्मा नेपाली सेनालाई दिइए तापनि सेनाको अनुभव यो स्तरको योजना सम्पन्न गर्ने कार्यमा नभएकोले उसलाई गाह्रो पर्ने कुरामा दुई मत छैन । साथै यो द्रुतमार्गको पूर्ण सदुपयोग र आर्थिक प्रतिफल निजगढ़को दोश्रो अन्तराष्ट्रिय विमानस्थल बनेपछि मात्र हुने भएकोले राजपा नेपालको प्रयास यी दुवै योजनाहरु एकै चोटी र यथाशीघ्र सम्पन्न गर्नमा हुनेछ । यी दुवै योजनाहरु नेपालको अन्तराष्ट्रिय छवी, छरितो विकास र आधुनिकीकरण संग जोडिएका छन् ।

४. जनकपुरः अन्तराष्ट्रिय पर्यटन स्थल एवं विश्व हिन्दू केन्द्र

सीताको जन्मभूमि, राम-सीताको विवाह स्थल एवं मिथिला साम्राज्यको केन्द्र भएकोले जनकपुरको महत्व विश्वका करिव सवा अर्व हिन्दूहरुका लागि अद्वितीय छ । यसको सही विकास, सम्वर्धन, थप भौतिक संरचनाको निर्माण र अन्तराष्ट्रिय रुपमा प्रचार-प्रसार गरियो भने यो विश्वको हरेक हिन्दूहरुको लागि अनिवार्य आराध्य स्थल बन्न सक्छ र यहाँ वर्षेनी लाखौं पर्यटक र धर्मावलम्बीहरुको आगमन हुन् सक्छ । यसका लागि जनकपुरको वृहत् र चौतर्फी विकासका लागि दक्ष र अनुभवी विशेषज्ञहरुको सहयोगमा आधुनिक गुरुयोजना तयार गरी जनकपुरका सबै मठ-मन्दिरको जिर्णोद्धार, सबै पोखरी एवं तलाउहरुको सफाइ र घाट निर्माण, सबै सडक र ढल नालाको उचित व्यवस्थापन र वृक्षारोपण द्वारा शहरको हरियालीकरण, मिथिला हाट एवं संग्रहालय आदिको निर्माण, रामायणका विभिन्न घटनाक्रमहरुलाई झल्काउने श्रव्यदृश्य एवं प्रकाशको व्यवस्था, वर्षेनी हुँने विवाह पंचमी, राम नवमी र परिक्रमाहरुको आधुनिक तरिकाले सही व्यवस्थापन, आवश्यक थप पर्यटकीय संरचनाहरुको निर्माण र साथै धनुषाधाम, जलेश्वर आदि अन्य महत्वपूर्ण पर्यटकीय स्थलहरुसंग जोडिने सडक र पूर्वाधारको निर्माणलाई प्राथमिकतामा राखिने छ। निजी क्षेत्रलाई पाँच तारे होटेल, आधुनिक रेस्टुरेन्ट, व्यापारिक मल (Shopping Mall), अम्युजमेंट पार्क (Ammusement Park) आदिमा लगानी गर्न प्रोत्साहन, करमा छुट एवं अन्य विशेष सुविधाहरुको व्यवस्था गरिने छ । **जनकपुरलाई रामायण सर्किटको अवधारणा अन्तर्गत अयोध्या एवं नेपाल र भारतका अन्य शहरहरुसंग जोडिने छ । जनकपुर विमानस्थललाई अधिनुक बनाइने छ । शुरुमा क्षेत्रीय र पछि अन्तराष्ट्रिय विमानस्थलको रुपमा यसको विकास गरिने छ ।**

५. विरगंजः नेपालको आर्थिक कारोबार र व्यापारको प्रमुख केन्द्र

विरगंजको ऐतिहासिक महत्व र नेपालको आर्थिक उन्नतिमा पुर्याएको योगदान र सम्भावनालाई उच्चतम मुल्यंकन गर्दै यसलाई नेपालकै आर्थिक गतिविधिको केन्द्र (Financial Hub) को रुपमा थप विकास गरिनेछ । विरगंजलाई आधुनिक सहरको रुपमा विकास गर्न यहाँ सडक, व्यापारिक भवन र कम्प्लेक्स, स्तरीय तारे होटेलहरु र सूचना प्रविधिको विस्तार गर्न आवश्यक व्यवस्था मिलाइने छ । यसलाई बैंकिंग, बिमा, शेयर कारोबार र अन्तराष्ट्रिय व्यापारको केन्द्र बनाइनेछ । हाल विरगंजमा रहेका उद्योगहरुलाई थप प्रोत्साहित गर्दै नयाँ उद्योगहरु खोल्न निजी क्षेत्रलाई आकर्षित गर्ने सेवा, सुविधा र छुटको योजना बनाइनेछ । अनुभव, सिकाई, लगानी र प्रविधि हस्तान्तरणको लागि विरगंजलाई विश्वका अन्य व्यापारिक र आर्थिक कारोबार हुने सहरहरुसँग मित्र-सहरको रुपमा औपचारिक र सरकारी स्तरमै जोडिने छ ।

६. विराटनगर, भैरहवा र नेपालगंजः नेपालको आर्थिक विकासको मेरुदण्ड (Growth Engine)

नेपालको औद्योगिक विकासमा विराटनगर, भैरहवा र नेपालगंजको ऐतिहासिक महत्व छ । तर उदासीन सरकार, असक्षम नेतृत्व, आवश्यक पूर्वाधारको अभाव र बारम्बारको बन्द एवं

हडतालका कारण त्यहाँ रहेका उद्योगहरुले उचित सम्मान, संरक्षण र प्रोत्साहन पाएका छैनन् । तसर्थ, नेपालको सम्पूर्ण आर्थिक वृद्धिलाई नै प्रभावित पार्न सक्ने सम्भावना भएका विराटनगर, भैरहवा र नेपालगंजमा रहेका सबै उद्योगहरुको योगदानलाई कदर गर्दै तिनको सम्वर्धन र थप विस्तारको कार्यक्रमहरु बनाइने छ । निर्वाध विद्युत आपूर्ति, औद्योगिक निकासको व्यवस्थापन, Access Road को निर्माण एवं स्तरोन्नति, श्रमिक विकास, प्राविधिक प्रशिक्षण र राजनीतिक हस्तक्षेपको समाप्ति आदि दिशामा ठोस कार्य गरिने छ । निर्यात केन्द्रित र अन्य विशेष औद्योगिक क्षेत्रहरुलाई थप सुविधा पुर्याउन पहल गरिनेछ ।

७. लुम्बिनी: अन्तराष्ट्रिय बुद्धिस्ट केन्द्र

अन्तराष्ट्रिय आकर्षणको केन्द्र भएता पनि र लुम्बिनी विकासको लागि गरिएका थुप्रै आन्तरिक र वैदेशिक कार्यक्रमहरुका बावजुद समग्र लुम्बिनीको विकास अपेक्षित गतिमा हुन सकेको छैन । यहाँ सुरु गरिएका योजना एवं कार्यक्रमहरु असम्वेदनशील नेतृत्व, सुस्त संयोजन, राजनीतिक हस्तछेप र समन्वय अवाभका कारण प्रभावित हुने गरेका छन् । यसका साथै, लुम्बिनी वरिपरि रहेका तर उत्तिकै महत्वका अन्य ऐतिहासिक र धार्मिक महत्वका स्थलहरुलाई वेवास्ता गरिएको वा पर्याप्त ध्यान न दिइएको अवस्था छ । यसका साथै थुप्रै अन्य विदेशी, स्वदेशी, स्थानीय, व्यक्तिगत, संस्थागत र सरकारी स्तरमा गरिने सहयोगहरुप्रति रुची देखाइएता पनि नेता र कर्मचारीको व्यक्तिगत लाभ नहुने देखिएकोले आलटाल गरिएका तथ्यहरु पनि बाहिर आएका छन् । तसर्थ, लुम्बिनीको समग्र र अपेक्षित विकासका लागि लुम्बिनी विकास गुरुयोजनालाई तत्काल थप प्रभावकारी बनाइने छ । ढिलो भएका योजना र निर्माण कार्यहरुलाई यथाशीघ्र सम्पन्न गरिने छ र सुरु नभएका कार्यक्रमहरुलाई अविलम्ब प्रारम्भ गरिने छ । राजनीतिक हस्तक्षेप लाई निरुत्साहित गरिने छ तथा ऊर्जावान, जानकार र सक्षम कर्मचारीको वहाली गरिनेछ । सुस्त गतिमा निर्माण हुँदै गरिएको गौतम बुद्ध अन्तराष्टिय विमानस्थललाई शीघ्र सम्पन्न गरी संचालनमा ल्याइने छ ।

८. सूचना प्रविधि र इन्टरनेट सेवाको विस्तार

सूचना प्रविधि र इन्टरनेटको सेवा उपलब्ध नभएको वा गुणस्तरीय नभएका ठाउँहरुमा आवश्यक नीति तर्जमा गरी सुलभ र सस्तो इन्टरनेट सेवा उपलब्ध गराइनेछ । सरकारी र सार्वजनिक रुपमा संचालित माध्यमिक, उच्च माध्यमिक एवं व्यवसायिक शिक्षा केन्द्रहरुमा निशुल्क इन्टरनेटको सुविधा प्रदान गरिने छ । यसका लागि सरकारी र निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायकहरुसंग आवश्यक सहकार्य गरिने छ ।

९. युवा मैत्री नीति तथा कार्यक्रम

युवाहरुका लागि धरौटी रहित शैक्षिक ऋण उपलब्ध गराउन आवश्यक नीति निर्माण गरी बैंकिंग सेवालाई युवा मैत्री बनाइनेछ । वैदेशिक रोजगारमा जान चाहने युवाहरुका लागि धरौटी रहित ऋण सहज र छरितो बनाइनेछ । स्वरोजगार योजनालाई नयाँ र परिमार्जित रुपमा लागू गरिनेछ । बैंक र वित्तीय संस्थाहरुलाई कुल ऋण प्रवाहको कम्तिमा १%

युवाहरुको नयाँ कारोबार (Start Up) को योजनामा बिना धितो अनिवार्य लगानी गर्नपर्ने व्यवस्था गरिने छ । आवश्यक नयाँ नीति निर्माणका साथ-साथै युवाहरुमा उद्धमशीलता विकासका लागि प्रशिक्षण र अभिमुखीकरणका कार्यक्रमहरु संचालन गरिनेछ । विराटनगर, जनकपुर, वीरगन्ज, भैरहवा, नेपालगंज र धनगढीमा आधुनिक क्रिकेट मैदानको निर्माण वा स्तोरन्नती गरिने छ । त्यसमध्ये कुनै दुईलाई अन्तराष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने स्तरको रंगशालाको रुपमा विकास गरिने छ ।

१०. महिला मैत्री नीति तथा कार्यक्रम

सरकारी/सार्वजनिक शैक्षिक संस्थाहरुमा महिलाको लागि हरेक तहको उच्च शिक्षा निशुल्क गरिने छ । हरेक नवजात वालिका जन्मनासाथ उसको सुरक्षित भविष्यका लागि आमाको संरक्षत्वमा वालिकाको नाममा रु. १०००० (दश हजार) अनुदान दिर्घकालिन मुद्दती खाता खोलि बैंकमा जम्मा गरिने छ जुन वालिका १८ बर्ष पुगेपछि आवश्यकता अनुसार ब्याज सहितको एक मुस्ट रकम प्रयोग गर्ने सक्नेछन् । दहेज प्रथाको उनुचित प्रयोगलाई निरुत्साहित गर्न कम्तिमा १०+२ सम्मको शिक्षा प्राप्त गरेका र उमेर पुगेका विवाहयोग्य महिलालाई विवाहको समयमा आधा तोला सुनको मङ्गलसुत्र वा सो वरावरको रकम प्रदान गरिने छ, अरु अवान्छित कुनै पनि दाइजोलाई कानूनअनुसार व्यवहार गरिने छ ।

११. किसान मैत्री नीति तथा कार्यक्रम

बढ्दो सरकारी उदासिनता, घट्दो कृषि उत्पादन, बाँझो खेत, ऋणमा डुबेका किसान र मर्कामा परेका कृषि कामदार नेपालमा ७०% जनसंख्याको जीविका धान्ने र राज्यको ढुकुटीमा ३०% योगदान गर्ने कृषि क्षेत्रमा देखिएका बिडम्बना मात्र होइनन् अपितु अशुभ संकेतहरु हुन् । कृषि क्षेत्रको आधुनिकीकरण, नयाँ प्रविधिको प्रयोग, पैदावारको औद्योगिकीकरण, उत्पादन वृद्धि र विविधिकरण, सरलीकृत कृषि ऋणको सहज उपलब्धता तथा नयाँ बजार विस्तार र व्यवस्थापन आदि केही यस्ता उपायहरु हुन् जसले किसानको जीवन सुखद बनाउनुको साथै देश विकासमा कृषि क्षेत्रको योगदानलाई वृद्धि गर्न सकिन्छ । यो राजपा नेपालको प्राथमिकताको विषय रहनेछ ।

१२. गरिब मैत्री कार्यक्रम

नेपालमा समानुपातिक समावेशीताको सिद्धान्तलाई आत्मसात गर्दै नेपालमा राजनीतिक प्रतिनिधित्व, कर्मचारी नियुक्ति र राज्यले प्रदान गर्ने केही अन्य अवसरहरुमा केहि सार्थक प्रयासको थालनी भएको छ । तर यो पूर्ण, पर्याप्त र प्रभावकारी छैन । यसलाई अझ बढी व्यवहारिक, विस्तारित र वैज्ञानिक बनाउनु पर्ने आवश्यकता छ । यसको प्रतिफल नेपालको कुल जनसंख्याको लगभग एक चौथाई गरिबीको रेखा मुनि रहेका अति विपन्न नेपाली समक्ष तुरुन्तै पुग्ने सम्भावना न्यून छ । तसर्थ, तिनको जीवनलाई थप कस्टकर हुनबाट बचाउन त्यस्ता हरेक नेपालीको पहिचान गरी तिनलाई सहुलियत मुल्यमा चामल र अन्य दैनिक सामग्री सहज उपलब्ध गराउने व्यवस्था गरिने छ ।

१३. वैदेशिक लगानी आकर्षण र निजी क्षेत्र प्रोत्साहन

कुनै पनि देशको द्रुत गतिको विकासका लागि, वर्तमान समयमा सरकारी प्रयास र स्वदेशी पुंजी पर्याप्त हुँदैन । यसको लागि वैदेशिक लगानी र निजी क्षेत्रको सहभागिता अपरिहार्य छ । प्रस्तावित संघीय संरचनामा प्रदेशले विदेशी लगानी आकर्षित गर्नका लागि केन्द्र सरकारको अनुमति र सहकार्यको अनिवार्यता राखिएको छ । यो उचित अवस्था होइन । संघीय सरकारले हरेक प्रदेशको हरेक वैदेशिक लगानीलाई नियन्त्रण वा अनुगमन गर्न थाल्यो भने यो सुस्त र पेचिलो हुने मात्र होइन यसमा कर्मचारीतन्त्र हावी हुन जान्छ । हरेक प्रदेश सरकारलाई आफ्नो आवश्यकता अनुसार अन्य सरकार र विदेशी निकायहरुसंग समन्वय र सहकार्य गर्ने स्वतन्त्रता हुनु पर्छ । राजपा नेपाल यस्तो अवस्थाको बहालीका लागि प्रयासरत रहनेछ । देश र विदेशका निजी क्षेत्रहरुको बिचमा संचार, समन्वय र सहकार्यले मात्र आधुनिक समयमा सस्तो, गुणस्तरीय र छरितो सेवा एवं वस्तु उपलब्ध गराउन सकिन्छ । राजपा नेपाल निजि क्षेत्रको विकास, विस्तार र राष्ट्र निर्माणमा योगदान गर्ने वातवरण निर्माण गर्न कटिबद्ध छ ।

१४. शहिद स्तम्भ एवं शहिद स्मारक निर्माण

मधेश आन्दोलन, थरुहट आन्दोलन र अन्य आन्दोलनहरुमा आफ्नो ज्यानको आहुति दिने अमर शहिदहरुलाई श्रद्धाञ्जली अर्पण गर्न, तिनको त्यागलाई प्रेरणाको श्रोतको रुपमा रुपान्तरण गर्न र तिनको योगदानलाई चिर-स्मरणीय बनाउन शहादत दिएका हरेक ठाउँमा शहिद स्तम्भ र शहादत भएका हरेक जिल्लामा शहिद स्मारकको निर्माण गरिने छ । साथै शहिद परिवारको उचित हेरचाह, घाइते र अंगभंग भएकाहरुको उपचार र रोजगारीको उपायको बारेमा पनि राजपा नेपाल कटिबद्ध र क्रियाशील रहने छ ।

१५. हरेक क्षेत्र, विशेष क्षेत्र

हरेक क्षेत्रलाई निम्नानुसार प्राथमिकतामा राखेर योजना कार्यन्वयन एवं कार्यक्रमहरु संचालन गरिनेछ ।

एक प्रादेशिक निर्वाचन छेत्र, एक प्राविधिक शिक्षालयको स्थापना

एक संसदीय निर्वाचन क्षेत्र, एक आधुनिक अस्तपलाको स्थापना

एक संघीय प्रदेश, एक विशिष्ट उद्योगको स्थापना

मिथिला, भोजपुरा, अवध र थारु समुदायको इतिहास, भाषा, संस्कृति र कलालाई संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले उपयुक्त स्थानहरुमा संग्रहालय र अनुसन्धान केन्द्रहरुको स्थापना गरिने छ ।

प्रदेश-२ मा निर्माण गरिने पहिलो दुई वटा पाँच तारे होटेललाई संचालनमा आएको मिति देखि पाँच वर्षसम्म प्रदेश स्तरीय हरेक करमा पूर्ण छुट दिइनेछ ।

प्रदेश-२ मा स्थापित गरिने एक अर्वभन्दा बढी लगानीको कुनै पनि उद्योगलाई संचालनमा आएको मिति देखि पाँच वर्षसम्म प्रदेश स्तरीय हरेक करमा ५०% सम्मको छुट दिइनेछ ।

वर्तमान अर्थतन्त्र दश वर्षे जनयुद्ध, लामो संक्रमणकालीन अवस्था, विनाशकारी भूकम्प, विभाजित एवं विभेदकारी संविधानले खडा गरेको द्वन्द्व र सत्ताधारीहरुको संवेदनहिनताले अत्यन्त अप्ठेरो स्थितिमा पुगेको छ । ऊर्जा संकट एवम औद्योगिक मैत्री वातावरणको अभावमा उद्योगहरु वन्द भईरहेका छन् । युवाहरुको पलायन र कृषि प्रति सरकारी उदासिनताले हजारौँ हेक्टर कृषि योग्य भूमि वाँझो रहेको छ । जीवन जोखिममा हालेर आएको रेमिटेन्सको उपयोग अर्थतन्त्रको सुदृढीकरण भन्दा आयातमा खर्च भई रहेको छ । हाम्रा दुईवटै छिमेकी विश्वका प्रवल आर्थिक शक्तिको रुपमा स्थापित भई सके तापनि हामीले त्यस बाट फाईदा लिन नसकेको अवस्था छ ।

हामी लोकतान्त्रिक समाजवादको अनुशरणकर्ता हुनुका साथै उदार अर्थतन्त्र, खुल्ला वजार र मिश्रित अर्थ व्यवस्थाका पक्षधर हौँ । हाम्रो ग्रामिण अर्थतन्त्रमा स्रोत साधन जुटाउन राज्यको प्रवल उपस्थिति हुनुको साथै शहरी अर्थतन्त्र (Urban Economy) मा नीजि क्षेत्रको प्रमुखता हुनु पर्ने हो । पूर्वाधार विकासको साथै शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा दुवैको उपस्थितिको साथै सहकारीको सिद्धान्त समेत अपनाउदै सार्वजनिक निजी साझेदारी (Private Public Partnership) को अवधारण समेत लिएर अगाडी वढ्दै, देशको सामाजिक, आर्थिक रुपान्तरण गरी देशलाई आत्मनिर्भर वनाउने लक्ष्य हासिल गर्नु पर्छ ।

१. कृषि

कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो र यो अधिकांस नेपालीको जीविकोपार्जनको मूल माध्यमको रुपमा रहेको छ । कृषि क्षेत्रले जनसंख्याको ७% लाई आंशिक वा पुर्ण रोजगारीको अवसर प्रदान गर्दछ र कुल ग्रार्हस्थ उत्पादनमा यसको ३% योगदान रहेको छ । यसले रोजगार तथा जीविकोपार्जन, औद्योगिक विकास, अर्न्तराष्ट्रिय व्यापार, जीवनस्तर उकास्ने र गरीबी निवारणमा समेत महत्वपुर्ण योगदान गरेको छ । तथापि नेपालले अहिले ठुलो मात्रामा खाद्यान्न आयात गर्नु परेको छ । सार्क देशहरुमध्ये नेपालमा कृषि तर्फ राज्यले कहिल्यै यथेष्ट ध्यान दिएन र प्राथमिकतामा पनि पारेन । उदाहरणको लागि १९६१ देखि १९९९ सम्मको विचमा धान खेति नेपालमा ०.६% वार्षिक रुपले मात्र बढ्न सक्यो । जवकि बंगलादेश (१.४१), श्रीलंङ्का (१.४३), भारत (१.७९) र पाकिस्तान (१.९७) ले वृद्धि गरेको छ । अहिले नेपालमा खाद्यान्नको पर निर्भरता बढ्दै गएको स्थिति छ ।

तराई-मधेस देशको खाद्यान्न भण्डार हो भन्ने कुरा निर्विवाद छ किनभने कृषिको मुख्य आधार क्षेत्र तराई मधेसको समथर भूमी नै हो र यसले नै पहाड/हिमालको ठुलो खाद्यान्न अभाव (Food-Deficit) मध्येको दुई लाख टन आपूर्ति गदर्छ तथापि तराइ-मधेशका अधिकांस जिल्लामा व्याप्त विपन्नताले यस क्षेत्रमा सरकारको यथेष्ट ध्यान नपुगेको तथ्यलाई छर्लङ्ग पार्दछ । कम उत्पादनले कृषकको आर्थिक स्तरलाई झनै कमजोर बनाएको छ र त्यसैले

मानव विकास सुचाङ्क (HDI) मा पनि प्रत्यक्ष असर पारेको छ । कृषिलाई आयमूलक व्यवसाय बनाएको भए सायद मधेसका किसान अर्थात् एक उल्लेखनिय जनसंख्या आज गरीवीको रेखामुनि नभई सम्पन्नताको बाटोमा लम्किन्थे । नेपालमा कृषि उत्पादनमा सुधारका प्रवल सम्भावना छ । त्यसका लागि साधन र श्रोतको संचालन, जग्गाको चक्लाबन्दी, वाली विविधिकरण भुमिस्थलको संरक्षण एवं देशको वृहत जलश्रोतको सहि परिचालन र संरक्षण तथा ग्रामिण सडक र विद्युतीकरण जस्ता पुर्वाधार विकासका साथै शिक्षा तथा तालिमद्वारा कृषकको क्षमता-वृद्धि जस्ता कुरा प्राथमिकताको क्षेत्र हुनु पर्छ ।

कृषिमा लगानी वृद्धि नहुनु परोक्षरुपमा मधेसका किसानहरुप्रति विभेदकारी नीतिको परिणाम हो । विभेदकारी र असमान बजेट वितरण अर्का कारण हुन । उदाहरणार्थ स्टाभेरी, अलैचीं, कफी खेती ईत्यादिको अनुदानमा ठुलो खर्च गर्ने तर वार्षिक अरबौको खाद्यान्न आयातलाई प्रतिस्थापित गर्ने र आन्तरिक खाद्य सुरक्षालाई सुनिश्चित गर्ने कार्य प्रति विगतका सरकार हरुले किन लगानी वृद्धि गर्न सकेन रु प्रतिकूल मौसमले पर्ने कुप्रभावलाई सामना गर्न पनि श्रोत साधनको अभिवृद्धि गरी आवाश्यक उपाय अपनाउन सकिन्छ । यसको साथै विगतमा गरिएका कृषि क्षेत्रका सोधहरु पनि सोधकर्ताहरुको हितलाई भन्दा किसानको आवश्यकतालाई ध्यानमा राखेर हुनु पर्ने हो । प्रविधि र तालिमको पहुँच सिमान्तकृत किसानसम्म पुग्न सकेको छैन । यो अत्यन्त सिमित परिधि, खासगरी केही ठूला किसानको पहुँचसम्म मात्र रहेको छ । गाउँका अधिकांस युवा र किसानहरु सहरी क्षेत्र भारत वा अन्य तेश्रो देशको वैदेशिक रोजगारमा लगातार पलाएन हूँदै गएका छन् । कृषि लाभमूलक पेशा नभएकै कारण युवा पुस्ताको चासो यस प्रति घट्दै गएको छ ।

जल व्यवस्थापन: जल कृषिको जीवन हो तसर्थ उत्पादन वृद्धिको सबभन्दा महत्वपुर्ण कार्य जल व्यवस्था नै हो । कुल कृषि योग्य भुमिको १८% मात्र सिञ्चित भुमि रहेको छ र यसको आधा क्षेत्रफल अर्थात् ९% मा मात्र बर्षभरि सिंचाई सुविधा उपलब्ध छ । त्यहाँ वर्षमा ३/४ पटकसम्म वाली उत्पादन हुन सक्छ । जग्गा वृद्धिको संभावना लगभग समाप्त प्राय छ । तसर्थ दुई किसिमले उत्पादन बृद्धि गर्नु पर्दछ । पहिलो वाली सघनतामा बृद्धि अर्थात् एउटै जग्गामा ३-४ पटक सम्म उत्पादन गर्ने, दोश्रो कृषिमा प्रयोग हुने मलखाद, उन्नत विउ, सिचाई, खनिजतत्व र विशेष टनिकहरुको प्रयोग गरी प्रति हेक्टरमा दोब्बर भन्दा बढि बृद्धि गर्ने । उदाहरणको लागि भारतमा उखुको लागि प्रयोग भएको प्रविधि विकास र ड्रिप प्रणालीद्वारा उत्पादनमा अढाई दोब्बर वृद्धि भएको तथ्याङ्क वाहिर आइसकेको छ । यसले उत्पादकत्व वृद्धिको कुरालाई तथ्यपरक रहेको प्रमाणित गर्दछ ।

भु-संरक्षण: पहाड र खास गरी चुरे क्षेत्रको संरक्षण गरि तराई मधेसको मलिलो जमिनलाई मरुभूमिकरणबाट बचाउन भूमि र जल संरक्षणका विशेष परियोजनाहरु संचालन गर्नुपर्दछ । यसको साथै भु-संरक्षण रोक्न विभिन्न प्रारम्भिक र वैज्ञानिक पद्धति अपनाउन जरुरी छ ।

श्रोत-साधनमा पहुँच: विगतका कार्यक्रमहरुले भित्रि गाउँ र सिमान्तकृत किसान समुह तथा भुमिहिन र महिला समुह सम्म पुगिराखेको अवस्था छैन । गरीबी निवारण र खाद्य

सुरक्षालाई मध्यनजर राखेर नै सामाजिक न्यायको लागि आगामी दिनमा श्रोत साधन यी समुह सम्म पुग्नु पर्ने तथ्य कसैले विर्सनु हुँदैन ।

पुर्वाधारको विकास र उत्पादनको विविधिकरण: कृषि सडकको विकास र विद्युतीकरणद्वारा ग्रामिण क्षेत्रको कृषिलाई लाभमूलक बनाउन जरुरी छ । बाली उत्पादनको साथसाथै समथर भूमिमा (**तराई-मधेसमा**) उन्नत जातका पशुपालन, मत्स्य उत्पादन, दुध उत्पादन, विभिन्न जडिबुटी उत्पादन, कृषि वनका उत्पादन र यसैमा आधारित कुटिर उद्योगको स्थापना हुनुपर्दछ ।

कृषि एवं पशु पंक्षीजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण तथा गुणस्तरीयताकोलागि उन्नत प्रविधि एवं कृषि पुर्वाधार र सुलभ कृषि कर्जाको व्यवस्था गर्नुपर्छ । साथै कृषि तथा पशु पंक्षी जन्य उत्पादनमा अनुदानको दायरा बढाई आयात प्रतिस्थापन गर्नु पर्दछ ।

कृषिलाई उद्योगको रुपमा विकास गर्नुपर्दछ र आवाश्यक सबै पूर्वाधार तयार गर्न सरकारले यस क्षेत्रमा दिर्घकालिन योजना बनाई ठूलो लगानि गर्नु पर्दछ । यसले जनताको व्यापक सहभागिता तथा नीजि क्षेत्रको लगानीसमेतलाई आकर्षक गर्ने वातावरण बनाउनु पर्दछ । कृषिलाई साझेदारी, सहकारी र नीजि उद्योगको रुपमा चलाउन सक्ने व्यवस्था हुनु पर्दछ । साना-ठूला सबै खाले कृषकको जग्गा कृषि उद्योगको लागि आवाधिक १५-२० वर्ष सम्मको लागि लिजमा लिने/दिने कानूनी व्यवस्था हुनु पर्दछ । सिमान्तकृत र महिला किसानहरुलाई यस उद्योगमा काम गर्नलाई प्राथमिकता दिन' पर्दछ । यस कामको लागि सरकारले लक्ष निर्धारण गरि १० वर्ष भित्र वर्तमान कृषि उत्पादनलाई खाद्य सुरक्षा, आत्म निर्भरता, रोजगारी, कूल ग्राहस्था उत्पादनमा वृद्धि र गरीबी निवारणको प्रमूख कारकरुपमा लिएर अगाडि बढ्नु पर्ने अवको आवाश्यकता हो ।

२. सिचाइ

परापूर्व काल देखि मधेशमा सिचाई गर्नका लागि कुलो कुलेसा निर्माण गरी देशको लागि खाद्यान्न उत्पादनमा वृद्धिगरि आत्मनिर्भर बनाउँदै सन् १९८० को दसक सम्म खाधान निर्यात समेत गर्दै आएको थियो । किसानहरुको आफ्नो प्रयासबाट रुपन्देहीका छत्तीस मौजा, एवं कैलालीको रानी जमरा र कुलरिया जस्ता बृहत सिचाई प्रणाली निर्माण गरी हजारौ हेक्टर क्षेत्रमा सिचाइको संरचना निर्माण गरी सिचाई सुविधा उपलब्ध गराइएको थियो । सप्तरीको चन्द्रनहर, सर्लाहीको युद्धनहर, जस्ता आयोजनाहरुको निर्माण गरी सरकारी स्तरबाट समेत सिचाइको आवश्यकतालाई स्वीकार गरिएको पाइन्छ । तराई-मधेशमा सिचाइ गर्न लायके १३,५६,००० हेक्टर जग्गा रहेकोमा झापाको कन्काई सिचाइ योजना, सुनसरी र मोरङ जिल्लाको सुनसरी मोरङ सिचाइ योजना सप्तरीको कोशी पम्प नहर आयोजनाका र कोशी वितरण प्रणाली, सिरहा र धनुषाको कमला सिचाई आयोजना, सर्लाही र रौतहटको बागमती सिचाई आयोजना, बारा र पर्साको गण्डक पुर्वी नहर प्रणाली, चितवनको नारायणी लिफ्ट सिचाइ प्रणाली, नवलपरासीको गण्डक पश्चिमी नहर, रुपन्देहीको मर्चवार र भैरहवा लुम्बिनी भुमिगत सिचाइ प्रणाली, कपिलवस्तुको बाणगंगा सिचाइ प्रणाली, बर्दियाको राजापुर सिचाई आयोजना र बबई सिचाई आयोजना एवं

कञ्चनपुरको महाकाली सिचाई प्रणाली लगायतका आयोजनाहरु निर्माण गरी मधेशको सिचाइ गर्न लायकको कृषि योग्य भुमिमा सिचाइको पूर्वाधार तयार गरिएको छ । बाँकेको सिक्टा सिचाइ आयोजना निर्माणाधिन अवस्थामा छ ।

कृषि योग्य भूमिमा अव्यवस्थित सहरिकरण गरिदैंछ । चुरेको बनजंगलको विनाशले बाढि, पहिरो जाने क्रम वढदै गएकोले मधेशको उर्वर भ"मिको उत्पादकत्व धटदै गएको छ ।

नेपालको भू-बनोट नदी नालाहरुको अवस्थिति र ती नदीहरुमा बग्ने पानीको परिमाणको आधारमा मधेशका कृषियोग्य भूमिलाई बर्षभरी सिचाई सुविधा उपलब्ध गराउनका लागी आवश्यकता भन्दा बढी भएको जलाधारको पानीलाई अर्को नदीको जलाधारमा स्थानान्तरण गरी सिचाई संरचनाको निर्माण गर्ने र ती आयोजनाहरुबाट विद्युत उत्पादन समेत गर्न सक्ने सम्भावना रहेकोले अन्तर जलाधार आयोजनाहरुको निर्माण गर्न आवश्यक छ । यसै क्रममा भेरी नदीको पानी ववई नदीमा स्थानान्तरण गरी बर्दिया जिल्लाको ६०,००० हेक्टरमा सिचाई सुविधा उपलब्ध गराउन र ४८ मेगावाट विद्युत उत्पादन गर्ने आयोजनाको थालनी भएको छ । त्यस्तै सुनकोशीको पानीलाई कमला अथवा मरिन नदी वेसिनमा स्थानान्तरण गरी सर्लाही , महोत्तरी, धनुषा र सिरहाका १,७५,००० हेक्टर जमीनमा सिचाइ सुविधा पुऱ्याउने र ९० मेगावाट विद्युत उत्पादन गर्ने, कालीगण्डकीको पानी तिनाउ जलाधारमा स्थानान्तरण गरी नवलपरासी, रुपन्देही र कपिलवस्तुको १००,००० हेक्टर सिचाई गर्ने र ५० मेगाावाट विद्युत उत्पादन गर्ने, काली गण्डकीका पानी नवलपरासी स्थानान्तरण गरी नवलपरासी र रुपन्देहीको १२,००० हेकटरमा सिचाइ गर्ने र ५ मेगावाट विद्युत उत्पादन गर्ने सम्भावना देखिएको छ । यस्तै त्रिशुली-चितवन वाट ४०,००० हेक्टर सिचाइ र ३५ मेगावाट विधुत उत्पादन गर्ने, राप्ती डाइभर्सन वाट ८०,३५० हेक्टर सिचाइ तथा १०७ मेगावाट बिधुत उत्पादन एवं माडी-दाङ्ग बाट लगभग ४०,००० हेक्टरका सिचाई र ८६ मे. वाट विद्युत उत्पादन गर्न सम्भावना रहेको छ । यी आयोजनाहरुबाट ५५०,००० हेक्टरमा सिचाइ र लगभग ४५० मेगावाट विद्युत उत्पादन हुनसक्ने सम्भावना रहेको छ । साथै बागमती नदीमा मझौला ड्याम निर्माण गरी सर्लाही रौतहट र महोत्तरी समेत करीब १,२२,००० हजार हेक्टरमा सिचाई पुऱ्याउने र १४० मेगावाट विद्यूत उत्पादन गर्न सकिने सम्भावना छ । यसरीनै कन्काईमा बाँध बनाई ३०० मेगावाट बिधुत र ३०,००० हेक्टर सिंचाइ उपलब्ध गराउन सकिने छ । उल्लेखित आयोजनाहरु अध्ययन अनुसन्धान गरी निर्माण गर्न १०-१५ बर्ष लाग्न सक्ने साथै यी आयोजनाहरुको लागि ठूलो धनराशी आवश्यक पर्ने भएकोले तत्काल अभियानको रुपमा अध्ययनबाट सम्भाव्य देखिएको तराई मधेशका ७,२६,००० हेक्टर भूमिमा भूमिगत सिचाईको सम्भावना रहेको स्थानमा स्यालो र डीप ट्यवुवेल निर्माण प्राथमिकताका साथ सुरु गर्नँ पर्दछ । स्यालो तथा डिप-टयुववेल तुरुन्तै निर्माण गर्न सकिने, कम लागतमा निर्माण हूने मर्मत संभार किसानहरु स्वयँ वाट हुन सक्ने भएकोले वर्षिक ४०,००० स्यालो टयूववेल र २०० डिपटयूवेल निर्माण गरि ५ वर्षमा मधेशका सम्पूर्ण कृषि योग्य भूमिमा सिचाई सुविधा पुरयाउन सकिन्छ । यसबाट तत्कालै मधेशमा हरित क्रान्ति ल्याउन सकिन्छ ।

३. उर्जा

बिद्युत बिकासको थालनी सन् १९०० मा सुरु भए पनि हालसम्मको १०५ बर्षमा खासै उपलब्धि प्राप्त गर्न सकिएको छैन । नेपालमा विद्यमान अवस्थामा जल विद्युतका ४८ ओटा आयोजनाहरुबाट ७७६ मेगावाट र थर्मल प्लान्टबाट ५३ मेगावाट गरी कुल जडित क्षमता ८२९ मेगावाट रहेको छ । हिउँदमा उत्पादन लगभग ३०० मेगावाट मात्र हुने तथा माग लगभग १३०० मेगावाट रहेको छ । भारतबाट २३० मेगावाट आयात गर्ने गरिएको छ । चालु आ.व.को अन्त सम्म माग १४२३ मेगावाट पुग्ने अनुमान छ भने थप २०० मेगावाट उत्पादन हुने सम्भावना रहेको छ । हाल विद्युत उर्जा खपत १३२ किलो वाट घण्टा रहेको छ जुन दक्षिण एसियाको न्यूनतम रहेको छ । कुल जनसंख्याको ५८ प्रतिशत मात्र ग्रिड प्रणामीमा जोडिएको अवस्था छ । यसरी हाम्रो भौगोलिक अवस्थिति एवं अपार जल सम्पदाको प्रयोगबाट स्वच्छ नवीकरणीय उर्जा उत्पादनको प्रसस्त सम्भावनो भए तापनि हाल सम्म उर्जाको माग र उपयोगमा परम्परागत स्रोतको बाहुल्यता रहेको छ । विद्युत माग अबको १० वर्ष मा ३२०० मेगावाट हुने सरकारी अनुमान छ ।

ढल्केवर-हेटौडा ४०० के.भी. प्रसारण लाईन र २०० एम.भी.ए. को २२०/१३२ के.भी सव स्टेशनको काम सम्पन्न हुन सकेको छैन । ढल्केवर-मुजफरपुर प्रशारण लाइनको ४०० के.भी. मा चार्ज गर्न ढल्केवर, इनरुवा र हेटौडामा ४००/२२०/ १३२-३३ के.भी. का सव स्टेशनहरु पनि बन्न सकेका छैनन् । यसो हुन नसकेका कारण भारतबाट आयात गर्ने भनिएको परिमाणको विधुत समेत आयात गर्न सकिएको छैन ।

लामो समय देखि विद्युत विकासको प्रयास गरिए पनि अत्यन्तै न्यून प्रगति हासिल गर्न सकिएको छ । यसो हुनका कारणहरुमा नेपाल विद्यूत प्रधिकरण एक मात्र उत्पादन, वितरण एवं थोक खरीद कर्ता हुनु, स्वतन्त्र प्रसारण कर्ता हुनु, नियमनकारी निकासको अभाव, अन्तर देशीय विधुत आदान प्रदन गर्ने पूर्वाधारको अभाव, वन फडानी, जग्गा प्राप्ति मा झन्झटिलो व्यवस्था, खरीद प्रक्रियामा लामो समय लाग्ने, चूहावट नियन्त्रण हुन नसक्नु आदि हुन् । समष्टिगत रुपमा भन्ने हो भने वितरण प्रणाली जीर्ण हुनु, प्रशारण लाईनको आवश्यक क्षमता नहुनु, उत्पादन आवश्यकता भन्दा अत्यन्तै न्यून हुनाका कारण उर्जा क्षेत्रको अवस्था दयनीय रहेको छ ।

समग्र जलस्रोत क्षेत्रको विकासको लागि जलस्रोत रणनीति २००२ तथा राष्ट्रिय जलयोजना २००५ तयार भई नेपाल सरकारबाट स्वीकृत समेत भैसकेको अवस्थामा सरकार परिवर्तन हुने वित्तिकै सस्तो लोकप्रियताको लागि कहिले लोडसेडिङ मुक्त गर्ने नाउँमा त कहिले दश वर्षमा दश हजार मेगावाट विद्युत उत्पादन गर्ने सपना वाँडने गरिएको छ । जलस्रोतलाई राजनीति-मुक्त क्षेत्र बनाउने प्रमुख दलहरुले यस अघी साझा प्रतिवद्धता सार्वजनिक रुपमा व्यक्त गरे पनि तिनै दलहरुले सवभन्दा बढी राजनीति गर्ने क्षेत्र नै विकाश निर्माण र त्यसमा पनि जलस्रोत रहेको छ । खिम्ती-ढल्केवर प्रसारण लाईनको ६-७ वटा टावर राजनीतिक करणले बन्न नसकेको, केही आयोजनाहरु राजनीतिक दवावमा बनाउनु पर्ने

भएको, दातृ संस्था तयार भई ऋण समेत प्राप्त हुने प्रतिवद्धता प्राप्त भइसकेको अवस्थामा पनि आयोजनामा दल विशेषको आग्रहमा बन्द हुने कारणबाट राज्यले ठूलो आर्थिक भार खेप्नु परेको उदाहरण हाम्रो सामू छ। हाल सम्म कुलेखानी बाहेक कुनै पनि जलाशय युक्त आयोजना बनाउन न सकिएको कारणले समेत विद्युतको ठूलो अभाव हुने गरेको छ।

तसर्थ, अवका दिनहरुमा बहुउद्देश्यीय जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ निर्माण गर्नं पर्दछ। यसबाट भरपर्दो विद्युत उत्पादन, सिचाइ, मत्स्य विकास, जलपरिवहन, खानेपानीको समग्र विकास हुनेछ। जलस्रोत क्षेत्र वैदेशिक लगानीको लागि सबभन्दा ठुलो क्षेत्र रहेकोले यो क्षेत्रको विकाश अपरिहार्य छ।

४. सडक तथा अन्य पुर्वाधार

अन्य क्षेत्र भन्दा मधेशमा पूर्वाधार निर्माण प्राविधिक दृष्टिकोणले सजिलो र आर्थिक दृष्टिकोणले सस्तो भए पनि राज्यको बिभेदकारी दृष्टिकोणले गर्दा सडक, सहरी विकाश, खानेपानीको आपूर्ति लगायत अन्य पूर्वाधार क्षेत्रको विकाश हुन नसकेको हो। मधेशमा पुर्व-पश्चिम राजमार्ग एक मात्र पुर्व पश्चिम जोड्ने सडक हो जस्ले देशको ५०% भन्दा बढी जनसंस्थालाई सेवा पुऱ्याउनु पर्ने हुन्छ। राणा शासनकालमा हुलाकी सडकको नाउँमा झापादेखि कञ्चनपुर सम्म सडकको रेखाङ्कन त गरियो तर भरपर्दो र वर्षभरी यातायात स'विधा पुऱ्याउने सडकको रुपमा विकास गरिएन। यसबाट मधेशको ग्रामीण भेग सम्म सडक सज्जाल बिस्तार हुन नसकी कृषि उपजको वजारीकरण समेत हुन सकेन। यस सडकलाई भारतीय सहयोगमा निर्माण गरिने भनि राज्यतर्फबाट प्रचार गरिए पनि यो प्रचारमा मात्रै सीमित रहन पुग्यो। मधेशको ८८ लाख जनसँख्या लाई लाभान्वित गराउन सक्ने यो सडक नबन्नु सवभन्दा दुःखद र पीडादायी विषय हो। पूर्व-पश्चिम राजमार्गमा स्वस्फूर्त रुपमा सहरी विकास प्रारम्भ भए पनि मधेश भूभागमा सहरोन्मुख वस्तीहरुको विकास प्रकृया अवरुद्ध हुन पुग्यो। हाल रेखाङ्कन भईसकेको हुलाकी राजमार्गलाइ **तराई-मधेश लोकमार्ग** नामाकरण गरी नेपाल सरकारको आफ्नै स्रोतबाट बजेट विनियोजन गरी अभियानका रुपमा २-३ बर्ष भित्र निर्माण पुरा गर्ने गरी थालनी गर्नंपर्दछ।

झापादेखि कञ्चनपुर सम्म विद्युतीय रेलमार्गको सम्भावना रहेकोले अविलम्व निर्माण सुरु गर्नं पर्दछ। काठमाण्डौ सँग तराई-मधेश जोड्ने सबभन्दा छोटो सडकको रुपमा फास्ट ट्रयाक नअलमलिई सुरु गर्नं पर्दछ साथै निजगढ दोश्रो विमानस्थलको निर्माण पनि यथासिघ्र थालनि गर्नं पर्दछ। विराटनगर, भैरहवा र नेपालगँज विमानस्थललाई आधूनिक सुविधा सम्पन्न बनाई क्षेत्रीय स्तरको विमान स्थलको रुपमा रुपान्तरण गरिनु पर्दछ।

५. उद्योग

समतल भूमी, कृषिजन्य उत्पादन र मेहनती जनशक्तिको उपलब्धताले मधेशको औद्योगिक विकास गरिनु पर्दथ्यो। हाल तीन हजारको हाराहारीमा यहाँ साना, मझौला तथा ठूला उद्योगहरु छन्। पचासौँ हजारको संख्यामा घरेलु तथा कटिर उद्योगहरु छन्। जनसंख्याको

अनुपात तथा राज्यश्रोत परिचालन गर्नका लागि यो संख्या न्युन नै हो । तसर्थ व्यापक रुपले कृषिजन्य उत्पादनमुखी तथा सेवाजन्य उद्योगहरुको विकास गरिनु पदर्छ । औद्योगिकरण नै यस्तो उपाय हो जसबाट व्यापक रोजगारी तथा आय स्रोतको सृजना हुन्छ । समावेशी औद्योगिकीकरणकालागि निम्नलिखित कार्यक्रमहरू ल्याउनु पर्दछ ।

- तराई मधेश प्रदेशका विभिन्न उपयुक्त स्थानहरुमा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक Hub तथा Corridor हरुको स्थापना गरिनु पर्दछ । यसबाट उद्योग व्यवसाय गर्न तथा लगानीकर्ताहरु आकर्षित हुनेछन् ।
- उद्योगलाई चाहिने पूर्वाधारहरु जस्तै बिजुली, संचार, पानी, सडक, दक्ष जनशक्ति इत्यादिको क्रमवद्ध विकास गरिनु पर्दछ ।
- आन्तरिक खपत र निर्यात दुवै लाई आधार मानी औद्योगिकरण नीति तथा यसका कार्यक्रमहरु ल्याइनु पर्दछ ।
- अन्तराष्ट्रिय सीमासँग जोडिएका क्षेत्रमा उद्योग स्थापना गर्न नपाउने भेदभावपूर्ण नीति हटाउनु पर्दछ ।
- सबै प्रकारका उद्योगहरुमा (कृषिजन्य, उत्पादनमुखी, सेवा र अन्य) वैदेशिक लगानीको ठूलो सम्भावना छ । यसको लागि उदार तथा बजारमुखी अर्थ व्यवस्था पूर्ण रुपले लागु हनु पर्दछ ।
- वैदेशिक लगानी आकर्षित गर्दै लगानी मैत्री नीति ल्याइनु पर्दछ । यस्का साथै प्रदेशले सोझै लगानीकर्ता संग सम्झौता गरेर अगाडी बढ्न् सक्ने परिस्थितिको निर्माण हुनु पर्दछ ।
- विशेष आर्थिक क्षेत्र घोषणा नभएको प्रमुख शहरहरूमा यथाशक्य चाँडै घोषणा हुनु पर्दछ । मधेशी, मुश्लिम, दलित, थारु, जनजातिलाई आर्थिक विभेद बाट बचाउन उद्योगको प्रवन्ध, प्रविधिक कार्य र कामदारमा समेत यस्तो समुहको संलग्नता बढाउने कार्यलाई प्रोत्साहित गनुपर्दछ र यसका लागि विशेष तालिम आदिको समेत व्यवस्था गर्नु पर्दछ ।
- उद्योग तथा अन्य आर्थिक क्रियाकलाप बढाउन सरलीकृत कर प्रणाली लागु गरिनु जरुरी छ । हाल विभिन्न देशमा आन्तरिक एकल कर प्रणाली (Internal Single Tax System) लागु भई रहेका छन् । यसको मुख्य विशेषता एउटै करबाट सम्पूर्ण आन्तरिक कर उठाउनु हो र निर्यात गर्दा फिर्ता दिनु हो । यसले प्रतिस्पर्धी क्षमता बढाउछ ।
- आयस्रोतलाई राज्य र केन्द्र बीच बाँडफाँड गरिनु पर्दछ ।

६. व्यापार

आन्तरिक व्यापारको उचित विकास गरिनु पर्दछ । एकातिर ठूलो जनसंख्यालाई यस्ले रोजगारी उपलब्ध गराउँछ भने अर्को तिर देशको आप'र्ति तथा वितरण प्रणालीलाई सन्तुष्ट पारिराखेको हुन्छ । हाल तराई-मधेशमा २ लाख भन्दा बढी यस्ता पसलहरु आपुर्ति तथा सेवा दिने क्रियाकलापमा संलग्न छन् । यो "आफ्नो रोजगार आफैँ खोजौँ र आफ्नो रोजगार

आफै चलाऔँ" भन्ने सिद्धान्तमा आधारित छ । यसले वेरोजगारीको ठुलो समस्या केहि हद सम्म समाधान गरिराखेको छ । यसले "आफ्नो व्यवसायको आफै मालिक" भन्ने अभिव्यक्ति पनि दिइराखेको छ । यससलाई पूणरुपले संरक्षण र बढी भन्दा बढी प्रोत्साहन दिइनु पर्दछ । जसको लागि कार्यस्थलमै नै पञ्जिकरणको व्यवस्था, झन्झट मुक्त कर निर्धारण, कम मजदुर रहेको व्यवसायलाई श्रम कानुनको दायरा बाहिर राख्ने र प्रशासनिक निकायले अनावश्यक हैरान गर्ने प्रवृत्तिको अन्त्य गर्ने व्यवस्था गर्नु पर्दछ ।

निर्यातः कुनै पनि मुलुक आर्थिक रुपले सवल हुनका लागि निर्यात व्यापारको वलियो जग हुनु पर्दछ । निर्यात भनेको आन्तरिक खपत बाहेक बढी भएका उत्पादनहरु विदेशी बजारमा निर्यात गर्नु हो । निर्यातले देशको कुल ग्राहस्थ उत्पादन र वृद्धी दर दुवै बढाउन मदत गर्दछ ।

निर्यातको लागि कम व्याजदर, विभिन्न प्रकारका प्रोत्साहन (Incetives) तथा उदार श्रम नीति इत्यादि उपायहरु अपनाएर निर्यात क्षेत्र सवल बनाइनु पर्दछ । निर्यात विन्दु अधिकांश तराई-मधेशमा नै भएकोले यसले यहाको अर्थतन्त्रमा निश्चित रुपमा ठूलो योगदान गर्दछ ।

७. सहकारी

विश्वमा खासगरेर पूजीवाद र समाजवाद दुई किसिमको अर्थ व्यवस्था धेरै लामो समय देखि सञ्चालनमा रहेको पाइन्छ । पछिल्ला दिनहरुमा सहकारी अर्थव्यवस्थाको पनि महत्वपूर्ण भूमिका देखिएको छ । हामीले विश्व परिवेशलाई हेर्ने हो भने फ्रान्स, जर्मनी, इजरायल, ब्रिटेन, क्यानाडा जस्ता मुलुकहरुपनि सहकारीको माध्यम बाट नै देशलाई आत्मनिर्भर र समृद्धि वनाएको उदाहरण छ । छिमकी मुलुक भारतमा सय वर्षदेखि सहकारी पद्धतीका व्यवसायहरू छन् । जसमा अमुल डेरी, लिज्जत पापड र इफ्को फर्टिलाइजर जस्ता थुप्रै सहकारी उद्योग एवम् कलकारखानाहरु सफल रुपमा संचालनमा रहेका छन् । महाराष्ट्र राज्यमा मात्र करिब ११७ वटा चीनी मिलहरु सहकारी मार्फत संचालनमा रहेको देहिन्छ ।

सहकारी विकासका प्रयासहरुः हाल बचत तथा ऋण, उपभोक्ता, दुग्ध, तरकारी तथा फलफूल, कृषि, कफि, मौरीपालन, जुनार, चिया, उखु, विद्युत र सञ्चार गरी २२ वटा केन्द्रीय सहकारी संघहरु स्थापना भै संचालनमा रहेका छन् । २०४८ सालसम्म कृषि र उपभोक्ता क्षेत्रमा मात्र सीमित सहकारीहरु अहिले कृषि तथा उपभोक्ताका अतिरिक्त बचत तथा ऋण, शिक्षा, स्वास्थ्य, विद्युत, संचार लगायत सेवा क्षेत्रमा विस्तार गरिए पनि मधेशमा यसको प्रभावकारीता न्यून रहेको छ । २०४८ सालमा ८३० वटा सहकारी भएकोमा अहिले विभिन्न, विषय, क्षेत्र, तहका करिव ३२ हजार सहकारी संघ संस्थाहरु गठन भएका छन् भने ५० लाख यसका सदस्यहरु छन् ।

८. पर्यटन

पर्यटन क्षेत्रलाइ नेपालको एक प्रमुख आय स्रोतको रुपमा चिनिन्छ । वैदेशिक मुद्रा आर्जन गर्ने महत्वपूर्ण माध्यमको रुपमा पर्यटन उद्योगको विकास गरिनु पर्दछ । नेपालमा विभिन्न

किसिमका पर्यटकहरु आउने गर्दछन् जस्तैः सांस्कृतिक, धार्मिक, पर्वतारोहि, व्यापारी, शैक्षिक आदि । विभिन्न कारणले प्रत्येक वर्ष पर्यटकहरुको संख्यामा उतार-चढाव भई रहेको पाइएको छ ।

तराई-मधेशमा धेरै सांस्कृतिक एवम् धार्मिक महत्वका स्थलहरू, पुरातात्विक धरोहरहरू, घना जंगल, रमणीय ठूला नदीका किनार आदि छन् । यस्ता ठाउँहरूमा मानव निर्मित तथा प्राकृतिक स्रोतमा आधारित पर्यटन उद्योगहरूको विकास गर्न सकिन्छ ।

चितवन राष्ट्रीय निकुन्ज, वर्दिया राष्ट्रीय निकुन्ज, कोशी टप्पु, शुख्लाफाँट आदि कहलिएका र स्थापित पर्यटकिय गन्तव्यहरू हुन ।

त्यस्तै मिथिला प्रदेश, लुम्बिनी, बाराह क्षेत्र, देवघाट आदि तराई-मधेशमा प्रचुर धार्मिक पर्यटनका सम्भावना बोकेका स्थलहरू हुन । यस क्षेत्रहरुमा लाखौ मानिसहरु धार्मिक अवसर तथा मेलाहरुमा भ्रमण गर्दछन् ।

यसका अतिरिक्त पनि अन्य सम्भावनायुक्त धार्मिक र ऐतिहासिक स्थलहरू छन् जस्तैः झापाको अर्जुनधारा, सर्लाहीको सतीविहुला मन्दिर, महोत्तरीको जलेश्वर मन्दिर र रौजा मजार, परौल स्थान, सप्तरीको छिन्नमस्ता र कन्कालीनी मन्दिर, सिरहाको फुलबारी र सलहेस मन्दिर, बाराको गढीमाई, पर्साको माई स्थान, रौतहटको शिवनगर, नवलपरासीको त्रिवेनीधाम, तिलौरा कोट, बाँकेको बागेश्वरी मन्दिर, बर्दियाको ठाकुरद्धार इत्यादि ।

साथै तराई-मधेशका थप आकर्षणहरू मध्ये झापाका जमुनीया, मोरङको शान्तिवन, सिरहाको बाबाताल, कपिलवस्तुको जगदीशपुर ताल, कैलालीको घोडा घोडी ताल, कर्णालीको गोरख ताल, सर्लाहीको नारीमन ताल, बाराको सिम्रौनगढ आदिलाई लिन सकिन्छ ।

पर्यटन उद्योग आर्थिक उन्नति, प्राकृतिक स्रोत र सेवा क्षेत्रहरुको स्तर इत्यादि संग गाँसिएको हुनाले यसको वृहत रुपले विकास गरिनु पर्दछ । सरकारले यसकोलागी वाटो, पुलपुलेसा र सुरक्षा जस्ता पूर्वाधारको विकास गरिदिनु पर्दछ ।

- तराई-मधेशमा दिर्घकालीन प्रयर्टन नीति तर्जुमा गरी कार्यन्वयन गर्ने ।
- पर्यटन स्थलहरूमा पर्याप्त मात्रामा यातायात, स्वास्थ्य, सुरक्षा र सञ्चार सेवा उपलब्ध गराई, त्यस्ता सेवालाई नियमित र भरपर्दो बनाउने ।
- तराई-मधेशमा पर्यटन सेवा केन्द्रहरुको विस्तार गरी, पर्यटनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई सेवा सुविधाहरुमा विस्तार गर्ने ।
- पर्यटन सम्बन्धी तालीम प्राप्त जनशक्तिबाट पुर्वाधारका विकासको व्यवस्था गर्ने ।
- कला संस्कृति र परम्पराको जगेर्ना, विकास र सम्बर्धन गरि पर्यटकहरुमाथि हुने शोषण र ठगीजस्ता कार्यलाई राक्ने ।
- नेपाल र भारतकाका प्रमुख तीर्थस्थलहरु जस्तै : जनकपुर, पशुपतिनाथ, मुक्तिनाथ, अयोध्या र वनारस आदि जोडेर पर्यटन कोरीडोरको रुपमा विकास र प्रवर्द्धन गर्ने ।

अयोध्या र जनकपुरलाई जोडेर विशेष रामायण सर्किटको निर्माण गर्ने ।

- पर्यटन र धार्मिक विकासकोलागि छुट्टै बजेट तर्जुमा गर्ने र सो रकम दुरुपयोग रोक्न कडा प्रभावकारी अनुगमन गर्ने ।
- तराई-मधेशमा अवस्थित सम्पुर्ण तीर्थस्थल, ताल र सरोवरहरुलाई विशेष पर्यटन क्षेत्रको रुपमा विकास गरि संरक्षण गर्ने ।

९. शिक्षा

हाम्रो देशमा औपचारिक शिक्षा विशेषतः सरकारी र निजी निकायबाट संचालन हुदै आएको छ । दैनिक जिविकोपार्जनको आवश्यकतालाई परिपुर्ति गर्नैपर्ने बाध्यताले गर्दा युवाहरु विद्यालयमा अध्ययन गर्न असक्षम भएका छन् र शिक्षामा सबै वर्गको पहुँच पुग्न सकेको छैन । कर्णाली लगायत अत्यन्त पिछडिएका क्षेत्रमा बाल-बालिकाहरुलाई छात्रावास र विद्यालयको व्यवस्था भए बमोजिम तराई-मधेशमा पनि विविध समुदायको लागि यसको व्यवस्था नभएसम्म यी वर्गमा चेतनाको अभाव भइनै रहन्छ । अत्यन्त पिछडिएका समुदाय मुसहर, डोम, हलखोर, चमार इत्यादीका बाल-बालिका र किशोर किशोरीहरुले यस्तै सुविधा नपाएसम्म तिनको पठन पाठन सम्भव छैन । एकातिर राज्यले सबै क्षेत्रमा सबै तहको अध्यापन गराउने शैक्षिक संस्था स्थापना गर्न सकेको छैन भने अर्कोतिर भएका विद्यालयहरुमा पनि शैक्षिक सामाग्री, कम्प्युटर आदि को अभाव, खेलकुद मैदान एवं सामाग्री नहुनु, विद्यालयको भौतिक संरचनागत कमजोरी आदि पनि समस्याका रुपमा रहेका छन् ।

शिक्षा क्षेत्रमा जे जति लगानी भएको छ त्यो आफैमा पर्याप्त छैन र जे जति लगानी गरिएको छ सो अनुसार उपलब्धी हासिल गर्न पनि सकिएको छैन । विषयगत एवं दक्ष शिक्षकको अभावले गर्दा प्रभावकारी पठन पाठन हुन सकेको छैन् । विद्यार्थीको संख्याको अनुपातमा शिक्षकहरु अत्यन्त न्यून हुनु र एउटै शिक्षकले सबै विषयको अध्यापन गराउनु पर्ने र धेरै विद्यार्थीहरुलाई पढाउनु पर्ने बाध्याताले गर्दा एकातिर शिक्षकलाई अनावश्यक बोझ परेको छ भने अर्को तिर विद्यार्थीहरुले विषयगत दक्षता हासिल गरेको शिक्षक पाउन सकेका छैनन् । विद्यालयमा जे जति शिक्षकहरु छन् ति मध्ये धेरैले आफ्नो जिम्मेवारीलाई ईमान्दारीता पूर्वक निर्वाह गरेको पाईदैन ।

राजनीतिक पूर्वाग्रहको कारणले पनि शिक्षाक्षेत्रमा नकारात्मक प्रभाव परेको देखिन्छ । हाम्रो शिक्षा प्रणालीमा व्यवहारिक एवं दैनिक जीवनमा उपयोग हुने ज्ञानको अभाव छ भने विद्यार्थीहरु पनि बुझ्ने र मनन् गर्नु भन्दा पनि घोकेर परीक्षा दिने मनोवृत्तिबाट प्रभावित छन् । जीर्ण एवं सैद्धान्तिक पुरातनवादी चिन्तन बाट निर्देशित सरकारी नीति र नियम एवं विद्यार्थीहरुको उदासिनताको कारणले गर्दा पनि शिक्षा उपलब्धिमूलक हुन सकेको छैन । परिणाम स्वरुप, विद्यार्थीहरु पढेर ज्ञान आर्जन गर्न भन्दा पनि प्रमाणपत्र लिनेमा मात्र सिमित छ । यसका अतिरिक्त विद्यालय व्यावस्थापन समितिको मनोमानीले र विद्यालयको व्यवस्थापन र आर्थिक पार्दर्शिताको वारेमा सम्बन्धीत निकायहरुवाट ठोस र प्रभावकारी रुपमा निरिक्षण र अनुगमन नभएको कारणले गर्दा पनि विद्यालय शिक्षामा सुधार हुन

सकेको छैन । सरकारी विद्यालय एवं निजी विद्यालयहरुको पाठ्यक्रम समान किसिमको नभएकोले दुवैको शैक्षिक उपलब्धिमा व्यापक अन्तर रहेको छ ।

एकातिर निजी क्षेत्रमा शिक्षा सेवामुखी भन्दा व्यवसायमुखी हुँदै गएको छ भने अर्कोतिर सरकारी विद्यालयमा नत पठन पाठन नै प्रभावकारी छ न त परीक्षा प्रणाली नै ।

शिक्षण पेशामा आवद्ध हुन चाहनेले अध्यापन अनुमतिपत्र लिने समस्याले गर्दा शिक्षण पेशाको विकल्पमा अन्य पेशालाई अपनाएको पाइन्छ . शिक्षा विषयमा डिप्लोमा/मास्टर्स डिग्री गर्नेले पनि शिक्षक अनुमति लिनुपर्ने पद्धति वैज्ञानिक हुन सक्दैन ।

भाषिक विविधतालाई ध्यानमा राख्दै हरेक जातजातिले बोल्ने भाषाको आधारमा शिक्षण गराउनु पर्दछ र पाठ्य सामाग्री पनि सोहि अनुरुप प्रचुर मात्रामा उपलब्ध गराउनु पर्दछ । सकेसम्म मातृभाषामा प्रथमिक शिक्षा सम्म अनिवार्य पढनु पर्ने व्यवस्था मिलाउनु पर्दछ, साथै शिक्षा निशुल्क मात्र नभई व्यवहारिक र गुणस्तरिय हुनुको साथै जिविकोपार्जनको लागि उपयोगी समेत हुनुपर्छ ।

नयाँ शिक्षा ऐन मा केही गम्भिर त्रुटीहरु रहेका छन् जसलाई समयमा नै ध्यान दिनु जरुरी छ । बाल विकासको कार्यक्रम स्थानिय निकायको जिम्मा दिन खोजेर सरकार र शिक्षा मन्त्रालय यसबाट पन्छिन खोजेको छ । यसले गर्दा न त यो प्रभावकारी हुन सकेको छ न त देश भरी यस कार्यक्रममा एकरुपता ल्याउन सकिएको छ ।

निजी क्षेत्रलाई प्रतिवन्धित गर्न अथवा अहिल जस्तै छाडा छोड्नु भन्दा पनि प्रणाली भित्र हालेर संचालन गर्नु पर्छ । सहि सुपरिवेक्षण र अनुगमनले शिक्षाको गुणस्तरलाई अझ प्रभावकारी पार्न सकिन्छ । नक्साङ्कन गरेर निजी क्षेत्रको आवश्यकता भएको ठाउँमा यसलाई संचालन गर्न दिन' पर्दछ । निजी क्षेत्रको जनशक्ति र साधन श्रोतलाई सामुदायिक विद्यालयको गुणस्तर उकास्न प्रयोग गर्नु पर्दछ । परीक्षा वोर्ड बनाउने निर्णयले पुरानो संरचनाको जनशक्तिको सहि व्यवस्थापन र स्पष्ट दिशा निर्धारण नगरीकन एक्कैचोटी भत्काउने निर्णयले ठूलो अन्यौल सिर्जना गर्ने निश्चित छ र यसमा राजनितीक हस्तक्षेपको लागि प्रशस्त संभावनाहरु खडा गरिएका छन् ।

विद्यालय भवन मजबुत एवं पक्की वनाउनुको साथै यसका भौतिक पूर्वाधारहरु जस्तै: विद्युत, पर्याप्त पुस्तक सहितको पुस्तकालय, प्रयोगशाला आदिको राम्रो व्यवस्था र अतिरिक्त क्रियाकलापको लागि चाहिने सामग्रीहरुको यथेष्ठ मात्रामा उपलब्ध गराउनु पर्दछ ।

शिक्षा भनेको बहुप्रणालीमा आधारित हुनुपर्दछ । सरकारी एवं नीजि विद्यालयको पाठ्यपुस्तकमा भएको भिन्नतालाई हटाई समान र एकै किसिमको पठन पाठन गराउनु पर्दछ । तर आवश्यकता र अवस्था अनुसार पाठ्यपुस्तक र पाठ्यक्रमलाई परिमार्जन एवं परिस्कृत गर्नु पर्दछ ।

शिक्षक र विद्यार्थी बीचको सम्बन्धमा पनि सुधार आउनु जरुरी छ यसरी नै विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुको सम्बन्ध पनि सहयोगी र सुमधुर हुन नितान्त आवश्यक छ ।

व्यावसायिक/प्राविधिक शिक्षा: हालसम्म व्यावसायिक एवं प्राविधिक शिक्षा अत्यन्त कमजोर छ र देशको सबै क्षेत्रमा पुग्न सकेको छैन । प्राविधिक शिक्षाको लागि आवश्यक पर्ने जनशक्ति विदेश पलायन भएकै कारणले गर्दा प्रभावकारी रुपमा पठन पाठन हुन नसकेको हो । प्राविधिक शिक्षा भएको शैक्षिक संस्थामा पनि सुविधा सम्पन्न प्रयोगशालाको राम्रो व्यवस्था नभएकोले प्राविधिक शिक्षा स्वभावत: व्यवहारिक हुनुपर्ने तर सैद्धान्तिक मात्र हुन पुगेको छ ।

कसैले राम्रो गुणस्तरयुक्त प्राविधिक शिक्षा प्राप्त गर्न चाहेमा अत्याधिक महँगो हुने हुँदा केहि सिमित र धनी व्यक्तिहरुमा मात्र केन्द्रित हुनु पगेको छ। सबै क्षेत्रमा सरकारी तहबाट यो शिक्षा संचालन भएको छैन भने यो शिक्षा संचालन गर्ने नीजी शैक्षिक संस्थाहरुले पनि स्वच्छेचारी रुपमा शुल्क लिने गरेका छन् । यसमा सरकारी अनुदान पनि प्राप्त हुने गरेको छैन ।

व्यवसायिक/प्राविधिक शिक्षालाई प्रभावकारी बनाउनको लागि राज्यद्धारा यसलाइ प्राथमिकतामा राख्नु पर्दछ र प्रत्येक जिल्ला तथा स्थानीय निकायमा यो शिक्षाको व्यवस्था गर्नु पर्दछ। यस शिक्षालाई उपलब्धी मुलक बनाउनको लागि व्यसायिक शिक्षालय स्थापना गरि सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिने खालको हुनु पर्दछ। यसलाई सरकारी निकायबाट नै व्यस्थापन गर्नु पर्दछ । सर्वसाधारणमा यसको पहुँच पुऱ्याउने किसिमको कार्यक्रमहरु लागु गर्न आवश्यक छ । जनचेतनाको अभावका कारण सबैले यो शिक्षाको बारेमा त्यति चासो नदिएको हुँदा जनचेतना फैलाउने खालको कार्यक्रम पनि लागु गर्नु पर्दछ। आयमुलक कार्यहरु जस्तै सिलाई, बुनाई, पशुपालन, कृषि आदि विषयसँग सम्बन्धित शिक्षा प्रदान गर्नु पदर्छ । यसका साथ साथै पशु डाक्टर र जे.टि.ए. हरु अत्याधिक संख्यामा उत्पादन गर्नु पर्दछ र कम्प्युटर शिक्षालाई अनिवार्य बनाउनु पर्दछ ।

जनसंख्याको आधारमा प्राविधिक शिक्षण केन्द्रको स्थापना गर्नु पर्दछ। यस क्षेत्रमा सरकारी अनुदान बढाउने र यो शहर केन्द्रित भन्दा गाउँ केन्द्रित गर्नु पर्दछ । यस्तो शिक्षा लिएकाहरुका लागि रोजगारीको सुनिश्चितता गरिनु पर्छ .

प्राविधिक शिक्षा औपचारिक शिक्षा भन्दा केही खर्चिलो भएकोले यसलाई कम खर्चिलो बनाउने र यसलाई प्राथमिक तहदेखि नै लागु गर्नु पर्दछ। यस शिक्षाको लागि आवश्यक पर्ने आधुनिक भौतिक पूर्वाधारको उचित व्यवस्था गर्नु पर्दछ।

खुला विश्वविद्यालय: नेपालको लागि खुल्ला विश्वविद्यालयको अवधारणा नयाँ भएकोले हाल सम्म यो कुनै जिल्लामा प्रभावकारी रुपले संचालन हुन सकेको छैन । एकातिर खुल्ला विश्वविद्यालय एउटा नयाँ अवधारणा भएकोले जनमानसलाई बुझाउनको लागि प्रचार प्रसारको कमि रहेको छ भने अर्को तिर अध्ययन गर्न चाहनेहरुको लागि पनि यो शिक्षा अत्यान्तै महँगो छ ।

खुल्ला विश्वविद्यालय संचालन गर्नको लागि राज्यले स्पष्ट नीति बनाउन जरुरी छ र सबै जाति, वर्ग र क्षेत्रका जनताहरुले सहज रुपमा उपभोग गर्नसक्ने गरी देशको ७५ वटै

जिल्ला एवं देशको कुना कुनामा संदेश पुऱ्याउनु पर्दछ । खुल्ला विश्वविद्यालयलाई सस्तो र सर्वसुलभ पनि बनाउनु पर्दछ ।

नयाँ विश्वविद्यालय स्थापनाः तराई-मधेशमा विश्वविद्यालय स्थापनाप्रति ठूला दलको उदासिनताले गर्दा विगतमा नेपालगञ्ज, विरगञ्ज, जनकपुर र सुनसरीमा विश्वविद्यालय स्थापनाको लागि विभिन्न विधेयक संसदमा प्रवेश गरेका र केही अगाडि बढि सकेर पनि विभेदकारी सोचले गर्दा थन्केर बसेका छन् । यि विश्वविद्यालयहरू अविलम्ब स्थापना गर्न ती चार वटै विधेयक पारित गर्नुको साथै बजेट छुट्याई स्थापना गर्ने कार्य गर्नु पर्दछ । मधेशमा शिक्षाको विकासको विश्वविद्यालयहरूको स्थापना अपरिहार्य छ ।

१०. स्वास्थ्य

समग्र स्वास्थ्य (शारीरिक, मानसिक, बौद्धिक, अध्यात्मिक र समाजिक) कुनै नागरिकको निजी वा पारिवारिक सरोकार वा अभिरुचिको विषयवस्तु मात्र नभई राज्यको पनि अनिवार्य दायित्व हुनु पर्दछ । स्वास्थ्य सेवाका विभिन्न आयामहरुका लागि मानवीय विकासका अन्य अवयवहरुको अतिरिक्त स्वास्थ्य सेवाका संस्थागत संरचना, भौतिक पूर्वाधार, दक्ष मानव संसाधन, रोग निदानका लागि आवश्यक उपकरण र उपचारका लागि आपत्कालिन सेवा र जीवन रक्षक औषधी सहित आवश्यक निःशूल्क औषधिको पर्याप्त र सहज उपलब्धता नितान्त आवश्यक छन् ।

प्राथमिक (Primary), द्वितीयक (Secondray) र तृतियक (Tertiary) उपचारात्मक सेवा सहित प्रतिरोधात्मक र प्रवर्द्धनात्मक गुणस्तरीय सेवा, समतामूलक र व्यापक रुपमा सर्वसुलभ हुनु पर्दछ । तर हालको अवस्थामा राज्य न्यूनतम प्राथमिक स्वास्थ्य सेवालाई पनि पर्याप्त र व्यापक रुपमा उपलब्ध र ग्राहय बनाउन सकेको छैन र यो अनिवार्य मानवीय सेवा पनि गम्भीर विभेद र विषमताका शिकार भएका छन् । समाजका सीमान्तकृत वर्ग र अत्यधिक जोखिममा परेका वर्ग/समुदाय (महिला, बालबालिका, वृद्ध, अपांग, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी) र दुर्गम एवं अविकसित क्षेत्रका वासिन्दाहरु स्वास्थ्य सेवाको व्यापक पहुँच (Universal Coverage) बाट वंचित नै छन् र उपचारको लागि निजी स्वास्थ्य संस्थाहरुमा ईलाज गराउन र आफ्नो गोजी र सिमित आयबाट पैसा खर्च गर्न बाध्य छन् । विरामीको उपचार खर्चमा राज्यको तुलनामा निजी व्यक्तिगत खर्च अत्यन्त नै बढी छ र यसले निमुखाहरुलाई अझै गरीब बनाई रहेछ । वित्तिय संरक्षण र स्वास्थ्य विमा योजना प्रभावकारी रुपमा उपलब्ध छैन र सम्पूर्ण सुविधाहरु कमोवेश अपेक्षाकृत समृद्ध, प्रभुत्वशाली, मुखर वर्ग वा समुदायमा नै केन्द्रित र सिमित छन् ।

सरकारी संवेदनहीनता र अनुतरदायी सोचको कारण उपचारात्मक स्वास्थ्य सेवा लक्ष्य र दिशाविहिन छ र अनियन्त्रित, अमर्यादित व्यवसायीकरणको स्वरुप लिइ रहेछ । देशका अधिकांश जनसंख्या ग्रामीण र दुर्गम क्षेत्रमा बसोबास गर्दछ तर ठूला ठूला सरकारी वा गैर सरकारी निजी अस्पतालहरु ठूला शहरहरु विषेश गरी काठमाडौमा केन्द्रित छन् । हाल स्थापित मेडिकल कलेजहरु पनि जनघनत्व र भौगोलिक सुगमतालाई दृष्टिगत नगरी र

सुलभ पहुँचको अवधारणाले पनि स्थापना नगरी ठूला ठूला शहर वा राजमार्गको छेउछाउमा वन जंगल समेत कटानी गरी राजनीतिक लाभ र केही व्यक्ति वा समूदाय विशेषको हित संरक्षणको लागि संचालन गर्नु सर्वथा अनुचित र हालै घोषित स्वास्थ्य नितीको विपरित छ। यसै कारण अस्पतालहरुको शैय्या संख्या, सुरक्षित मातृत्व र वालबालिका, वृद्ध आदिका सेवा कार्यक्रम, अवाश्यक उपकरहणहरु जनसंख्याको र रोगका प्रकृतिहरुको आधारमा उपलब्ध छैन र मानव संसाधन लगायत अन्य साधन र आर्थिक श्रोतको उपलब्धताको पनि त्यस्तै स्थिति छ। विभिन्न क्षेत्र वा समुदायमा हुने विशेष किसिमका रोगहरु जस्तै Sickle cell Anamia, कीटजन्य र वातावरणीय रोगहरु (कालाज्वर, औंलो, जापानी इन्सेफलाइटिस) र अन्य संक्रामक वा गैरसंक्रामक रोगहरु जस्तै डायबिटिज, उच्च रक्तचाप, गुर्दा र मुटु सम्बन्धी रोगहरु, यातायात दुर्घटना सम्बन्धी स्वास्थ्य समस्याहरु संग सम्बन्धित विशेष निदान उपचार र पुर्नस्थापनाको लागि स्वास्थ्य संस्थाहरुको नितान्त आभाव र असमानता छ। Multi speciality अस्पतालको अतिरिक्त रोग र समस्या विशेषको अस्पताल पनि आवश्यकता अनुसार जसरी Trauma Hospital, Vector borne disease Hospital आदि स्थापित गर्न वांच्छनीय छ।

खोप लगायत अन्य रोग प्रतिरोधात्मक एवं उपचारात्मक स्वास्थ्य नीतिको अतिरिक्त प्रवर्द्धनात्मक कार्यक्रमहरुको पनि त्यतिकै आवश्यकता छ। उपलब्ध संसाधन एवं स्वास्थ्य सुविधाको असमान वितरणको अतिरिक्त विभिन्न संक्रामक र गैरसंक्रामक रोगीहरुको बढदो संख्या पनि चिन्ताको विषय हुनु पर्दछ। स्वास्थ्य आचार व्यवहार, वातावरणीय सरसफाई, पौष्टिक संतुलित आहार, सफा र सुरक्षित पानी, योग लगायत अन्य शारिरीक, मानसिक व्यायाम, समाजिक तनावमा कमी, समाजिक सुरक्षा व्यवस्था राज्यको दायित्व हुनु पर्ने छ। यसको लागि Multi Sectorial Approach, एकीकृत स्वास्थ्य कार्यक्रम, सुशासन र सकारात्मक विभेद सहित लोक कल्याणकारी नीति र त्यसै अनुरुप साधन र श्रोतको उपलब्धता अपरिहार्य हुन जान्छ।

यसको अतिरिक्त आवश्यकताको पहिचान, कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण र नीति निर्माणमा लक्षित समुदायको व्यापक जन सहभागिता अनिवार्य हुनु पर्दछ। अतः स्थानीय, प्रादेशिक र संघीय सहभागिता र समन्वय स्वास्थ्य नितीको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक छ। यसको साथै उपचारात्मक, प्रतिरोधात्मक र सम्बर्द्धनात्मक एकीकृत स्वास्थ्य सेवाको लागि भौगोलिक, जनघनत्व र विशेष खालको रोगहरुलाई दृष्टिगत गरी सरकारी र निर्देशित गैर सरकारी स्वास्थ्य संस्थाहरुको नेटवर्क र उत्तरदायीत्व अनिवार्य रुपमा स्थापित गर्नु पर्दछ र मानवीय विकास सुचकांकका अन्य अवयवहरु संग स्वास्थ्य सेवाको समन्वय अनिवार्य छ।

तराईमधेस र स्वास्थ्य सेवा

मानव विकास र स्वास्थयका सूचकांकलाई नै आधार लिने हो भने मधेसमा स्वास्थ्य सेवाको स्थिति अत्यन्त नै दयनीय छ। आर्सेनिक लगायत खाने पानीको गुणवत्ता, पोषण

र आयोडीनको कमीको समस्या, कीट जन्य रोग लगायत अन्य ट्रौपिकल/ सब-ट्रौपिकल रोग, सीकिल सेल एनीमिया जस्ता केही अनुवांशिक रोगहरु सम्बन्धी सेवा त उपेक्षित छदैं छ जन संख्या र चापको अनुसार प्राथमिक स्वास्थय सेवा र मातृ-शिशु सेवा पनि यथेष्ट छैन । अतः

- प्रत्येक १ हजार जनसंख्याको लागि १ स्वास्थ्य कार्यकर्ता, १ महिला स्वयंसेविका र १ अहेव सहितको स्वास्थ्य उपचौकी हुनु पर्दछ ।
- प्रत्येक १० हजार जनसंख्याकी लागि १ चिकित्सक, आवश्यक नर्सै, हे.अ., अहेव, ल्याव असिस्टेन्ट र विद्यालय वा समुदायका लागि योग/व्यायामप्रक्षिक सहितको दक्ष मानव संसाधन ३ निगरानी र प्रारम्भिक उपचार शैया, सुरक्षित मातृत्व र शिशु स्याहार सेवा र तदनुरुपका अन्य साधन र श्रोत सहितको प्राथमिक स्वास्थ्य चौकी हुनु पर्दछ ।
- प्रत्येक १ लाख जनसंख्यामा विभिन्न विभाग, प्रसूती कक्ष, शल्य कक्ष, इमरेजन्सी सेवा सहित १०-१५ शैथ्याको अस्पताल, जन स्वास्थ्य इकाई र तदनुरुपको सम्पूर्ण साधन श्रोत सहितको प्राथमिक अस्पताल हुनु पर्दछ ।
- प्रत्येक ५ लाख जनसंख्याको लागि निदान र उपचारका लागि विशेषज्ञ सेवा सहित ५०-१०० शैथ्याको सघन उपचार सेवा सहित द्वितीयक अस्पताल र अन्य प्रतिरोधात्मक र संवर्द्धानत्मक स्वास्थ्य नियका हुनु पर्दछ ।
- प्रत्येक २५ लाख जनसंख्याको लागि १००-५०० सथ्याको तृतीयक स्तरको Multidiscipliary र Super Speciality अस्पताल स्थापित गर्नु पर्दछ ।
- प्रत्येक ५० लाख जसनंख्याको लागि ६०० भन्दा बढी शैथ्याको अस्पताल सहितको मेडिकल कलेज र विशिष्ट रोहरुको लागि आवश्यकता अनुसार Super Specility Hospital संचालन गर्नु पर्दछ ।
- संक्रामक र गैर संक्रामक रोगको महामारीको स्थिति हेर्दा सरुवा रोग अस्पतालहरु, कीट जन्य रोगका अस्पताल र रिसर्च संस्थाहरु र आँखा सम्बनधी उपचारका अस्पतालहरु र मुटु, मृगौला, स्नायुरोगका लागि विशेष अस्पतालहरुको स्थापना गर्नु पर्दछ ।
- राजमार्ग र सवारी दुर्घटनाको डर लाग्दो स्थिती हेर्दा मधेशमा प्रत्येक ५०० किलोमिटरमा मोबाइल एम्बुलेन्स सहितको ट्रमा अस्पतालको संचालन गर्नु पर्दछ ।
- मोतिया बिंदको कारण दृष्टि गुमाउनु नपरोस र कानको उपचारको लागि प्रत्येक १५ लाख जनसंख्यामा सुविधा सम्पन्न अस्पताल हुनु पर्दछ ।

११. वन

कूल भूभागको ३९.६ प्रतिशत वन क्षेत्र बढेर ४४.७४ प्रतिशत सम्म पुगेको कुरा तथ्याँकले सार्वजनिक गरेको छ । नेपालको वन क्षेत्र मध्ये सबै भन्दा धेरै वन क्षेत्र मध्य पहाडी र सबै भन्दा कम वन क्षेत्र तराइमा रहेको पाइएको छ । पछिल्लो वन श्रोत सर्वेक्षण प्रतिवेदन अनुसार मध्य-पहाडी भौगोलिक क्षेत्रमा कूल वनको क्षेत्रफलको ३७.८० प्रतिशत, उच्च-

पहाडी तथा हिमाली क्षेत्रमा ३२.२५ प्रतिशत, चुरे क्षेत्रमा २३.०४ प्रतिशत र तराई क्षेत्रमा ६.९० प्रतिशत रहेको पाइएको छ ।

आजको आवश्यकता भनेको वन स्रोतको संरक्षण मात्र भन्दा पनि वनको वैज्ञानिक व्यवस्थापन नै हो जसबाट वन पैदावारको सतत र गुणस्तरिय उत्पादन, रोजगारीको श्रृजना, आय-आर्जन र देशको समृद्धि गर्न र यसको सम्भावना उजागर गर्न सकिने देखिन्छ । यस अर्थमा निम्न बमोजिमका प्राविधिक पक्षहरुमा ध्यान दिदै वैज्ञानिक वन व्यवस्थापनको कार्यलाई मुर्त रुप दिनु पर्दछ ।

- **वनको वैज्ञानिक व्यवस्थापनः** सरकार तथा दातृ निकायबाट वन विकासका लागि छुट्टाईएको रकम एउटै वास्केटमा राखि राज्यको सिमा भित्र रहेका सबैखाले वनहरुको वैज्ञानिक व्यवस्थापन कार्यलाई जोड दिने ।
- **वनक्षेत्रको प्रयोग/स्वामित्वः** वन व्यवस्थापनको उद्धेश्य बाहेक राज्यले स्वामित्व हस्तान्तरण नगर्ने । हाल सम्म वन विकास कोषमा संचित रकम विगत लामो समय देखि निश्क्रिय रहेको अवस्थामा यस लाई वन विकासका कार्य तथा वन्यजन्तुबाट हुने क्षतिपुर्तिको पर्याप्त राहतको बजेट व्यवस्था गर्न प्रयोगमा ल्याउने ।
- **संरक्षित क्षेत्रः** चुरेको संवेदनशिलता र तराई मधेशको पर्यावरणलाई जोगाई राख्न घोषित चुरे संरक्षित क्षेत्रलाई कडाईका साथ लागु गर्ने ।
- **वितरण प्रणालीः** वनस्रोत सबै नागरिकको साझा सम्पत्ति भएको र यस माथि सबै नागरिकको बराबरी हक लाग्ने हुँदा यसबाट प्राप्त लाभ वितरणमा समेत समान अवसर उपलव्ध गरउने । साझेदारी वन विकासको अवधारणालाई प्राथमिकतामा राख्ने र वन जन्य उद्योगहरुको लागि कच्चा पदार्थको सहज आपुर्ति गर्ने र टाढाका उपभोक्ताहरूलाई सहज वितरण गर्ने प्रावधान समेत प्रष्ट पार्ने ।
- औद्योगीकिकरण वन पैदावारको उत्पादनसंगै वनजन्य उद्योगहरुको प्रबर्द्धनमा सरकारी, गैरसरकारी, निजी क्षेत्रको संलग्नता बढाउने । चुरे क्षेत्रमा संचालित क्रशर उद्योगहरु तत्कालै वन्द गर्ने ।
- वन अनुसंधान वनक्षेत्रमा भएका आधुनिक प्रविधिसंगै यसको विकासकालागी थप र नयाँ नयाँ अनुसन्धानहरुलाई तिव्रता दिने । पारिस्थितिय सेवा अभिवृद्धि गर्न जलाधार र जैविक विविधता संरक्षण गर्ने मान्यतालाई प्राथमिकतामा राख्ने ।

सामुदायीक वन विकास

- तराईमा रहेका सामुदायिक वनहरुको दर्ता खारेज गरी साझेदारी वनको रुपमा विकास गर्ने।
- पहाड तथा हिमालमा रहेको स–साना टुक्रे (सानो क्षेत्रफल तथा कम हैसियत भएका) सामुदायिक वनहरुलाइ एकिकृतगरि व्यवस्थापन योग्य बनाउने ।
- दोहोरो उपभोक्ता बन्ने प्रावधान हटाउने तथा टाढाका उपभोक्ताका लागि व्यापकरुपमा साझेदारी वन विकासगरी मुलधारमा समाहित गर्ने ।

- वनको आम्दानी वन व्यवस्थापनमा खर्च गरेर बाँकी रहे मात्र अन्य कार्यमा खर्चगर्ने संयन्त्रको विकास गर्ने ।
- **वन प्राधिकरण:** वन प्राधिकरण स्थापना गर्दा वन प्राविधिकहरुको पेशागत ग्यारेन्टी गर्ने व्यवस्था गर्ने ।

विद्यमान वन नीति, वन रणनीति र वन सम्बन्धी कार्यक्रमहरु परिमार्जनमा सरकार र सरोकारवाको ध्यान जानु आवश्यक छ । जनताको सम्बृद्धिका लागि नेपालको वन श्रोत प्रशस्त छ भन्ने तथ्य नेपाल वन श्रोत सर्वेक्षणको प्रतिवेदनले सार्वजनिक गरेको छ । त्यसैले वनमा आधारित समुदायको सशक्तिकरण, तराइ र चुरेमा साझेदारी वनको विस्तार गर्दै वनको दिगो व्यवस्थापन गरि वनमा आधारित उद्यमको विकास गरेर अगाडी बढ्नुको विकल्प छैन भन्ने तथ्य सरकार, दाता, समुदाय र सरोकारवाल सबैले बुझ्न जरुरी छ ।

१२. भूमि

भूमि व्यक्तिको पहिचान, उसको सांस्कृतिक, आर्थिक सम्बन्ध, भावनात्मक र मनोवैज्ञानिक विषयवस्तु भएकोले यसको महत्व सर्वाधिक छ । हाम्रो जस्तो कृषिमा आधारित अर्थतन्त्रमा भूमि प्रमुख उत्पादनशिल स्रोत र साधन हो । अन्य व्यवसाय, उद्योग, कलकारखाना र सेवा क्षेत्रको अपेक्षित विकाश नभइसकेको सन्दर्भमा भूमिकाको महत्व अझ कायम नै छ । भूमि सम्बन्धमा विचार गर्दा यसलाई विभिन्न दृष्टिकोणले हेरिनु पर्दछ ।

(क) भूमि एक राजनीतिक पूँजी र सवाल हो

(ख) भूमि एक प्राविधिक विषयवस्तु पनि हो जसले सामाजिक आर्थिक रुपान्तरणलाई निर्धारण गर्दछ ।

(ग) भूमि एक मनोवैज्ञानिक विषयवस्तू भएकोले यसले सांकेतिक मूल्य र मान्यता (Sybololic and emotional value) बोकेको हूँदा भूमिसँग भावनात्मक र सांस्कृतिक सम्बन्ध हुन्छ ।

विगतमा भूमिको असन्तुलित वितरण: मधेशमा भूमिको वितरणलाई हेर्दा विर्ता वितरण पद्धति र वि.सं. २०२१ को भूमिसुधारमा राजा महेन्द्र र राणा नजिक भएका नातेदार, पुरोहितले र अन्य केही पहुँचवाला खस आर्यले भूमि प्राप्त गरेको देखिन्छ । अर्थात् पहाडे ब्राह्मण/क्षेत्री र राणाहरु एकलौटी रुपमा मधशेको जमीनमा अधिकार जमाई भूमि कब्जा गरेको अवस्थाको यसरी मधेशमा अधिकांश मधेशी र त्यसमध्ये मधेशी दलित जनजाति, महिला, सुकुम्बासी र भूमिहिनले भूमिको स्वामित्वबाट वञ्चित भएका अवस्था छ । यिनीहरु उत्पादनशील सम्बन्धबाट विच्छेद (Dissociation) भएको देखिन्छ । जसका कारण मधेशमा संरचनागत गरिबी र असमानताले जरो गाडेको छ ।

ऐतिहासिक र सामाजिक परिवेशले गर्दा भूमिव्यवस्थापन सम्बन्धी समस्या देखिनुमा निम्न कारणहरु छन् ।

- ऐतिहासिक रुपमा मधेशी विरुद्धको उत्पीडन र वहिष्करण
- स्रोत र साधनका बाँडफाँड र वितरणमा शासक वर्गको वर्चश्व र मधेशीको वहिष्करण
- विर्ता वितरण र भूमिसुधारको नाममा शासक वर्गको नजिकमा रहेकालाई मात्र भूमि वितरण र आजसम्म पनि तराई-मधेशमा हाली मुहाली र वर्चश्व कायमै
- नागरिकताका कारण भूमिहिनता र गरिबीको दुश्चक्रमा मधेश
- मोही समस्या यथावत
- राज्यमा पहुँचको विहिनता
- शिक्षामा पहुँच र न्यून चेतनाको स्तर

मधेशी जनता आफ्नो समस्याको समाधान आफैँ गर्न चाहन्छन् । संघीय शासन व्यवस्था अन्तरगत स्वशासनको माध्यमबाट भूमिनीति, भूमिको व्यवस्थापन लगायतको सवालका समाधान आफैँ गर्न सक्षम रहेकोले सय समस्याको समाधान प्रादेशिक स्तरवाटै गरिनु पर्दछ भन्ने हाम्रो मान्यता हो । भू-उपयोग नीति र व्यवस्थापन मधेश प्रदेशकै अधिकार क्षेत्रमा राखी अगाडी बढदा सकारात्मक परिणाम आउन निश्चित छ ।

- जसको सवाल उसको नेतृत्वमा आधारित मान्यता
- मधेशमा विशिष्ट प्रकृतिको उत्पादनमा आधारित भूमिसुधार
- भूमिको चकलाबन्दी
- भू-उपभोग मिति र व्यवस्थापन आदि मधेश प्रदेशकै अधिकार क्षेत्रमा राखी अगाडि बढ्दा भूमिसुधार प्रतिको सकारात्मकतालाई बढावा दिन सकिन्छ ।

यसै सन्दर्भमा ऐतिहासिक उत्पीडन, उत्पीडनमा मधेशको मुक्ति र समग्र मधेशको समृद्धिका लागि हामी चरणवद्ध रुपमा आन्दोलनका कार्यक्रमसहित आन्दोलनरत छन् । हाम्रो आन्दोलनको मुख्य माग संघीयता र स्वशासन भएकोले भूमि सम्बन्धी निम्नलिखित सवाललाई समेट्दै समाधान गरी मधेशलाई समृद्ध बनाउने समग्र नेपाललाई समृद्धितिर उन्मुख गर्दछ ।

- बढ्दो भूमि खण्डीकरण रोकी चकलाबन्दी कार्यक्रम लागू गर्न ।
- मधेशको संरचनात्मक गरिबी र बेरोजगारीलाई उन्मूलन गर्ने ।
- मधेशमा सुकुम्बासी र भूमिहिनताको समस्या उन्मूलन पार्ने ।
- किसान बैंक र भूमि बैंकको स्थापना र प्रभावकारी र सुलभ ऋण सेवामा जोड दिने ।

यसका लागी कसैलाई हानी नगरौं भन्ने विधि (Do No Harm Analysis–DNH) द्वारा "मिव्य वस्थापनका सारभ "त तत्वलाई आत्मसात गरी सम्पूर्ण मधेशीलाई सम्मानका साथ भूमि माथीको स्वामितवको हक स्थापित गर्दै समृद्धि राष्ट्रिय उन्नतीका साथ अगाडी बढने निति अवलम्बन गर्नं पर्ने ।

१३. श्रम

राष्ट्रको आर्थिक विकासमा श्रम, सीप, समर्पण र सृजनाद्धारा महत्वपूर्ण योगदान पूऱ्याउने वर्ग श्रमिक वर्ग हुन् । श्रमिक हित, उद्योग हित, मधेश हित एवं देश हित हाम्रो मुलमन्त्र हो । यसै मुलमन्त्रलाई आत्मसात गर्दै अघि वढ्नु जरुरी छ । संगठित श्रमिकको भन्दा असंगठित क्षेत्रका श्रमिकहरुको अवस्था झन कमजोर र दयनिय रहेको छ । त्यसमा पनि महिला, दलित, जनजाति र विपन्न वर्गका श्रमिकहरुको अझै नाजुक अवस्था रहेको छ । मधेशी श्रमिक वर्गलाई झनै उत्पीडनमा पारिएको छ । हरुवा चरुवालाई राज्यले हालसम्म परिचयपत्र नदिदा राज्य बाट हरुवा चरुवाका लागि छुट्याइएको सुविधा पनि उनीहरुले पाउन सकेका छैनन् । उद्योगहरुमा कार्यरत श्रमिकहरुको विमा निर्धारण, उपदान, पेन्सन, समय-समयमा स्वास्थ्य परिक्षण, औषधोपचारको व्यवस्था, राशन कार्डको व्यवस्था, दक्ष श्रमिक बनाउन तालिमको व्यवस्था लगायत श्रमिकहरुको हितका लागि नयाँ नयाँ समयसापेक्ष योजना तर्जुमा गरिनु पर्दछ ।

रोजगारः नेपाल अल्पविकसित मुलुक मध्येको एक हो । यहाँका कूल जनसंख्या मध्ये वेरोजगार र अर्ध वेरोजगारको संख्या ४८% रहेको छ । खाद्यान्न, वसोवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य तथा न्यूनतम भौतिक सुविधाबाट वञ्चित जनसंख्याको अनुपात ठूलो छ । त्यसमा पनि मधेशका जिल्लाहरुमा वेरोजगारको संख्या दिनानुदिन बढ्दै गएको छ । राज्यले मधेशमाथि वर्षौदेखि गर्दै आएको विभेद पुर्ण व्यवहारका कारण मधेशीहरु झन्-झन् वेरोजगार हुँदै गइरहेका छन् । आर्थिक विकासको सुस्तता, अर्थतन्त्रमा संरचनात्मक परिवर्तनको अभावले गर्दा मधेशमा ९.४% भन्दा बढी रोजगार श्रम शक्ति अनौपचारिक क्षेत्रमा रहनु, ग्रामिण क्षेत्रमा अर्धवेरोजगारीको बाध्यता कायम रहनु, प्रत्यक्ष वेरोजगारीको अनुपात बढ्दै जानुले झन् जटिलता थप्दै गएको छ । उनीहरुको आर्थिक तथा सामाजिक असुरक्षा पनि बढ्दै गएको छ ।

वेरोजगारी अन्त्य तथा उच्च मानविय विकासको आधारमा पछौटेपनमा वाँच्न बाध्य मधेशी समुदायको सशक्तीकरण गर्न आवश्यक देखिएको छ । त्यसर्थ निम्न उल्लेखित कार्यहरु गर्न टड्कारो आवश्यकता देखा परेको छ ।

- हर हातलाई काम र हर परिवारमा रोजगारी अभियान सञ्चालन गर्ने,
- रोजगारी बढाउनका लागि सीप मुलक र व्यवसायिक शिक्षामा उच्च प्राथमिकता दिने,
- श्रम मुलक प्रविधिलाई प्राथमिकतामा राखि विकास निर्माण कार्यलाई अगाडी बढाउने,
- विकास निर्माण कार्यमा श्रममुलक प्रविधिलाई प्राथमिकता दिने,
- ग्रामिण कृषि सडक, सिंचाई, खानेपानी आयोजना, स्वास्थ्य संस्था, विद्यालय, सामुदायिक भवन लगायतका निर्माण तथा मर्मत सम्भारका कार्यहरु र विकेन्द्रित विकासका कार्यक्रमहरु मार्फत् क्षमता वृद्धिका कार्यक्रमहरु स्थानिय तहमा लागु गरी काम र रोजगारीको अवसरहरु सृजना गर्ने,

- मधेश कृषि प्रधान क्षेत्र भएको कारणले कृषिजन्य उद्योगहरुको स्थापना सामुदायिक रुपमा गरी युवा वेरोजगारहरुलाई प्रेरित गर्दै उत्पादनमुलक कार्यहरुमा संलग्न गराउने र उनीहरुकै सहभागितामा संचालन गरी स्थानीय तहदेखी नै रोजगारीका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी वनाउने,
- आवश्यक तालिम तथा सीप विकासका कार्यक्रमलाई स्थानिय तहदेखि नै अभियानको रुपमा संचालन गरी रोजगारीको लागि अवसरहरु सुनिश्चित गर्ने,
- सीपमुलक तालिम, कटिर र साना उद्योगको विकास, व्यवसायीक र सघन खेती प्रणाली लगायतका विकासका कर्यक्रमहरु वेरोजगारीलाई लक्षित गरि तयार पार्ने,
- शैक्षिक वेरोजगारहरुलाई सीपम'लक तालिम र सहुलियतपुर्ण ऋणको व्यवस्था गरी स्वरोजगारीमा लाग्न प्रेरित गर्ने,
- वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित र विश्वासनिय वनाउदै मर्यादित कामका लागि विशेष प्रकारका तालिमको व्यवस्था गरेर मात्र विदेश जाने व्यवस्था गर्ने। विपन्न परिवारका युवाहरु वैदेशिक रोजगारीमा जाँदा विनाधितो ऋणको व्यवस्था गर्ने तथा
- रोजगारीको लागि ग्रामिण य'वा एवं महिलाको लागि गाउँ गाउँमा पुग्ने गरी मोवाइल तालिमको व्यवस्था गरी दक्ष जनशक्ति तयार गर्ने र तालिम प्राप्त दक्ष जनशक्तिलाई मात्र वैदेशीक रोजगारमा जाने अनुपति दिनु पर्दछ।

१४. महिला वालवालिका एवं वृद्ध-वृद्धा

मधेश भित्रका महिला, राज्य एवम् आफ्नै समाजद्वारा पनि पहिचानको संघर्षमा रहेका छन्। उनीहरुको पहिचानको आन्दोलन आफ्नै समाज र राज्य दुवैसंग छ। जबसम्म महिलाहरुको विकास अर्थात उनीहरुको शसक्तीकरणमा यो समाजले विशेष अभिरुची राख्दैन तबसम्म यसको शसक्तिकरण हुन सम्भव छैन। सामाजिक, राजनितिक एवं साँस्कृतिक रुपमा महिलाहरुको सक्रिय भूमिकाको लागी उनीहरुको मुलभुत आवश्यकतालाई परिपुर्ति गर्नँ पर्ने हुन्छ।

शिक्षा, स्वास्थ्य, सम्पतिमा अधिकार, रोजगारीको अवसर, रोजगारीका लागी विभिन्न प्रकारका सरकारी सेवा एवं सुविधाहरुको अवसर उपलब्ध गराउने, सामाजिक कुप्रथा जस्तै दहेज प्रथा, वाध्यात्मक घुम्टो प्रथा, वोक्सी आरोप, बालविवाह, वहुविवाह, धर्मको नाममा हुने शोषण, विभेद अन्त्य गर्ने, छोरी हुनाकै कारणले भुण हत्या गर्ने जस्ता क्रियाक्लापलाई रोक्ने निती व्यवहारमा लागु हुनु पर्दछ। राज्यको प्रत्येक तह र निकायमा मधेशी महिलाको पहुचलाई पनि सुनिश्चित गर्नँ यस्को लागी निम्नअनुसार रणनीतिक योजना लागु गनु पर्दछ।

- राज्यका सवै क्षेत्र तहमा मधेशी महिलाको समानुपातिक तथा समावेशी सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने।
- लैङ्गिक समानतासंग सम्बन्धीत राष्ट्रीय तथा अन्तराष्ट्रीय सन्धि तथा दस्तावेजको कार्यान्वयन अनुगमन गर्ने।

- मधेशी महिलाको न्यायमा पहुँच, कानूनी शासन, लेङ्गिग समानता र शान्तिको सँस्कृतिको सुदृढिकरण गर्ने ।

घरेलु हिंसा नियन्त्रण

- घरेलु हिंसा नियन्त्रण ऐन र अन्य कानूनहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने र यस्ता हिंसाका दोषिहरुलाई कडा कानूनी कारवाही गर्ने ।
- महिला विरुद्ध भएका हिंसाका घटनाहरुका लागी राष्ट्रिय तथ्याङ्क संकलन प्रणाली निर्माण गर्ने ।
- महिला र पुरुषलाई समान अधिकार रहने कुरा सुनिश्चित गर्न कानून व्यवस्थाहरु गर्ने ।

राजनितिमा महिला समावेशिकरण

- ग्रामिण महिलाहरुकालागी पहिचान, समावेशीकरण तथा नेतृत्व विकासमा सहयोग गर्ने ।
- जिल्ला स्तरमा महिला नेतृत्वको भूमिकामा प्रभावकारिता ल्याउन उनिहरुको क्षमता अभिवृद्धी गर्ने ।
- राजनितिमा महिला समावेशीकरणको लागी निरन्तर दवाव सृजना गर्न दवाव सम"ह निर्माणको लागी सहयोग गर्ने ।
- राजनितिमा महिला समावेशीकरणको मुद्दामा निरन्तर वकालत, युवा सशक्तिकरण तथा सचेतिकरण गराउने ।
- सिमान्तकृत तथा वहिष्करणमा परेका महिलाहरुको सवाल तथा मुद्दालाई सम्वोधन गराउने ।
- राज्य संचालनमा पनि मधेशी महिलाको भूमिका नेतृत्वदायी गराउने ।
- मधेशी महिलाको आर्थिक, सामाजिक, साँस्कृतिक र नागरिक तथा राजनितिक अधिकारलाई कार्यान्वयन स्तरमा सुनिश्चित गराउने ।
- मधेशी महिलाको शैक्षिक, स्वास्थ्य, सामाजिक, आर्थिक स्थितीमा सुधार गर्ने ।
- प्राकृतिक स्रोत तथा साधनमा मधेशी महिलाको पहुच तथा नियन्त्रण स्थापित गराउने ।
- राजनितिमा मधेशी महिला र पुरुष विचको लैङ्गिक विभेदलाई अन्तय गर्ने ।
- मधेशी महिलालाई राजनीतिक, आर्थिक र प्रशासनिक सवै क्षेत्रमा समावेश गराउने ।

वृद्ध-वृद्धा एवम ज्येष्ठ नागरिक

हाम्रो समाजमा आधुनिकताको तडकभडकमा मानिसहरुले संस्कार र सम्मान गर्ने परिपाटी विर्सिदै गएको देखिएको छ । खासगरी शहरी जीवनमा परिवार शब्दलाई पति-पत्नी र सन्तानमा मात्रै सिमित राख्ने सोच हावी हुँदै गएको छ । ज्येष्ठ नागरिक आफैले बनाएको

घरमा असहाय र आफैले जन्माएको सन्तानवाट अपहेलित भएका छन् । असहाय वृद्ध-वृद्धाको संख्या दिनानुदिन बढदै गएको छ । यसकोलागी :

- समाजमा चेतनाको अभिवृद्धि गराउने कार्य गर्ने ।
- आफ्नै बाबु आमालाई असहाय छोडने र अपहेलित गर्ने सन्तानलाई कान नको दायरामा ल्याउने ।
- राज्य र विभिन्न संघ संस्थाले जिम्मेवारी साथ असहाय वृद्ध-वृद्धाको गाँस/वाँस/कपासको लागी आवश्यक बन्दोवस्त गर्ने ।

१५ युवा

युवा राष्ट्रको अमूल्य शक्ति हो । परिवर्तनका संवाहक मानिने युवा भविष्यको कर्णधार मात्रै होइन वर्तमानको सञ्चालक, साझेदा र संरक्षक पनि हुन् । राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनका वाहक युवा साहस र पौरखका पर्यायवाची पनि हुन् । नेपालको राष्ट्रिय युवा नीतिले परिभाषित गरेअनुसार १६ देखि ४० वर्षको उमेर समूहलाई युवा जनाउँदछ । त्यसको आधारमा नेपालको जनगणना २०६८ अनुसार युवाको जनसंख्या लगभग ४० प्रतिशत हुनआउँछ । यसरी क्षमता र संख्या दुवै हिसाबले महत्वपूर्ण मानिने युवालाई जीवनको सबै पाटोमा सहभागिता गराइनु जरुरी देखिन्छ ।

सबैखाले परिवर्तनमा अग्रणी भूमिका निर्वाह गरेका युवालाई अवसरमा जहिले पनि पछाडि पारिन्छ । त्यसैले, राष्ट्रिय युवा नीतिको आवश्यकता छ । युवा नीतिले जहिले पनि न्याय र नैतिकताको पक्षमा युवालाई उभिन प्रेरित गर्नु पर्दछ । स्वच्छ सामाजिक जीवनयापन, रचनात्मक, सिर्जनात्मक, अनुशासित, दायित्वबोध, क्षमतावान, नागरिक चेतना जस्ता गुणहरु युवामा विद्यमान गराउन युवा नीतिले मद्दत गर्नुपर्दछ । युवा नीति मार्फत् युवाहरुमा आन्तरिक क्षमताको विकास गरेर मुलुकबाट युवा शक्ति पलायनलाई रोक्नुका साथै आत्मनिर्भर र स्वाभिमानी बनाउन आवश्यक सीप र ज्ञानको परिपूर्ति गरिनु पर्दछ । अध्ययन, रोजगारी, जीविकोपार्जन र अवसरको खोजीमा युवाहरु विदेश पलायन भइरहेका छन् । जसले गर्दा विज्ञ र विशेषज्ञको सेवाबाट मुलुक नै वञ्चित हुनु परिरहेको छ । दक्ष र योग्य युवा शक्तिलाई देशभित्र अवसर सिर्जना गर्न नसक्नुको मुख्य कारण जनशक्ति उत्पादन र बजारको मागबीच सामञ्जस्य कायम हुन नसक्नु हो । जसले गर्दा युवाहरु बेराजगार भई विदेश पलायन हुनु परेको छ । त्यसकारण, युवाहरुको ज्ञान, सीप, अनुभव, ऊर्जा र सिर्जनशीलतालाई राष्ट्रिय विकासमा मूल प्रवाहीकरण गर्ने तर्फ युवा नीति तथा कार्यक्रम निर्देशित हुनुपर्दछ ।

संयुक्त राष्ट्रसंघले युवाहरुका निम्ति पारस्परिक सम्मान, शक्ति, जनताबीच समझदारी अभिवृद्धिका लागि घोषणापत्र १०६५ जारी गरी ६ वटा सिद्धान्त अवलम्बन गरी सदस्य राष्ट्रहरुलाई लागू गर्न आग्रह गरेका छन् । यसका अतिरिक्त नेपालको सन्दर्भमा निम्न नीतिहरु युवा नीतिभित्र समेट्नुपर्ने देखिन्छ ।

- राज्यले सबै युवालाई शिक्षा र सबैलाई रोजगारको नीति लिनुपर्ने ।
- नीति निर्माणको ठाउँमा यूवाहरुको सार्थक सहभागिता गराउनूपर्ने ।
- आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक निकायमा सहभागिता गर्नुपर्ने ।
- रोजगारी, क्षमता र उद्यमशीलताको विकास गर्नुपर्ने ।
- मधेशी युवालाई विशेष प्राथकिताकासाथ पिछडिएका वर्ग, समुदाय र क्षेत्रका युवालाई विशेष संरक्षण गर्नु पर्ने ।
- विज्ञान तथा प्रविधिको माध्यमले अन्वेषण अनुसन्धानमा प्रोत्साहन गर्नुपर्ने ।
- बौद्धिक युवा प्रतिभा पलायन रोक्न राज्यले स्पष्ट नीति लिनुपर्ने ।
- खेलकुद, शारिरीक, मानसिक विकासको अवसर प्रदान गर्नुपर्ने ।
- युवा स्वरोजगारद्वारा बेरोजगारी समस्या समाधान गर्नु पर्ने ।
- व्यवसाय संचालनका लागी सहुलियत ऋण उपलव्ध गर्नुपर्ने ।
- सुरक्षा निकाय, सेना, प्रहरी लगायत राज्यको हरेक अंग, तह र निकायमा युवाको समानुपातिक समावेशिता गर्नुपर्ने ।
- लागु औषध, दुर्व्यसनी, एच.आई.भि, संक्रमित, अपाङ्ग र तेस्रो लिङ्गी युवाको बारेमा स्पष्ट नीति लिनूपर्ने ।
- युवा नीति कार्यक्रमहरु बनाउँदा पूर्ण समानुपातिक समावेशी मधेशी, जनजाति, दलित, महिला, मुस्लिमलाई ध्यानमा राखेर गर्नुपर्ने ।

१६. खेलकुद

अनुशासित, विकसित, स्वस्थ्य एवं रोजगार मुलक नागरिक निर्माण प्रक्रिया नै खेलकुद हो । नेपाल सरकारको उदासिन एवं प्रभावहीन, निती तथा कार्यक्रम र राष्ट्रिय खेलकुद परिषदले अबलम्बन गरेको **"राम्रो होइन हाम्रो"** गलत सिद्धान्तद्वारा खेल र खेलाडी चयन प्रक्रियाको कारण नेपाल अहिलेसम्म अन्तराष्ट्रिय खेल जगतमा राम्रो पहिचान स्थापित गर्न सकेको छैन ।

अबको बदलिदो नेपाललाई खेलकुदको माध्यमवाट अन्तर्राष्ट्रीय जगतमा पहिचान एवं सम्मान स्थापित गर्नको लागी **"हाम्रो होइन राम्रो"** नीतिलाई अबलम्बन गरी खेल र खेलाडीलाई ध्यानमा राखेर निती तथा कार्यक्रम बनाउने देखि कार्यान्वयन सम्मको जिम्मेवारी पूरा गर्नुको साथै राष्ट्रिय खेलकुद परिषदलाई आधुनिकिकरण एवं सुधार गर्दै खेलकुदका सबै ईकाइहरु जस्तैः नेपाल फुटबल संघ, नेपाल क्रिकेट संघ, नेपाल ओलम्पिक संघ, नेपाल कुस्ती संघहरु जस्ता सबै खेलहरुलाई प्रादेशिक संरचनामा गठन गर्ने र प्रादेशिक खेलकुद संरचना अन्तर्गत क्षेत्रीय, जिल्ला, नगर तथा गाँउ खेलकुद विकास समितिहरुको गठन गर्ने ।

- देशभर छरिएर रहेका खेल एवं खेलाडीहरुलाई पहिचान गरी प्रतिस्पर्धी विभेद रहित प्रणालीवाट चयन गर्ने ।
- चयन गरिएको खेलाडीहरुलाई अन्तराष्ट्रिय स्तरमा प्रशिक्षण एवं सुविधा उपलब्ध गर्ने ।
- खेलकुदलाई अभियानको रुपमा लिई सम्पूर्ण राजनितिक दल, स्थानिय निकाय, विश्वविद्यालय, विद्यालय, उद्योग, पेशागत संघ संस्थाहरुलाई खेलकूद संग जोड्ने ।
- खेलकुद माध्यमवाट युवा रोजगारको अवसर सृजना गर्ने ।
- गाँउ, नगर, जिल्ला, क्षेत्र, एवं प्रादेशिक लिग म्याचहरुको आयोजना गर्ने । साथै खेलाडी चयन प्रक्रियामा श्रव्यदृष्य सामग्री प्रयोग गर्ने ।
- खेल एवं खेलाडीको योग्यता एवं अनुभवका आधारमा प्रमाणपत्रलाई धितो स्वरुप राखी सहज वित्तिय ऋृणको व्यवस्था गर्ने ।
- राष्ट्रिय एवं अन्तराष्ट्रिय खेलाडीहरुलाई विमा र पेन्सनको व्यवस्था गर्ने ।
- तराई-मधेशका जनधनत्व भएका शहरमा राष्ट्रीय एवम् अन्तर्राष्ट्रीय स्तरका स्टेडियम एवं कभर्ड हलको निर्माण गर्ने ।
- नेपाललाई खेलकुद मार्फत अन्तराष्ट्रिय जगतमा पहिचान एवं सम्मान स्थापित गराउन हाम्रो लक्ष्य हुनेछ ।

१७. सुचना, सुचना प्रविधि र सञ्चार

निर्वाध सुचना प्रवाह, आधुनिक सुचना प्रविधिमाथि जनताको सहज पहुँच र पुर्ण प्रेस स्वतन्त्रता नागरिक अधिकारको विषय मात्र नभएर लोकतन्त्रका आधार स्तम्भहरू हून् । सुचना प्रविधिको विकासले आज विश्व एक Global-Village मा परिणत भएको छ । घर बसी-बसी केही क्षणमै विभिन्न विषयसंग सम्बन्धीत वहु-आयामी जानकारी सूचना प्रविधिको सहायताले पाउन सकिने भएको छ । किसान, व्यापारी, विद्यार्थी, शिक्षक, डाक्टर, इन्जिनियर लगायत विभिन्न पेशाकर्मीलाई आफ्नो कार्यक्षेत्रमा थप जानकार गराउँदै सक्षम र प्रतिस्पर्धी बनाउन यस प्रविधिको एउटा अंगको रुपमा रहेको इन्टरनेटले पनि महत्वपूर्ण भूमिका खेलेको छ । ग्रामीण विद्यालय, अस्पताल, कृषि, बजार, सुरक्षा निकायका कार्यालय लगायत कैयौ ठाउँमा यो अत्यन्त आवश्यक हुन पुगेको छ । हाल केही ठाउँमा यो सजिलै उपलब्ध भएपनि धेरै ठाउँमा यो अत्यन्त महँगो र केही ठाउँमा अझै साधारण व्यक्तिको पहुँच भन्दा बाहिर रहेको छ । राजधानी र यसको वरिपरिका क्षेत्र र दुर दराजका गाउहरुविच यसको अनुपलब्धताले जानकारी आदान-प्रदानको स्तरमा ठूलो खाडल खडा गरेको छ । मधेश जस्तो सुगम ठाँउमा पनि इन्टरनेटको सहज पहुच हुन बाँकी नै छ र लाखौं आज पनि यसको दायरा भन्दा वाहिर रहेर विसौं शताव्दीमा बाच्नु पर्ने बाध्यता छ । तसर्थ अप्टिकल फाइबर, केबुल र अन्य प्रविधिको विस्तारले इन्टरनेटको उपलब्धताको दायरा विस्तार गर्न आवश्यक हुन गएको छ ।

त्यसै गरिकन प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनु पर्दछ । हरेक किसिमको सञ्चार माध्यम र मिडियामाथि शहरमा बसोबास गर्नेहरुको मात्र होइन सुदुर ग्रामीण क्षेत्रका बासिन्दाको पनि पहुँच हुन जरुरी छ । खासगरी सरकारद्वारा सञ्चालित नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र, रासस सहितका सञ्चार संस्थाहरु सरकारको मुखपत्र नभई यिनीहरुलाई आमनागरिकको आवाजको रुपमा परिणत गर्न जरुरी छ । यसको लागि यि संस्थाहरुलाई पूर्ण स्वायत्तता प्रदान गर्न आवश्यक देखिन्छ । यसको साथै सबैको आवाजलाई समेट्नका लागि समाचार र विचार डेस्क समावेशी र समानूपातिक हुन जरुरी छ । पहिलो चरणमा यसको शुरुवात सरकारी सञ्चारमाध्यमहरुबाट गर्नु पर्दछ भने निश्चित समयसीमा भित्र निजी सञ्चारमाध्यम पनि समावेशी र समानुपातिक नीतिमा अघि बढनु पर्दछ । सरकारी र निजी स्तरमा सञ्चालित केही सञ्चारमाध्यमहरु आर्थिक समय समयमा विभिन्न प्रभावमा पर्ने गरेको हुनाले हुनाले यसको दुरुपयोगको सम्भावना पनि उत्तिकै देखिन्छ । यसतर्फ समयमै सचेत हुनु पर्ने आवश्यकता रहेको छ ।

सञ्चार जगतलाई आम नागरिकको आवाजको रुपमा मुखरित गर्न निम्न नीतिहरु अवलम्वन गर्नुपर्दछ :

- अभिव्यक्तीको स्वतन्त्रता, प्रेस-स्वतन्त्रता र प्रत्येक नागरिकले सूचना प्राप्त गर्न सक्ने हकको सम्मान हुनु पर्दछ र जनता, समाज र देशको हितमा आफ्नो अभिव्यक्ती निर्वाध रुपले राख्न पाउनु पर्दछ । यसमा कही, कतै र कसैवाट अवरोध गर्न पाइदैन ।
- समाचार र विचार डेस्क समावेशी र समानुपातिक हुनुपर्दछ । पत्रकार एवम् कर्मचारी नियुक्त गर्दा यस तर्फ गम्भीरतापूर्वक विचार पुरयाउनु पर्दछ ।
- विभिन्न वर्ग, जात र समुदायको प्रतिनिधित्व झल्किने खालका सकारात्मक समाचारहरुका साथै कृषि, स्वास्थ्य विज्ञान, उद्योग-धन्दा, अर्थ-वाणिज्य, विकास र अधिकारसंग सम्बन्धित समाचारहरुलाई पनि उत्तिकै प्राथमिकताका साथ सम्प्रेषण गर्न पत्रपत्रिकाहरुले पृष्ठ छुट्याउन विद्युतीय सञ्चार माध्यमहरुले निश्चित समयावधि छुट्याउन न्याय संगत हुन्छ ।
- सरकारको विज्ञापन नीति पारदर्शी नभएको हुनाले पारदर्शी विज्ञापन नीति बनाईनु पर्दछ । केन्द्रका सञ्चार माध्यमहरुका साथै मोफसलका समाचार माध्यमहरुले पनि लोक कल्याणकारी विज्ञापनका साथै सरकारी सूचना र विज्ञापनहरुमा समान पहुंच पाउनु पर्दछ ।
- प्रेस काउन्सिलको स्थानमा मिडिया काउन्सिल बनाई पत्रपत्रिकाका साथै सम्पूर्ण सञ्चारमाध्यमलाई मूल्याङ्कन र अनुगमन गर्न आवश्यक देखिन्छ । संघीय संरचना अनुसार यस्ता मिडिया काउन्सिल केन्द र प्रदेश दुवै स्तरमा हुनुपर्दछ । यसप्रकार गठन हुने मिडिया काउन्सिल सरकारको समन्वयमा कार्य गर्ने तर पूर्ण स्वायत्त रहनुपर्दछ ।
- विज्ञापन एजेन्सीहरुले विज्ञापन प्रदान गर्दा सञ्चारमाध्यमहरुको अवस्थिति भन्दा पनि

जुन क्षेत्रमा उत्पादनहरु बढी प्रयोग हुन्छ त्यहाँका सञ्चार माध्यमहरुलाई लक्षित गरी विज्ञापन वितरणको प्राथमिकता निर्धारण गरिनुपर्दछ। यसको अनुगमन एवम् मूल्याङ्कन गर्ने छुट्टै स्वायत्त निकाय गठन गर्न जरुरी छ।

- सञ्चारमाध्यममा काम गर्ने कामदार, कर्मचारी एवम् पत्रकारहरुको सम्मानजनक पारिश्रमिक नीति तयार गर्नुपर्दछ। मुल्य वृद्धि एवम् सरकारद्वारा कर्मचारीहरुको गरिने तलब वृद्धिसंगै स्वतः उनीहरुको पनि तलब वृद्धि गरिनु पर्दछ।
- एउटा निश्चित मापदण्ड बनाई पत्रकारहरुको सम्मानजनक पेन्सनको व्यवस्था गरिनु पर्दछ।
- सञ्चारमाध्यममा काम गर्ने कामदार, कर्मचारी र पत्रकारको योग्यता सम्बन्धी नीति बनाईनु पर्दछ।

अन्त्यमा...

राष्ट्रिय जनता पार्टी राष्ट्रीय जिम्मेवारी वहन गर्ने क्षमता भएको तराई-मधेशलाई मुख्य कार्यभूमि वनाएर सम्पूर्ण देशको विकासको लागी कटिबद्ध रहेको जिम्मवार राजनीतिक दल हो। यसले लोकतन्त्र, खुला बजार, मिश्रित अर्थ-व्यवस्था, स्वस्थ प्रतिस्पर्धा र समावेशी एवम मानविय विकासको अवधारणालाई आधार बनाउदैं तराई-मधेश र सम्पूर्ण देशलाई एक्यवद्धता गर्दै नेपाललाई एक्काइसौ शताब्दीको आधुनिक मूलुक वनाउने लक्ष्य लिएको छ। यसले ग्रामीण विकासको लागी राज्यले र शहरी विकासको लागी निजी क्षेत्रले वढी अभिभाारा वहन गर्नुपर्ने कुरामा विश्वास गर्छ भने कृषि, वन र स्थानिय विकासको लागि सहकारीलाई पनि प्रभावकारी रुपमा प्रयोग गर्नँ पर्ने यथार्थलाई आत्मसाथ गर्दछ।

द्रुतगतिमा भइरहेको भूमण्डलीकरणको पृष्ठिभूमिमा अन्तर्राष्ट्रीय पूंजी, अन्तर्राष्ट्रीय बजार र अन्तर्राष्ट्रीय प्रविधिको अनिवार्यतालाई स्वीकार गर्दै स्वदेशी वजार, पूजी र प्रविधिको जगेर्ना र तिनलाई परिस्कृत गर्दै नेपाललाई विश्व समुदायसंग जोड्नु पर्ने अहिलेको अर्को आवश्यक्ता हो। पर्याप्त कृषि योग्य भूमि, अपार जल सम्पदा, अद्वितीय प्रकृतिक सौन्दर्य संस्कृति र सवल युवाशक्तिलाई प्रमुख श्रोतको रुपमा पहिचान गर्दै आधुनिक कृषि प्रणालीको प्रयोग, अन्न आयातको प्रतिस्थापन, उच्च-मूल्य कृषी पैदावरको निर्यात, सिंचाइको विस्तार, जलविद्युत आयोजनाहरुको निर्माण, पर्यटन व्यवसायको थप विस्तार र विकास एवम युवा-जनशक्तिको अत्याधिक प्रयोगकोलागी उद्योग र कारोवारको विकास गर्नु नेपालका लागी सर्वोत्तम विकल्पहरु हुन्।

तर भौतिक निर्माण एवम आर्थिक समृद्धीका लक्ष्य प्राप्तीको प्रयासमा महिला, वालवालिका, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, असक्त, मधेशी, दलित, थारू, मुश्लिम, आदिवासी, जनजाति एवम समाजमा पछि परेका अन्य वर्ग, समूदाय र जातजातिलाई विशेष ध्यान पूऱ्याउनुपर्छ

भन्ने कुरामा राजपा नेपाल सजग छ । साथसाथै देशको अन्तराष्ट्रिय छवि, वहुराष्ट्रीय र अन्तराष्ट्रीय संघ-संस्थासंगको सार्थक सम्वन्ध र दातृ एवम मित्र राष्ट्रहरुसंगको सहज सहकार्य आदि विषयमा पनि राजपा नेपाल सचेत छ । विशेष गरिकन विश्वका दुई आर्थीक शक्ती राष्ट्रहरु एवम हाम्रा निकटतम छिमेकी मित्र राष्ट्रहरु भारत र चिनसंग नेपालले विशेष संवध कायम गर्दै अत्याधिक सहकार्यमा जोड दिदैव्यापार, अद्यौगिककरण एवम आर्थिकलाभका अन्य कार्यक्रमहरु सञ्चालन गर्नँ पर्दछ । यसको साथै नेपाल र भारत विच विद्धमान एतिहासिक सम्वन्धलाई अझ वढी घनिभनत पार्नु पर्छ ।

समग्रमा राजपा नेपालको नीति तथा कार्यक्रमहरु तराई-मधेशलाई प्राथमिकतामा राख्दै, सम्पूर्ण देशको विकास मानविय तरिकाले देशको श्रोत साधनको पूर्ण उपयोग एवम स्वदेशी र विदेशी लगानी साथै प्रविधिको अधिकतम प्रयोगले उच्चतम आर्थिक वृद्धि हांसिल गर्दै समावेशी विकास गर्ने दिशामा केन्द्रीत रहेको छ ।



सबैको पहिचान, सबैको अधिकार,
राजपालाई मत, एक मात्र आधार ।

राष्ट्रिय जनता पार्टी नेपाल

केन्द्रीय कार्यालय : बबरमहल, काठमाडौं

राजपा नेपाललाई तपाईको मत किन...

१. मधेश, थरुहट तथा पहिचान र अधिकारका लागि भएका हरेक विद्रोह र आन्दोलनको क्रममा शहादत दिएका र घाइते भएका हरेक जीवित र मृत शहिदहरुको सपनालाई साकार पार्न,

२. नेपालबाट सबै खाले विभेदको कानुनी अन्त्य गर्दै सबै नेपालीको परिचयलाई सम्मान गर्ने, सबैको अधिकार सुरक्षित गर्ने, प्रदेशको सिमांकन सच्याउने र राष्ट्र निर्माणको गहन अभिभारामा सबैलाई समावेश गराउने गरी संविधानलाई पूर्णता प्रदान गर्न र

३. देशमा जारी दशकौं लामो राजनीतिक अस्थिरता र अनिश्चिततालाई सधैंका लागि अन्त्य गर्दै मुलुकलाई शान्ति, समृद्धि र सफलताको पथमा डोर्याउने समावेशी र सक्षम राज्य व्यवस्थाको जग बसाल्न ।

